# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष २ अङ्क १२ पूर्णाङ्क ६१ | २०७४ भदौ १९ गते सोमबार | Monday, September 4, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-

## सहिदका बुवा भक्तपुर क्यान्सर अस्पतालमा भर्ना

काठमाडौं । क्यान्सरजस्तो प्राणघातक रोगबाट थलिएर काठमाडौंको केएमसी अस्पतालमा एक हप्तादेखि उपचार गराइरहेका जनयुद्धका शहीद खड्ग राउतका बुवा रोमबहादुर राउतलाई थप उपचारका लागि भक्तपुरको क्यान्सर अस्पतालमा भर्ना गरिएको छ ।

मंगलबार केएमसीमा स्वास्थ्य स्थितिको जनाकारी लिन पुगेका नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'लाई शहीदको सपना पूरा गर्ने विश्वास तपाई र तपाईहरुको पार्टीप्रति रहेको भन्दै 'शहीदको सपना मर्न नदिनुस्' भनेका सहिदका बुवा राउतलाई थप उपचारको लागि भक्तपुरको क्यान्सर अस्पताल रेफर गरिएको अस्पताल स्रोतले जनायो । उदयुपर कटारी नपा- ११, गोठडाँडा निवासी पीडित राउत पेटको क्यान्सरबाट पीडित हुनुहुन्छ । उहाँको जेठो छोरा खड्ग राउतलाई ०५८ साल जेठ ५ गते तत्कालीन शाही नेपाली सेनाले उदयपुरको त्रियुगा नपा-६ खैजनपुरमा सेल्टर लिएर बसेको अवस्थामा सुराकीको सूचनाको आधारमा घर घेरा हाली पक्डेर नजिककै जंगलमा लगेर हत्या गरेको थियो । उहाँ विध्यार्थी नेता हुनुहुन्थ्यो । उदयपुरको हर्देनी गाविस-१, गोठडाँडामा जन्मिएका शहीद खड्ग राउत सानै देखि विद्रोही स्वभावको हुनुहुन्थ्यो ।नेकपा (क्रान्तिकारी माओवादी) सल्यान जिल्ला ईञ्चार्ज मनोहर लामिछाने र सेक्रेटरी यज्ञ ओलीको उपस्थितिमा उक्त समिति गठन गरिएको छ ।

# राष्ट्रिय स्वाधीनताको मुद्दामा
# नौं वामघटकको कार्यगत एकता

**वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), नेपाल कम्युनिष्ट पार्टी लगायतका नौं वाम घटकहरुले राष्ट्रिय स्वाधीनताको मुद्दामा कार्यगत एकता गर्दै आएका छन् । केही समयअघिदेखि राष्ट्रियताको मुद्दामा कार्यगत एकता गर्दै आएका उनीहरुले नेपालका प्रम शेरबहादुर देउवाको भारत भ्रमणको पूर्वसन्ध्यामा एक संयुक्त प्रेस वक्तव्य जारी गरी १५ बुँदामा प्रम देउवाको ध्यानाकर्षण गराएका थिए ।

र भनेका थिए, "नेपाल र भारत प्राचीन कालदेखि निकट मैत्री सम्बन्ध भएका मुलुकहरु हुन् । नेपालले आफ्ना सबै मित्र राष्ट्रहरु र विशेषतः छिमेकी देशहरुसित पंचशीलको आधारमा सम्बन्ध सञ्चालन गर्ने अभ्यास गर्दै आएको छ । यद्यपि विगतमा यस सन्दर्भमा उतार-चढाव र कटु व्यवहार पनि नदेखिएका होइनन् । नेपाल सरकारका वर्तमान प्रधानमन्त्री श्री शेरबहादुर देउवा २०७४ भाद्र ७ गते भारत भ्रमणमा जाँदै हुनुहुन्छ । यस भ्रमण कालमा नेपालको पञ्चशीलको नीतिमा आधारित तटस्थ परराष्ट्र नीति कार्यान्वयन गर्न, राष्ट्रिय हित संरक्षण गर्ने सवालमा कुनै विवादित र अनुचित कार्य नगर्न र विगतमा भएका गल्ति कमजोरीहरुलाई सच्याउन गम्भीर ध्यानाकर्षण गराउन यो संयुक्त वक्तव्य जारी गरेका छौं ।"



विरोध र ध्यानाकर्षणका बाबजुद देउवाले भारतीय शासकवर्गसँग राष्ट्रघाती सम्झौता गरेपछि नौं वामघटकले पुनः संयुक्त वक्तव्य जारी गर्दै देउवाले गरेको राष्ट्रघातको घोर विरोध र भर्त्सना गरेका छन् र भनेका छन्, "भारत भ्रमणका क्रममा प्रधानमन्त्री देउवाले नेपालको स्वतन्त्रता, अखण्डता र सार्वभौमिकता विरुद्ध संविधान संशोधनको अभिव्यक्ति दिएका छन् । कोशी उच्च बाँधको डिपिआर तयार गर्ने, अरुण तेस्रो परियोजनाको सिलान्यास गर्ने र त्यसको लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई निमन्त्रणा दिने, पञ्चेश्वर परियोजनाको डिपिआर तयार गर्ने, माथिल्लो कर्णाली परियोजनाको कार्यान्वयन अगाडि बढाउने, भारतले सीमा क्षेत्रमा निर्माण गरेका संरचनाका कारणले नेपाली भूमि डुवानमा परी भएको क्षति र समस्याका बारेमा ठिक ढंगले विषयवस्तु नराखेको, विराटनगर स्थित भारतीय सुरक्षा क्याम्प हटाउन पहल नगरेको इत्यादी कुराहरु नेपालको राष्ट्रिय सार्वभौमिकता, स्वतन्त्रता तथा राष्ट्रिय हितका विरुद्ध रहेका छन् । उक्त कुराहरुको हामीले घोर विरोध र भर्त्सना गर्दछौं ।"

राष्ट्रिय स्वाधीनताको पक्षमा संयुक्त रुपमा सडक आन्दोलन समेत गर्दै आएका उनीहरुले प्रम देउवाले गरेको राष्ट्रघातका विरुद्धमा भाद्र १९ अर्थात् आज दुई बजे रत्नपार्कको शान्तिबाटिकामा "देउवाको भारत भ्रमण र राष्ट्रघातबारे" शीर्षकमा सडक अन्तर्क्रियाको आयोजना गरेका छन् । कुटनीतिज्ञ तथा विषय विज्ञहरु समेतको सहभागितामा गरिने उक्त सडक अन्तर्क्रियामा नौ वटै वामघटकका शीर्षस्थ नेताहरुको उपस्थिति हुने क्रान्तिकारी माओवादीका कार्यालय सदस्य रामसिंह श्रीसले जानकारी दिए ।

मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), मोहनविक्रम सिंह ...बाँकी ६ पेजमा

## दलित मुक्ति मोर्चाको बैठक सम्पन्न

**वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल दलित मुक्ति मोर्चाको केन्द्रीय समिति सचिवालयको विस्तारित बैठक सम्पन्न भएको छ । क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य 'किरण'को विशेष उपस्थितिमा सम्पन्न बैठकले मोर्चाका नेताहरु विष्णुप्रकाश नेपाली (कंचनपुर), टेकबहादुर विक (काभ्रे), राम नेपाली (गोरखा) र लिलाबहादुर विक (उदयपुर) लाई सचिवालयमा थप गर्दै प्रादेशिक संरचना अनुसार नेताहरुको कार्यविभाजन गरेको छ ।

मोर्चाका संयोजक अमर परियारको अध्यक्षतामा बसेको बैठकले १ नम्बरमा प्रदेशमा गोपाल विक, ३ नम्बर प्रदेशमा टेकबहादुर विक, ४ नम्बर मा राम नेपाली, ५ नम्बर गोपाल नेपाली, ७ नम्बर विष्णुप्रकाश नेपाली संयोजक रहने गरी कार्यविभाजन गरेको छ भने बाँकी २ र ६ नं. प्रदेशमा कार्यालयले हेर्ने निर्णय गरेको छ ।

पार्टी कार्यालय बुद्धनगरमा सम्पन्न मोर्चाको बैठकले अहिले पनि समाजमा विद्यमान भेदभाव, छुवाछुतका विरुद्ध र नेपालमा सर्वहारावर्गको रुपमा रहेका दलित समुदायको राजनीतिक, आर्थिक तथा समाजिक अधिकार प्राप्तिका निम्ति आन्दोलन उठानको सशक्त तयारीका लागि संगठन विस्तारमा जोड दिने निर्णय समेत गरेको छ ।

## 'सम्बन्धन स्थगन होइन खारेज हुनुपर्छ'

**वर्गदृष्टि संवाददाता**



काठमाडौं । चौतर्फीदबाबपछित्रिभुवन विश्वविद्यालयले काठमाडौं नेसनल मेडिकल कलेजलाई दिएको सम्बन्धन स्थगन गर्ने निर्णय गरेपनि सम्बन्धन खारेज गर्नुपर्ने माग नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले राखेको छ । घट्टकुलो स्थित नेसनल मेडिकल कलेजलाई अवैध रुपमा शैक्षिक माफियाहरुसँगको साँठगाँठमा एमबीबीएस अध्यापन स्वीकृति दिएको भन्दै सम्बन्धन खारेजीको माग राखेर भदौं ११ मा क्रान्तिकारीले त्रिवी कुलपतिलाई विरोध पत्र बुझाएको थियो भने भदौं १६ गते खारेजीकै पक्षमा 'काठमाडौं नेश्नल मेडिकल कलेजको सम्बन्धनको विवाद र खारेज' विषयक अन्तर्क्रिया कार्यक्रमको समेत आयोजना गरेको थियो ।

शिक्षा क्षेत्रमा निजीकरण, व्यापारीकरण, माफियाकरण र विदेशीकरण बढेर गएको भन्दै क्रान्तिकारीले शैक्षिक माफियाहरुले अवैधरुपमा संचालन गर्दै आएका शैक्षिक संस्थाहरुमाथि भौतिक कारबाही गर्दै आएको छ । क्रान्तिकारी अध्यक्ष सेवन्त राज भण्डारीले भने, "शैक्षिक माफियाहरुको अबैध साँठगाँठमा दिइएको काठमाडौं नेश्नल मेडिकल कलेजको सम्बन्धन स्थगन होइन, तत्काल खारेज गरिनुपर्दछ ।"

त्रिवि कार्यकारी परिषद्को शनिबार बसेको आकस्मिक बैठकले कलेजको सम्बन्धन हाललाई स्थगन गरेको छ । स्वास्थ्य मन्त्रालयले गठन गरेको छानबिन समितिले काठमाडौं नेसनलको शिक्षण अस्पताल वैध नभएको भनी प्रतिवेदन दिएपछि त्रिविले सम्बन्धन स्थगन गर्ने निर्णय गरेको हो । गत साउन १२ को परिषद् बैठकले काठमाडौं नेसनललाई सम्बन्धन दिएको थियो । शनिबारै स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले प्रस्तावित कलेजको शिक्षण अस्पताल पनि बन्द गराउने निर्णय गरेका छन् ।

## 'क्रान्तिको नेतृत्व गरेकाहरू नै प्रतिक्रान्तिको नेता'

सर्लाही । नेकपा (क्रान्तिकारी माओवादी) का वरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेलले एक समयमा क्रान्तिको नेतृत्व गरेका प्रचण्ड-बाबुराम नै प्रतिक्रान्तिको नेतृत्वमा पुग्दा क्रान्तिले धक्का खाएको बताएका छन् ।

जनगणतन्त्र स्थापनाका लागि चलेको जनयुद्धको नेतृत्व गरेका नेताहरु लोकतान्त्रिक गणतन्त्रमा नै रमाएर अघि बढ्न नखोजेको उनको भनाई थियो । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल सर्लाहीको प्रथम भेलाको उद्घाटन गर्दै मोर्चाका अध्यक्ष गजुरेलले १० वर्षसम्म चलेको जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजातिका विभिन्न आन्दोलनमा हजारौं सहिद, घाइते, अपांग, वेपत्ता र अंगभंग भएपनि जनताको पक्षमा संविधान बन्न नसक्नु दुःखद भएको बताए । प्रचण्ड-बाबुरामहरुले यो संविधानलाई संसारकै उत्कृष्ठ संविधान भएको बताउने गरेपनि यो संविधान प्रतिगामी संविधान भएकाले आम जनताले यसलाई स्वीकार नगरेको उल्लेख गरे । प्रतिगामी राजनीतिक व्यवस्थाविरुद्ध १० वर्षसम्म चलेको जनयुद्धको नेतृत्व तहमा रहेका प्रचण्ड र बाबुराम भट्टराई लगायतको नेतृत्वको ठूलो पंक्ति अन्ततः काँग्रेस र एमालेको कित्तामा पुगेको उल्लेख गर्दै उनले अहिलेका संसदवादी राजनीतिक दलहरुले भ्रमको खेती गरेर जनतालाई सपना बाँड्नुबाहेक केही पनि गर्न नसक्ने ठोकुवा गरे ।

जनयुद्धको बाटो र जनताका एजेन्डाबाट ठूलो पंक्ति पलायन भएपनि आफूहरु निरन्तर सो बाटोमा अघि बढिरहेको स्पष्ट पार्दै नेता गजुरेलले आफूहरुले अहिलेको पश्चगामी संविधान र लोकतान्त्रिक गणतन्त्रलाई परास्त गरी जनवादी गणतन्त्र स्थापनाका लागि देशभक्त जनगणतान्त्रिक मोर्चा निर्माण गरिएको स्पष्ट पारे । एक फरक प्रसंगमा उनले भारतले नेपालसँग असमान सन्धी सम्झौता गर्दै सीमा क्षेत्रमा अग्लो बाटो बनाएर पिच गरेका कारण तराईको नेपाली भूमी डुबानमा परेको बताए । नेपालको राष्ट्रियता र सीमा क्षेत्रमा हुने भारतीय दादागिरीका विरुद्ध सबैभन्दा बढी मधेसमा रहेका जनताले संघर्ष गर्नुपरेको उल्लेख गर्दै तराईबासी जनता राष्ट्रवादी भएको उनले उल्लेख गरे ।

अहिले पनि माओवादी केन्द्रले तराईमा आएर आम जनतालाई गुमराहमा राखेर क्रान्तिका ढोंगी कुरा गरिरहेको भन्दै बेलैमा सचेत बन्न तराईबासी जनतामा आग्रह गरे । अहिले क्रान्ति हारेको नभई केही पछि परेको उल्लेख गर्दै अध्यक्ष गजुरेलले संगठन निर्माण गरी शक्ति सन्चित गर्दै विभिन्न मोर्चामा बसेर क्रान्तिको नेतृत्व गर्न तयार रहन सबै कार्यकर्तालाई निर्देशन पनि दिए । सो कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादीका सचिवालय सदस्य तथा २ नम्बर प्रदेश इन्चार्ज कृष्णदेव सिंह दनुवार, देजमोका कार्यालय सदस्य तथा २ नम्बर प्रदेश संयोजक कमल चौधरी, क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा देजमोका कार्यालय सचिव हरिकृष्ण गजुरेल, सर्लाही जिल्ला सचिव बलराम न्यौपानेलगायले समेत आफ्नो मन्तव्य राखेका थिए ।

भेलाले ४१ सदस्यीय देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल सर्लाही जिल्ला समिति गठन गरेको छ । ठकन महतोको अध्यक्षतामा बनेको देजमो जिल्ला समितिको सचिवमा केशव प्रसाद न्यौपाने रहेका छन् ।



यसैगरी सदस्यहरुमा सजिद बल, दिलीप कुमार पाठक, कैलाश स्याङता मुकुन्द प्रसाद उप्रेती, शिव प्रसाद धिमाल, नारायण दनुवार, दुर्गा चौलागाई, तपस्वी ठाकुर, सुरेश साह, अजय कुमार श्रेष्ठ, भिम बहादुर लुङ्गेली, पुष्पकुमार डिम्डुङ, बुम्साङ लामा, जित बहादुर स्याङतान, दानबहादुर मोक्तान, कालीबहादुर विक, अमृत विक, चित्र बहादुर विक, रामबहादुर विक, कमलेश राउत, उद्धवबहादुर विक, मिनबहादुर गोले, सोमबहादुर ल्हो, कर्मलाल घलान, लोकबहादुर खड्का, कुमार बर्तौला, राम लखन साह, राजकुमार राय, टिकाराम खड्का र ओमबहादुर रानालगायत रहेका छन् ।

## अणुबम भन्दा शक्तिशाली हाइड्रोजन बमको परीक्षण : उत्तर कोरिया



एजेन्सी । उत्तर कोरियाले आफ्नो छैठौं परमाणु बमको सफल परीक्षण गरेको छ । उत्तर कोरियाले सो बमको परीक्षण गर्दा कोरियाली प्रायद्वीपमा भूकम्पको महसुस गरिएको थियो ।

अमेरिकी भूगर्भविदहरुले उत्तर कोरियाको उत्तर पूर्वी क्षेत्रमा मापन गरिएको ६.३ रेक्टरस्केलको भूकम्प सोही विस्फोटनको भएको बताएका छन् । सोही क्षेत्रबाट उत्तर कोरियाले यसअघि पनि परमाणु परीक्षण गर्दै आएको थियो ।

भूकम्प उत्तर कोरियाली नेता किम जङ उनले नयाँ प्रकारको हाइड्रोजन बम निरीक्षण गरिरहेको तस्बिर त्यहाँको राज्य सञ्चालित मिडियाले सार्वजनिक गरेको केही घण्टामा आएको थियो । अमेरिकी भूकम्प मापन संस्था युएसजीएसले भूकम्प आएको क्षेत्र पंगे-री परीक्षणस्थल नजिकै रहेको बताएको छ

उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले सो बम ब्यालिष्टिक क्षेप्यास्त्रमा जडान गर्न सकिने किसिमको भएको बताएको छ । दक्षिण कोरियाली अधिकारीहरुले पनि उत्तर कोरियाको पंगे-री आणविक परीक्षण क्षेत्र रहेको किल्जु काउण्टीमा भूकम्प गएको पुष्टि गरेका छन् ।

उत्तर कोरियाको सो परीक्षणपछि दक्षिण कोरियाली राष्ट्रपति मुन जे-इनले राष्ट्रिय सुरक्षा परिषदको आपतकालीन बैठक बोलाएका थिए । चीनको भूकम्प सम्बन्धी निकायले पनि सोही विस्फोतका कारण भूकम्प आएको हुनसक्ने जनाएको छ ।

यसैबीच उत्तर कोरियाले लामो दुरीको क्षेप्यास्त्रमा जडान गर्न मिल्ने परमाणु बमको सफल परीक्षण गरिएको जनाएको छ । भूगर्भविदले कोरियाली प्रायद्वीपमा भूकम्प मापन गरेको केही घन्टामा नै छैठौं परमाणुको सफल परीक्षण गरिएको बताएको छ ।

प्योङयाङले भनेको छ, 'अणु बम भन्दा कैयौं ...बाँकी ८ पेजमा

# संसदीय निर्वाचन: सिद्धान्त र अनुभव

प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गत गरिने निर्वाचनप्रति कस्तो दृष्टिकोण अवलम्बन गर्ने ? यस प्रश्नको जवाफ दिने सन्दर्भमा अन्तर्राष्ट्रिय र नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा पनि विभिन्न प्रकारका विवाद र बहस देखापर्दै आएका छन् । यसबारे हामीले सैद्धान्तिक मान्यता र अनुभव दुवै विषयमा आवश्यक ध्यान दिन जरुरी छ ।

मार्क्सवादीहरुले संघर्षका कानूनी तथा गैरकानूनी, संसदीय तथा गैरसंसदीय सबै प्रकारका रुपहरुको प्रयोग गर्दछन् । मार्क्सवादीहरुले संसदीय निर्वाचनको प्रश्नलाई राजनीतिक कार्यनीतिका रुपमा ग्रहण गर्दछन् । मार्क्सवादी मान्यता अनुसार संसदीय निर्वाचनको उपयोग वा बहिष्कारको प्रश्न कुनै रणनीति तथा सिद्धान्तको प्रश्न नभई राजनीतिक कार्यनीतिको प्रश्न हो ।

इतिहासमा संसदीय व्यवस्थाका विषयलाई लिएर मूलत : चार प्रकारका राजनीतिक धारा पाइन्छन्, ती हुन्- प्रतिकृयावादी, दक्षिणपन्थी अवसरवादी, वामपंथी अवसरवादी र मार्क्सवादी । प्रतिकृयावादी विभिन्न किसिमका हुन्छन्- निरंकुश राजतन्त्रवादी, सैनिक तानाशाह, फासीवादी र बुर्जुवा लोकतन्त्रवादी । यी मध्ये बर्जुवा लोकतन्त्रवादीहरु मात्रले संसदीय व्यवस्थालाई अंगीकार गर्दछन् र निरंकुश राजतन्त्रवादी, सैनिक तानाशाह तथा फासीवादीहरुले संसदीय व्यवस्थालाई अस्वीकार गर्दछन् । परन्तु, निरंकुश राजतन्त्रवादीहरुले पनि कतिपय देशमा आफ्नै शासनसत्ताको मातहतमा कुनै न कुनै रुपमा संसदअनुरुपको संस्था खडा गरेका हुन्छन् । रुसमा दुमा र नेपालमा पञ्चायती व्यवस्था यस्तै प्रकारका संस्थाहरु थिए ।

*प्रतिकृयावादीहरूले जुन राज्यसत्ताको संचालन गर्दछन् ती सबै प्रतिकृयावादी वर्गका आ-आफ्ना ढंगका अधिनायकत्व हुन् । दक्षिणपंथी अवसरवादीहरू प्रतिकृयावादी राज्यसत्ता अन्तर्गतका निर्वाचनहरूप्रति निकै आकर्षित हुने गर्दछन् र उनीहरूका लागि बहिष्कारको कुनै अर्थ हुँदैन । दक्षिणपंथी अवसरवादको ठीक उल्टो वामपंथी अवसरवादीहरू संसदीय निर्वाचनको उपयोग गर्ने कुरै सुन्न चाहन्नन् र उनीहरूको मुखमा सदावहार बहिष्कार झुण्डिएको हुन्छ ।*



● मोहन बैद्य 'किरण'

बुर्जुवा लोकतन्त्रवादीहरुका लागि संसदीय व्यवस्था साध्य हो । प्रतिकृयावादीहरुले जुन राज्यसत्ताको संचालन गर्दछन् ती सबै प्रतिकृयावादी वर्गका आ-आफ्ना ढंगका अधिनायकत्व हुन् । दक्षिणपंथी अवसरवादीहरु प्रतिकृयावादी राज्यसत्ता अन्तर्गतका निर्वाचनहरुप्रति निकै आकर्षित हुने गर्दछन् र उनीहरुका लागि बहिष्कारको कुनै अर्थ हुँदैन । दक्षिणपंथी अवसरवादको ठीक उल्टो वामपंथी अवसरवादीहरु संसदीय निर्वाचनको उपयोग गर्ने कुरै सुन्न चाहन्नन् र उनीहरुको मुखमा सदावहार बहिष्कार झुण्डिएको हुन्छ । परन्तु, यी सवैभन्दा पृथक मार्क्सवादीहरु रहेका हुन्छन् । उनीहरुले परि स्थितिको ठोस अध्ययनगरी आवश्यकता अनुसार संसदीय निर्वाचनको उपयोग वा बहिष्कार कुनै एउटा निर्णय लिने गर्दछन् ।

यहाँनेर ध्यान दिनुपर्ने कुरा के छ भने मार्क्सवादीहरु निरंकुश वा संवैधानिक राजतन्त्र, सैनिकतन्त्र ...बाँकी ७ पेजमा

## सम्पादकीय

### क्रान्तिकारी कम्युनिष्टहरुबीच एकताको पहल

नेकपा (क्रान्तिकारी माओवादी)को साउन २५ देखि ३०, ०७४ मा सम्पन्न केन्द्रीय समितिको सम्पन्न बैठकले दशवर्षे जनयुद्ध तथा विभिन्न जनआन्दोलनहरुले गम्भीर धक्का खाएको, राष्ट्रियता, जनतन्त्र तथा जनजीवीकाका समस्या झन् गम्भीर बन्दै गएको र दक्षिणपन्थी संशोधनवाद अन्त्यन्त प्रभावी रहेको अहिलेको स्थितिमा एकताबद्ध क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्ने उद्देश्यमाथि आवश्यक ध्यान दिंदै एकताको पहल गर्ने सम्बन्धमा गरेको निर्णयका आधारमा पार्टी अध्यक्ष मोहन वैद्य'किरण'ले मोहन विक्रम सिंह नेतृत्वमा रहेको नेकपा (मसाल) र नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलगायतसँग एकता वा सहकार्यको पहल गर्नुभएको छ । उहाँकै पहलमा प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको पूर्वसन्ध्यामा राष्ट्रिय स्वाधीनताका विषयलाई उठाएर नौं वाम घटकले संयुक्त रुपमा ज्ञापन पत्र बुझाउने र ध्यानाकर्षण गराउने काम सम्पन्न भएको छ । र, १९ भदौंमा प्रम देउवाले भारत भ्रमणको क्रममा गरेको राष्ट्रघातको विरुद्धमा संयुक्त रुपमा सडक अन्तर्क्रिया लगायतका विरोध कार्यक्रम गर्ने पनि निर्णय लिइएको छ । राष्ट्रियताका विषयमा नौंवटा वामघटकको यो सहकार्यले निरन्तरता पाउने सम्भावना प्रबल देखिएको छ भने आफूले अगाडि सारेको ६ बुँदे सर्तलाई स्वीकार्ने क्रान्तिकारी पार्टीहरुसँग एकताको कोर्स अगाडि बढाउन पनि क्रान्तिकारी माओवादीले पहलकदमी लिएको छ ।

मार्क्सवाद-लेनिनवाद-माओवाद अवलम्बन गर्ने, नयाँ जनवादी क्रान्तिको कार्यदिशा स्वीकार गर्ने, क्रान्तिमा बलप्रयोगको सिद्धान्तलाई मान्ने, वर्तमान पश्चगामी संविधानलाई अस्वीकार गर्ने, वर्तमान सत्ता तथा व्यवस्थाको मन्त्रीपरिषद्मा नरहने र जनवादी केन्द्रीयताको सिद्धान्तलाई स्वीकार गर्ने आदि सैद्धान्तिक, राजनीतिक तथा सांगठानिक मान्यताका आधारमा पार्टी एकीकरण तथा ध्रुवीकरणका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुबीच एकताको पहल गर्दै आएको छ । तर मसाल र नेकपासँगको एकता वा सहकार्यमा केही जटिलताहरु रहेका छन् । मसालले क्रान्तिकारी माओवादीले अगाडि सारेका सर्तहरुका आधारमा एकता वा सहकार्यका निम्ति अनौपचारिक छलफल चलाउन सकिने जवाफ दिएको भएपनि उत्पीडित जातिहरुको पहिचानको आधारमा आत्मनिर्णयको अधिकारसहितको संघीयताको पक्षमा वकालत गरिरहेको क्रान्तिकारी माओवादी र संघीयताको विपक्षमा उभिदै आएको मसालबीच पार्टी एकता वा यो मुद्दामा सहयकार्यका जटिलताहरु विद्यमान छन् भने नयाँ जनवादी क्रान्तिभन्दा पनि वैज्ञानिक समाजवादी क्रान्तिको वकालत गरिरहेको नेकपा र नयाँ जनवादी क्रान्तिको पक्षमा उभिदै आएको क्रान्तिकारी माओवादी बीचमा पनि यो मुद्दामा एकता वा सहकार्यमा जटिलताहरु अवश्यै छन् । तर यी तीनवटै पार्टीबीचमा राष्ट्रियता र जनजीवीकाका मुद्दामा भने एकता वा सहकार्य सम्भव देखिंदै आएको छ । जनयुद्धको प्रक्रियाबाट आएका कार्यकर्ताहरुको भावनात्मक सम्बन्धका कारण पनि क्रान्तिकारी माओवादी र नेकपाबीचमा एकताको लागि कार्यकर्ताहरुले एकतामा जाड दिंदै पनि आएका छन् । विभिन्न पार्टीमा रहेका नयाँ जनवादी क्रान्तिका पक्षधरहरुबीचको ध्रुवीकरणको सम्भावना पनि बढेर गएको छ ।

देशी विदेशी प्रक्रियावादी व्यवस्था, संसदीय सत्ता, दक्षिणपन्थी संशोधनवादी र अवसरवादीहरुको चौतर्फी घेराबन्दीमा परेका वा पारिएका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुलाई एकता वा ध्रुवीकरणका निम्ति परिस्थितिको दबाब छ । क्रान्तिका लागि सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुबीचको एकता अनिवार्य छ । यही यथार्थबोधलाई आत्मसात् गर्दै क्रान्तिकारी माओवादीको नेतृत्वले विभिन्न धारामा रहेका कम्युनिष्ट क्रान्तिकारीहरुबीच एकता वा ध्रुवीकरणका निम्ति औपचारिक तथा अनौपचारिक रुपमा छलफल अगाडि बढाएको हो । पार्टीको राष्ट्रिय सम्मेलनमा जुटेको क्रान्तिकारी माओवादीले नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई ठोस रुपमा समृद्ध पार्ने, त्यसको फौजी कार्यदिशालाई मूर्त गर्ने र समग्रमा नयाँ जनवादी क्रान्तिको खाका कोर्ने तयारी गरिरहेको छ । पटक पटक नेतृत्वबाट धोका खाएका विभिन्न पार्टीमा रहेका क्रान्तिकारीहरु नेकपा (क्रान्तिकारी माओवादी)ले राष्ट्रिय सम्मेलनबाट तय गर्ने क्रान्तिको खाकाको प्रतीक्षामा रहेका छन् । ठोस परिस्थितिको ठोस विश्लेषणको आधारमा मूर्त कार्यदिशा ल्याउन सकेको खण्डमा विभिन्न धारामा रहेका कम्युनिष्ट क्रान्तिकारीहरु नेकपा (क्रान्तिकारी माओवादी) र यसको नेतृत्व वरिपरि गोलबद्ध हुने र सच्चा कम्युनिष्ट क्रान्तिकारी पार्टीहरुबीचमा पनि एकताको कोर्सले मूर्त रुप लिदै जाने परिस्थिति विकसित भएर जानेछ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

# विचारधारात्मक संघर्षले निशानामा तारो हान्नै पर्छ



● पुष्प गोपाल श्रेष्ठ ●

हाम्रो देश नेपाल अधिकांश हिमाल, पहाडसहित तराई र भित्री मधेस भएको कृषिप्रधान देश हो जहाँका बासिन्दाहरुमा किसान समुदायको बाहुल्यता रहिआएको छ । वर्तमान देशको स्थिति सामन्तिहरुको शक्ति कमजोर अवस्थामा छन् । सामन्ती शक्तिहरुको अस्तित्व भनेको देशको निमित्त बोझ हुन तर सर्वहारा वर्गले नेतृत्व गर्ने र गरेका क्रान्तिका निमित्त भने तिनीहरु सम्पति हुन् किनभने तिनले हामीलाई किसान समुदायको रुपमा व्यापक सहयोग जुटाई दिन्छन् ।

त्यसकारण मलाई के लाग्छ भने सामन्तवाद कमजोर वा बलियो भएका देशहरुमा सर्वहारावर्गको राजनीतिक पार्टीले ग्रामीण क्षेत्रमा गई किसानहरुको सहयोगको खोजी गर्नु पर्दछ । यसो भनिरहँदा यस्तै विषयसँग मिल्दोजुल्दो विगतका घटना (पूर्व राजा महेन्द्रले त्यति बेलाको विद्यार्थी आन्दोलनलाई तुहाउने (विथोल्ने) उद्देश्यका साथ स्नातक उतीर्ण सम्पूर्ण विद्यार्थीहरुलाई अनिवार्यतः ६ महिना ग्रामीण क्षेत्रका विभिन्न पाठशालाहरुमा गई स्वयम्-सेवकीय कार्यमा संलग्न हुनैपर्ने लागु गरेको नीति अन्तर्गत त्यति बेलाका स्नातक उतीर्ण अधिकांश विद्यार्थी समुदाय, जो व्यवहारिक ज्ञान बिनाको रेडिमेड सैद्धान्तिक किताबी ज्ञानका आधारमा ग्रामीण किसान समुदायलाई जागरुक बनाउर्ने पवित्र उद्देश्य बोकी कार्यमा संलग्न ती विद्यार्थीहरुले अनावश्यक अनेक किसिमका यातनाहरु भोग्न बाध्य हुनपुगेका थिए ) बाट अबका विद्यार्थी तथा बुद्धिजीवीहरुले पाठ सिक्नु पर्छ, पाठ सिकेर पनि किसानहरुको सहयोग खोजी गर्न गाउँघरमा जानेबेला उनीहरुमा सही प्रवृत्ति नभएमा, उनीहरुले किसानहरुको विश्वास प्राप्त गर्न सक्दैनन् । सहरिया विद्यार्थी र बुद्धिजीवीहरुलाई ग्रामीण मामलाहरु र किसान मनोविज्ञानबारे ज्यादै कम थाहा हुन्छ, त्यसकारण उनीहरुले किसानहरुको समस्या कहिल्यै पनि सही ढंङ्गले हल गर्न सक्दैनन् । हामीले उनीहरुलाई सैद्धान्तिक केही कुरा सुनाउँदैमा, हामीले उनीहरुलाई यसो केहि मद्दत (सहयोग) गर्नासाथ उनीहरुले हामीलाई तत्कालै विश्वास गरिहाल्छन् भन्ने कुरा नचिताउनोस् । हुन त यतिखेर गाउँघरका युवा किसानहरु धेरैजसो रोजगारीको खोजीमा विदेश पलायन भइसकेको स्थिति छ भने सहर र गाउँघरका कतिपय मध्यम तथा गरीब किसानहरु पनि महेन्द्र मार्काको भूमिसुधारको भुलभुलैयामा परी, आफ्ना निकतम क्रान्तिकारी सर्वहारा वर्गबाट विमुख भई क्रान्ति विरोधी सोच र क्रियाकलाप नै आफ्नो जीवनचर्या अपनाई उपलब्ध जग्गा-जमिन बेचेर वा जे गरेर हुन्छ गरी, त्यसरी जम्मा हुन आएको धनराशी अनुत्पादक क्षेत्रमा खर्च गर्नुकासाथै क्षणिक विलासिता सुखसयलमा रुमलिन पुगिरहेको स्थिति छ । यसो भनेर फेरि हामीले ग्रामीण र सहरी क्षेत्रका किसान समुदायलाई ओझेलमा पर्न दिनु हुन्न । यिनीहरुलाई गम्भीर रुपले सम्झाई बुझाई क्रान्तिप्रति आकर्षित गर्दै गर्नुपर्छ ।

किसानहरु सर्वहारा वर्गका एकदम नजिकका सहयोगी हुन् । ऐतिहासिक दश वर्षीय जनयुद्धताका हाम्रो पार्टीले किसानहरु बिचको कामको महत्वलाई स्वीकारेर ग्रामीण कामलाई पहिलो र सहरीया कामलाई दोश्रो स्थानमा राखी काम कुरो अगाडि बढाउँदा नयाँ जनवादी क्रान्ति सहज ढङ्गले अगाडि बढाउन सक्षम भएको त्यो महत्वपूर्ण क्षण र कुरोलाई यतिखेर सजिलै बिर्सेको हो कि भने जस्तो गरी अहिले विशेषतः पार्टीको गतिविधि सहर केन्द्रित हुनपुग्नु गलत कुरो हो । यसलाई सच्याउन जरुरी छ ।

यहानिर अर्को सोचनीय कुरो कम्युनिस्ट पार्टीको लागि, जो संघर्षको अग्रदस्तामा छन्, श्रमिक जनताको तालिम तथा प्रशिक्षण नै त्यो मुख्य कार्य हुनुपर्दछ, जसले गर्दा पुरानो व्यवस्थाबाट अपुताली स्वरुप पाएको पुरानो बानी, स्वामित्वका यी पुराना बानीहरु छुटाउन सकियोस, जसमा आम जनसमुदाय पूर्णतः भिजेको छ । यस कार्यको लागि कम्युनिस्ट पार्टीको सदस्य नबनेका ती इमान्दार भौतिकवादीहसँग मेलमिलाप गर्नुका साथसाथै आधुनिक प्राकृतिक विज्ञानका ती प्रतिनिधिहरुसँग गठबन्धन गर्नु क्रान्तिकारी कम्युनिस्ट (भौतिकवादी) को लागि बढी होइन भने कम महत्वपूर्ण पनि छैन, जसको झुकाउ भौतिकवादतर्फ छ र जो तथाकथित 'शिक्षित समाजमा' व्याप्त अध्यात्मवादी तथा संशयवादी दिशामा हुने फेसनवाल दार्शनिक भड्काउका विरुद्ध भौतिकवादको समर्थन र प्रचार गर्न डराउँदैनन् ।

निकट भविष्यमा हुनगइरहेको हाम्रो पार्टीको राष्ट्रिय सम्मेलनका दस्तावेजमा प्रस्तुत गरिने र प्रतिपादन गरिने कुराहरुले यथासम्भव नेपाली वास्तविकताहसँग मेलखानु वा मोटामाटी रुपले मेल खानु पर्छ । त्यसका साथसाथै हामीले हाम्रा अनुभवहरुका आधारमा वास्तविकताहरु विरुद्ध चल्ने विचारहरुको आलोचना गर्नु पर्दछ, मनोगतवाद विरुद्ध संघर्ष गर्नु पर्दछ ।

नयाँ जनवादी क्रान्तिका क्रममा निकै लामो समयसम्म हामीलाई मनोगतवादको व्याधीले ग्रस्त गरेको थियो र हामीले यसको लागि निकै ठूलो मूल्य चुकाउनु परेको थियो । अर्थात, नयाँ जनवादी क्रान्तिको लक्ष्य र उद्देश्य नजिक पुगिसकेका हामीले हाम्रा सारा आधार इलाकाहरु र हाम्रा क्रान्तिकारी शक्तिहरुको लगभग ८०/९० प्रतिशत भाग गुमाउनुकासाथै दशौं हजार वीर सहिदहरुको सपना, हजारौं बेपत्ता पारिएका सपुतहरु र हजारौंको संख्यामा अपांग बनाइएकाहरुको योगदान साँच्चिनै गुमाउनु पर्‍यो । अनि त्यतिखेर मात्रै हाम्रो चेत खुलेको थियो भन्दा फरक नपर्ला । भन्नु नै पर्दा त्यस प्रकारको मामिलाहरु आज हाम्रो काममा अझसम्म पनि बारम्बार घट्ने गरेका छन् । मनोगतवाद भनेको वस्तुगत यथार्थका आधारमा र जे वास्तविक रुपमा सम्भव छ त्यस कुराका आधारमा अघि नबढी मनोगत इच्छाहरुका आधारमा अघि बढ्ने गर्छ । क्रान्तिकारीहरु यस अर्थमा सचेत हुनै पर्छ ।

मार्क्सवादको विश्वव्यापी सत्यलाई नेपाली क्रान्तिको ठोस व्यवहारसँग एकीकृत गराउनै पर्छ । सिद्धान्तलाई व्यवहारसँग एकीकृत गराउने कुरा मार्क्सवादका आधारभूत सिद्धान्तहरु मध्येकै एक हो । द्वन्द्वात्मक भौतिकवाद अनुसार, विचारमा वस्तुगत यथार्थ प्रतिबिम्वित हुनैपर्छ र त्यसलाई सत्य मान्नुभन्दा अघि वस्तुगत व्यवहारमा त्यसको परीक्षा गरी त्यसलाई रुजु गरेर हेर्नुपर्छ, अन्यथा त्यसलाई सत्य मान्न सकिन्दैन् ।

विगतमा सिंगो पार्टीभित्र मौलाउँदै गरेको मनोगतवाद र संकीर्णतावाद विरुद्ध खरो गरी उत्रन र उतार्न नसक्नुको परिणति दक्षिणपन्थी अवसरवादमा पतनभई नवसंशोधनवादमा बिलय हुन पुगेकाहरुले ट्राटस्कीको कार्यशैलीलाई अँगालेर साम्राज्यवादी र विस्तारवादीहरुको नीति निर्देशनमा, क्रान्तिकारी कम्युनिस्ट पार्टीभित्रका ती प्रचण्ड, बाबुराम, विप्लव र बादल जस्ताले मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोण ...बाँकी ८ पेजमा

झर्रोटर्रो — कैलुब्राह

## जोर से बोलो : जय संसदवाद

नेकपा (नशमाके)का मिस्टर सुप्रिमो यतिखेर आफ्नो कोटरीमा विभिन्न प्रकारका आधुनिक कम्निसहरू भित्र्याउन व्यस्त छन् । उनलाई कोटरीमा छिराउन र पदवी दिलाउन भ्याई नभ्याई छ । उनको कोटरीमा प्रवेश गर्नेहरूको लहरको लर्को देखेर सुप्रिमो यति उत्साहित छन् कि यति उत्साहित छन् कि वाफरे वाफ, कति हो कति । हजार जिब्रा भएका शेष नागले त वर्णन गर्न सक्दैन भने यो नाथे कैलुब्राहले के सक्थ्यो । हौसिँदा हौसिँदै छविलालपालाको लँगौटी खुस्केको समेत पत्तो पाउँदैनन् । उनको कोटरीमा छिर्ने आधुनिक कम्निसहरू कोई मधेशवादी, कोई राईवादी, कोई लिम्बुवादी, कोई मगरवादी, कोई गुरङवादी, कोई क्षत्रवादी, कोई क्षत्रीवादी, कोई खण्डवादी, कोई अखण्डवादी आदि इत्यादि नानाप्रकारका नन्दिभृङ्गिगहरू छन् ।

यतिखेर नशमाकेका मिस्टर सुप्रिमो नेपाल मण्डलको दुई नम्बर प्रदेशमा चुनाउको तयारीमा व्यस्त छन् । अघिल्ला चुनाउमा आफू नखटेको हुनाले तेस्रो दल भएको ठहर गर्दै यसचोटी आफै मैदानमा उत्रिएर पहिलो दल बनाउने ठोकुवाका साथ मैदानमा भिड्दै छन् । उनको दल अघिल्ला चुनाउमा तेस्रो नम्बरमा खुम्चिनुको असली कारण युद्धकालका मगन्ते नेता र कार्यकर्ता भएर हो भन्ने कुरा सुप्रिमोलाई गहिरोसँग बोध भएको छ । यी मगन्ते कार्यकर्ताले जनयुद्धकालदेखि नै उनलाई निकै सताउँथे । कसैले पिविएम मागेर, कसैले सिसिएम मागेर, कसैले आधार इलाकाको मुखिया पद मागेर, कसैले राजधानीको तरमार्ने ठाउँ मागेर हैरान पार्थे । सताउँदा सताउँदा यिनले कुकुरको मासु बेच्ने पसलमा छिरेसी पनि मन्त्री मागेर हैरान पारेका थे । हैरान पार्नुको पनि त सिमा हुन्छ नि । सिमै नाघेर हैरान परेसि सुप्रिमो निकै आजित भए । यो कुराले उनलाई सँधै बेचैन बनाउँछ ।

अहिलेको स्थानीय चुनाउमा त झनै हैरान पारे । यी नाङ्गाबुङ्गा कार्यकर्ता नेतालाई चुनाउको टिकेस पनि दिनु पर्ने, चुनाउ लड्ने पैसाको कुम्लो पनि दिनु पर्ने र मैदानमै गएर भाषण पनि गर्दिनु पर्ने । कम्ता अप्ठ्यारो पारे । त्यसैले पनि यतिखेर यी नाङ्गाबुङ्गाहरूको भर पर्नु हुन्न भनेर कम्युनिस्टको कखरै नबुझेकालाई पार्टीमा हुलेपछि नरहे बाँस नबजे बाँसुरी । परिआएको खण्डमा पार्टी र नेतालाई पैसा पनि दिन सक्ने नेता कार्यकर्ता हुल्नु पो मुनासिव होला भनेर मधेशतिरका बडेबडे नेतालाई खोरै उठाएर भित्र्याएका हुन् । शनैःशनैः भित्रकाहरू भन्दा भित्राइएकाहरूको प्रभाव बढाएपछि पार्टी पहिलो कसो नबन्ला भन्ने उनको ठहर छ । यो अहिलेको नयाँ विचारको विकास पनि हो । यसलाई मिस्टर 'सुप्रिमो थट' भनेर संश्लेषण गर्नु समयानुकुल हुन्छ । अब रेडिमेड मार्क्सवादले क्यै लछारपाटो लाउने हैन । को त्यसका पछि दगुर्छ ? धेरै पार्टी मिलाएपछि चुनाउ जिते पनि नजितेपनि पार्टी त ठूलो भैहाल्छ ।

हिजका दिनमा आफैसित ठुस्किएर आफै ठूलो भाग बनाएर हाइसञ्चसँग हसुर्न भन्दै अलग भएकाहरू चिराचिरा परेर दसोटा बनेर आएपछि एकता भयो र दस पार्टी मिलेर नेकपा माके भयो । त्यसमा नयाँशक्ति मिसिएपछि नशमाके भयो । अहिले राजपाबाट मिसिएपछि राजपानशमाके भयो । लोकतान्त्रिक फोरमबाट मिसिएपछि लोफोराजपानशमाके बन्यो । त्यसमा पनि सदभावनाबाट मिसिएपछि त अहिले यो पार्टी नेकपा (सद्भावलोफोराजपानशमाके) बन्यो । नागढुङ्गाको आरालो लागेपछिको धार्केखोलो कति सानो छ । त्यसमा गल्छीमा पुगेपछि त्रिशुली मिसिएर कति ठूलो हुन्छ । त्यसपछि बेनीघाटमा बुढी गण्डकी मिसिँदा झन ठूलो हुन्छ । मुग्लिङमा मर्स्याङ्दी मिसिएर झनै ठूलो र गहिरो हुन्छ । तल गएर सेती मिसिन्छ । देवघाटमा पुग्दा काली गण्डकी मिसिएपछि यसको नामै बदलिएर नारायणी बन्छ । हो त्यस्तै हो नेकेपा माके पनि अहिले लरतरो मनुवाले उच्चारणै गर्न नसक्ने गरी नाम बदलिएर नेकपा (सद्भावलोफोराजपानशमाके) बन्यो । अब को माइका लालले यो पार्टीलाई चुनाउमा तेस्रो बनाउँदो रहेछ हेरुम त ? यो पार्टी मिस्टर सुप्रिमोको साना दुःखले आर्ज्याको हैन ।

मधेशका नेता जति रित्तै पारेर पार्टीमा हुलेपछि दुई नम्बर प्रदेश त मिस्टर सुप्रिमोको एकलौटी भैहाल्यो । त्यहाँ त उनको पार्टी पहिलो बनिहाल्छ । अगाडिबाट मात्रै पहिलो बन्नु पर्छ भन्ने छैन पछाडिबाट पहिलो बने पनि पहिलै हो नि । त्यसका लागि सुप्रिमोले एक मधेश एक प्रदेशको नारालाई अहिलेको मुख्य एजेण्डा बनाएका छन् । यो एजेण्डा तय गर्न केही महिना अगाडि नै मिस्टर यादवलाई पठाएका थिए । उनले त्यहाँ गएर मधेशीहरूको भेला पारेर एक मधेश एक प्रदेशको एजेण्डा पारित गराएका थिए । यो हो चुनाउको रणनीति । मधेशमा चुनाउ जित्न यो नीति अनिवार्य छ । त्यस्तै मङ्सिरमा हुने केन्द्र र प्रदेशको चुनाउमा तत् तत् स्थानुसारको रणनीति बनाउनु पर्छ । सात नम्बर प्रदेशमा जाँदा अखण्ड सुदूर पश्चिम, छ नम्बरमा जाँदा खसान प्रदेश, चारमा आउँदा तमु प्रदेश, एक नम्बरमा जाँदा जय लिम्बुवानको नाराले मात्रै चुनाउ आफ्नोमा पार्न सकिन्छ भन्ने सुप्रिमो थटको संश्लेषण हो । पाँचमा अलिकता अप्ठ्यारो छ । किनकि त्यहाँ थारुवान र मगराँत मिसिएर गोलमाल भएको छ । तीन नम्बरमा पनि नेवा, तामशालिङ र किराँत मिसिएर झमेला भएको छ । यसलाई आगामी दिनमा दुईतिहाई ल्याएर ठिक पारिन्छ भन्ने उनको दाऊ छ । दुईतिहाई ल्याउने चाँजोपाँजोका लागि डेउडापतिले अस्ति दक्षिणी भैरव मिस्टर गुज्जर भैयासँग विन्तिभाउ बिसाइसकेका छन् ।

यति भएपछि अबको चुनाउमा मिस्टर सुप्रिमोको पार्टी पहिलो हुने कुरा पक्का । आधा चुनाउ त अहिले जितिसकियो अब आधाका लागि असोज दुई गते फाइनल गेम हुन्छ । यदि गडबड भयो भने सिराहाको शूत्र र भरतपुरे शूत्र लगाएपछि स्वतह समाधान भैहाल्छ । जोरसे बोलो - जय संसदावाद । जय मधेशवाद । मिस्टर सुप्रिमो कि - जय हो ।

११ भदौ २०७४

kailubraha73@gmail.com

# क्रान्तिकारी नैतिकबारे



> “हरेक क्रान्तिकारीले गहिरोसित के बुझ्नु पर्छ भने पार्टी मजदुरवर्गको सबभन्दा अघि बढेको र सुगठित संगठन हो, मजदुर वर्ग र श्रमजीवी जनताको नेता हो । वर्तमान समयमा हाम्रो मजदुर वर्ग धेरै संख्यामा नभए पनि, दिन प्रतिदिन त्यसको विकास हुँदैछ । भविष्यमा, कृषि सहकारी संस्था जहाँतहीं गठन हुनेछ, गाउँले इलाकामा ब्यापक रुपमा मेशिनहरूको प्रयोग हुनेछ र किसानहरू मजदुर बन्नेछन् । बुद्धिजीवीहरू शारीरिक श्रमसँग राम्रोसँग परिचित हुनेछन् र मानसिक र शारीरिक मजदुरहरूबीचको भिन्नता विस्तार विस्तार मेटिनेछ ।”

● हो चि मिन्ह

आफ्नो उत्पत्तिको थालनीदेखि नै मानवजातिले बाँच्नको लागि जंगली जनावर, मौसम आदि प्रकृतिको विरुद्ध संघर्ष गर्नु परेको छ । यस संघर्षमा सफल हुनका लागि ब्यक्तिले ठुलो संख्यामा जनताको शक्तिमाथि, समुहमाथि, समाजमाथि भरोसा राख्नु पर्छ । एक्लै उसले प्रकृतिलाई जित्न सक्दैन र जीविका चलाउन सक्दैन ।

बाँच्नको लागि मानिसले खाना र लुगा पाउन उत्पादन गर्नु पर्छ । उत्पादनको पनि समुहमाथि र समाजमाथि भरोसा राख्नु पर्छ । एक्लै ब्यक्तिले उत्पादन गर्न सक्दैन ।

हाम्रो युग एक सभ्य, क्रातिकारी युग हे, त्यसैले सबै काममा समुहको समाजको शक्तिमाथि झन बढी भरोसा राख्नु पर्छ । अहिले ब्यक्ति समुहबाट झन छुट्टै रहन सक्दैन, बरु उ समुहमा, समाजमा सम्मिलित हुनुपर्छ ।

तसर्थ, ब्यक्तिवाद सामूहिकतावादको विपरित छ । सामूहिकतावाद र समाजवाद अवश्य विजय हुनेछ र ब्यक्तिवाद अवश्य विलाउनेछ ।

उत्पादनका तरिका र शक्तिहरुको निरन्तर रुपले विकास र परिवर्तन हुन्छ त्यस्तै मानिसका विचार, सामाजिक व्यवस्था आदिको पनि विकास र परिवर्तन हुन्छ । हामी सबैलाई के थाहा छ भने अतीतदेखि वर्तमानसम्ममा उत्पादनको तरिका रुखको हाँगा र ढुङ्गे बञ्चरो प्रयोगदेखि लिएर मेशिन, बिजुली र आणविक शक्तिको प्रयोगसम्म विकसित भएको छ । सामाजिक व्यवस्था पनि आदिम साम्यवादबाट दासप्रथा सामन्तवाद भएर पुँजीवादसम्म विकसित भएको छ र आज प्रायः आधा मानव जाति समाजवाद र साम्यवादतर्फ बढिरहेका छन् । कसैले पनि यस विकास र प्रगतिलाई रोक्न सक्दैन ।

निजी मालिकत्वको उत्पत्ति भएदेखि समाज वर्गहरुमा-शोषकवर्ग शोषितवर्गमा-विभाजित भएको छ । त्यसैले, सामाजिक अन्तर्विरोध र वर्ग संघर्ष उत्पत्ति भएको छ । हरेक व्यक्ति आवश्यकीय रुपले कुनै न कुनै वर्गमा पर्दछ र कोही पनि वर्ग बाहिर रहन सक्दैन । त्यसका साथै, हरेक ब्यक्तिले आफ्नो वर्गको विचारधारा प्रतिनिधित्व गरेको हुन्छ ।

पुरानो समाजमा सामन्ती जमिन्दार, पुँजीपति र साम्राज्यवादीहरुले अरु सामाजिक अंगहरुमाथि, खास मजदुर र किसानहरुमाथि निर्ममतापूर्वक थिचोमिचो र शोषण गर्थे । तिनीहरु समाजद्वारा पैदा गरिएको साझा सम्पत्ति लुटेर आफ्नो निजी सम्पत्तिमा फेर्थे र ऐश आराममा बस्दथे । तर तिनीहरुले ‘धर्म’, ‘स्वतन्त्रता’, ‘प्रजातन्त्र’बारे बकवास गरिरहन्थे ।

यस्तो थिचोमिचो र शोषण सदाको लागि सहेर बस्न इन्कार गर्दै, मजदुर तथा किसान र अन्य श्रमजीवी जनता जागेका छन् र तिनीहरुले आफ्नो मुक्तिको लागि र दुष्ट पुरानो समाजलाई राम्रो, नयाँ समाजमा फेर्न क्रान्ति गरेका छन्, जुन समाजमा जनता सुखपूवर्क रहेनछन् र जसमा मानिसद्वारा मानिसको शोषणमाथि प्रतिबन्ध लाग्नेछ ।

क्रान्ति सफल हुनाको लागि मजदुरवर्गद्वारा त्यसको नेतृत्व गरिनु पर्छ, किनभने यो सबभन्दा अघि बढेको, सचेत, दृढ, अनुशासित र सुसंगठित वर्ग हो र सर्वहारा पार्टी यसको कार्यकारिणी प्रमुख रहेको छ । सोभियत संघ र अन्य समाजवादी मुलुकहरुमा भएको क्रान्तिबाट यो कुराको निर्विवाद रुपले पुष्टि भएको छ ।

क्रान्ति गर्नु, पुरानो समाजलाई नयाँ समाजमा फेर्नु एक निकै गौरवशाली, तर ज्यादै बोझिलो काम हो, एक जटिल, दीर्घकालीन र कठिन संघर्ष हो । बलियो मानिसले मात्र आफ्नो पिठ्युँमा गह्रौं भारी बोकेर लामे यात्रा गर्न सक्छ । यदि क्रान्तिकारीले आफ्नो गौरवशाली क्रान्तिकारी अभिभारा पूरा गर्ने हो भने उसमा क्रान्तिकारी नैतिकता खँदिलो जग हुनु पर्छ ।

पुरानो समाजमा जन्मेको र हुर्केको हुनाले, हामी सबै आफ्ना विचार र बानीहरुमा उक्त समाजका चिन्हहरुलाई फरक-फरक मात्रामा आफुसँगै बोकेर हिँड्छौं । पुरानो समाजको सबभन्दा खराब र सबभन्दा खतरनाक अवशेष ब्यक्तिवाद हो । ब्यक्तिवाद क्रान्तिकारी नैतिकताको विपरित छ । यसको अलि पनि बाँकी चिन्ह पहिलो अवसरमा नै विकसित हुनेछ, त्यसले क्रान्तिकारी गुणहरुलाई खत्तम पार्छ र हामीलाई क्रान्तिकारी लक्ष्यको लागि संघर्ष गर्नबाट रोक्छ ।

ब्यक्तिवाद एक धोकापूर्ण र हानिकारक चीज हो । यसले चलाखीसाथ मान्छेलाई पछि हट्न प्रेरित गर्छ, र सबैलाई के थाहा छ भने अघि बढ्नुभन्दा पछि हट्नु सजिलो छ । त्यसैले यो धेरै खतरनाक छ ।

पुरानो समाजका खराब अवशेषहरु हटाउन र क्रान्तिकारी गुणहरुको विकास गर्ने हामीले कठिन अध्ययन गर्नु पर्छ । र, लगातार प्रगति गर्नको लागि आफूलाई शिक्षित पार्नु र सुधार्नु पर्छ । नत्रभने हाम्रो अवनति हुनेछ र हामी पछि पर्नेछौं र अन्तमा अगाडि बढिरहेको समाजले हामीलाई अस्वीकार गर्नेछ ।

स्कूलमा गएर अथवा तालिम कोर्समा सामेल भएर मात्र हामी अध्ययन गर्न सक्छौं र हामीले आफूलाई शिक्षित पार्न र सुधार्न सक्नेछौं भन्ने कुरो होइन । हरेक क्रान्तिकारी काममा हामी यसो गर्न सक्छौं र यसो गर्नु पर्छ । भूमिगत क्रान्तिकारी क्रियाकलाप, आमविद्रोह, प्रतिरोध-युद्ध, उत्तरमा समाजवादको वर्तमान निर्माण र राष्ट्रिय पुनःएकीकरणको लागि संघर्ष धेरै असल पाठशाला हुन, जहाँ हामीले क्रान्तिकारी गुणहरु प्राप्त गर्न सक्छौं ।

क्रान्तिकारीहरु गुणहरु भएका मानिसहरु न कठिनाइदेखि डराउँछन्, न दुःख-कष्ट वा असफलतादेखि डराउँछन् । तिनीहरु न ढुलमुल गर्छन, न पछि हट्छन् । पार्टी क्रान्ति, वर्ग, राष्ट्र र मानव जातिको हितको लागि तिनीहरुले आफ्नो स्वार्थ त्याग गर्न आनाकानी गर्दैनन् । यो क्रान्तिकारी नैतिकताको एक ज्यादै स्पष्ट र उच्च अभिब्यक्ति हो ।

हाम्रो पार्टीमा त्रान फू, न्गो गिया तू, ले हङ फोङ, न्गुयेन वान कू, होआङ वान थू, न्गुयेन थि मिन्ह खाइ र धेरै अरु कमरेडहरुले जनता र पार्टीको लागि आफ्नो जीवन उत्सर्ग गरेका छन् र यसरी जन-हितप्रति पूरा समर्पण र निस्वार्थपनाका चहकिला दृष्टान्तहरु पेश गरेका छन् ।

अनुकूल अवस्था र सफलता प्राप्त भए पनि क्रान्तिकारी गुणहरु भएका मानिसहरु साधारण, विनम्र र दुःख-कष्ट सामना गर्न तयार रहन्छन् । “अरुले भन्दा पहिले कामको चिन्ता गर्नु, अरुले भन्दा पछि आनन्दको विचारको गर्नु ।’ हामीले आफ्नो अभिभारा खुब राम्ररी कसरी पूरा गर्न सकिन्छ भन्ने विचार गर्नुपर्छ, तर कसरी ठुलो पुरस्कार पाउन सकिन्छ भन्ने विचार गर्नु हुँदैन । हामीले पहिलेका उपलब्धीहरुबारे घमण्ड गर्नु हुन्न र विशेषाधिकारको दावी गर्नु अथवा नोकरशाही, घमण्ड र दुष्टयाँईमा लाग्नु हुन्न । यो पनि क्रान्तिकारी नैतिकताको एक अभिब्यक्ति हो ।

छोटकरीमा, क्रान्तिकारी नैतिकतामा तलका कुराहरु रहेका हुन्छन् :

- पार्टी र क्रान्तिको लागि संघर्ष गर्नमा आफ्नो जीवन अर्पण गर्नु । यो सबभन्दा प्रमुख चिन्ह हो ।
- पार्टीको लागि कठिन काम गर्नु, पार्टीको अनुशासन मान्नु र पार्टीका कार्यदिशा र नीतिहरु कार्यान्वित गर्नु ।
- पार्टी र श्रमजीवी जनताको हितलाई आफ्नो हितभन्दा पहिले र माथि राख्नु । दिलोज्यानले जनताको सेवा गर्नु । जनता र पार्टीको लागि निस्वार्थ रुपले संघर्ष गर्नु र हरेक कुरामा दृष्टान्त बन्नु ।
- आफ्नो सैद्धान्तिक स्तर उठाउन, आफ्नो काममा सुधार ल्याउन र आफ्ना कमरेडहरुसंगसंगै प्रगति गर्नका लागि, मार्क्सवाद-लेनिनवादको अध्ययन गर्न र निरन्तर रुपमा आत्मालोचना र आलोचनाको प्रयोग गर्न प्रयास गर्नु ।

हरेक क्रान्तिकारीले गहिरोसित के बुझ्नु पर्छ भने पार्टी मजदुरवर्गको सबभन्दा अघि बढेको र सुगठित संगठन हो, मजदुर वर्ग र श्रमजीवी जनताको नेता हो । वर्तमान समयमा हाम्रो मजदुर वर्ग धेरै संख्यामा नभए पनि, दिन प्रतिदिन त्यसको विकास हुँदैछ । भविष्यमा, कृषि सहकारी संस्था जहाँतहीं गठन हुनेछ, गाउँले इलाकामा ब्यापक रुपमा मेशिनहरुको प्रयोग हुनेछ र किसानहरु मजदुर बन्नेछन् । बुद्धिजीवीहरु शारीरिक श्रमसँग राम्रोसँग परिचित हुनेछन् र मानसिक र शारीरिक मजदुरहरुबीचको भिन्नता विस्तार विस्तार मेटिनेछ । दिन प्रतिदिन हाम्रो देशको उद्योगको विकास हुनेछ । त्यसैले, मजदुरहरुको संख्या झन झन बढ्नेछ । तिनीहरको तागत बढ्नेछ, र मजदुर वर्गको भविष्य महान् र गौरवशाली छ । यसले संसार र आफुलाई सुधार्नेछ ।

क्रान्तिकारीले उपरोक्त कुरो स्पष्टसित बुझ्नु पर्छ र मजदुर वर्गको अडानमा दृढतापूर्वक अड्नु पर्छ, जसले गर्दा समाजवाद र साम्यवादको लागि, मजदुर वर्ग र सम्पूर्ण श्रमजीवी जनताको लागि दिलोज्यानले संघर्ष गर्न सकियोस् । क्रान्तिकारी नैतिकता पार्टी र जनताप्रति निरपेक्ष निष्ठामा रहेको छ ।

हाम्रो पार्टीको नेतृत्वमा हाम्रा जनताले वीरतापूर्वक लडेका छन्, औपनिवेशिक र सामन्ती अधिपत्यलाई फालेका छन्, र हाम्रो देशको उत्तरी भागलाई पुरै रुपमा मुक्त गरेका छन् । यो एक ठूलो सफलता थियो । तर क्रान्तिले अझसम्म पूर्ण विजय पाइसकेको छैन, र पार्टीको वर्तमान उद्देश्य राष्ट्रिय पुनःएकीकरणको लागि संघर्ष गर्नु हो, जसले गर्दा स्वाधीन, प्रजातान्त्रिक र समृद्ध भियतनामको निर्माण गर्न, मुलुकभर मानिसद्वारा मानिसको शोषण उन्मूलन गर्न र सबैको लागि सुख र प्रचुरता सहितको एक नयाँ समाजको निर्माण गर्न सकियोस ।

तर हाम्रो उद्योग अझसम्म पिछडिएको छ । भाइचारा मुलुकहरु, सर्वप्रथम सोभियत संघर चीनको निस्वार्थ मद्दतको फलस्वरुप यसको विकास हुँदैछ । हाम्रो प्रयत्न सफल हुनका लागि हाम्रा मजदुरहरुले एकले अर्कोसंग प्रतिस्पर्धा गर्नुपर्छ र झन-झन धेरै, झन छिटो, झन राम्रो र झन बढी मितब्ययी ढंगले उत्पादन गर्न प्रयास गर्नुपर्छ, श्रम-अनुशासनको पालन गर्नुपर्छ र आफ्नो उद्योगधन्दाको प्रबन्धमा जाँगरिलो भई भाग लिनुपर्छ । हामीले फजूल खर्च र हिनामिनाको विरोध गर्नुपर्छ र हाम्रा कार्यकर्ताहरु साँच्चिकै मेहनती, मितब्ययी, इमान्दार र निष्कपट हुनुपर्छ र उनीहरुले मजदुर हरुसंग मिलेर श्रममा भाग लिनुपर्छ ।

हाम्रा किसानहरुलाई जमिन दिइएको छ र उनीहरुको जीवनमा आंशिक सुधार भएको छ । तर उत्पादन पद्धति अझसम्म तितर-वितर पिछडिएका छ, त्यसैले अझसम्म उपज त्यति बढेको छैन र जीवनका अवस्थाहरुमा अलिमात्र सुधार भएको छ । हाम्रो गाउँले इलाकमा कार्य-विनिमय दल र सहकारी संस्थाको स्थापना गर्ने आन्दोलनलाई ब्यापक र दरो रुपले अघि बढाइनु पर्छ जसले गदा् उत्पादनमा ठोस बृद्धि गर्न सकियोस अनि मात्र हाम्रा किसानहरु गरिबीबाट मुक्त हुन सक्छन् र उनीहरुको अवस्थामा सुधार हुन सक्छ ।

तसर्थ, पार्टीको उद्देश्य प्राप्त गर्नको लागि प्रयास गर्नु, मजदुर वर्ग र श्रमजीवी जनताको इमान्दारीपूर्वक सेवा गर्नु र कहिल्यै ढुलमुल नुहुन क्रान्तिकारी नैतिकता हो ।

पार्टी र श्रमिक युव संघका धेरैजसो सदस्यहरु र कार्यकर्ताहरुले यसो गरेका छन्, तर कसै-कसैले गरेका छैन । तिनीहरु गलत ढंगले के सोच्छन् भने उत्तरमा उपनिवेशवादी र समान्तहरुबाट मुक्ति पाइसकेको हुनाले, क्रान्ति सफलतापूर्वक पूरा भएको छ । त्यसैले, तिनीहरले ब्यक्तिवादलाई आफूमिभत्र हुकर्न दिन्छन्, मोजमज्जा र आरामको माग गर्छन र संगठनले सुम्पेको काम गर्नुको सट्टामा आफ्नै काम गर्न चाहन्छन् । तिनीहरु उच्च पद चाहन्छन् तर जिम्मेदारी पन्छाउँछन् । तिनीहरुको लडाकूपना र शक्ति विस्तार-विस्तार कमजोर हुन जान्छ र त्यस्तै तिनीहरुको क्रान्तिकारी साहस र उच्च गुणहरु पनि कमजोर हुन जान्छन् । उनीहरु के बिर्सन्छन् भने क्रान्तिकारीको मुख्य कसी नै पार्टी र क्रान्तिको निम्ति जीवनभर संघर्ष गर्ने उसको अठोट हो ।

हामीले के बुझ्नु पर्छ भने अहिलेसम्म हामीले प्राप्त गरेका सफलताहरु हजारौं लीग लामो बाटोमा पहिलो पाइलाहरु मात्र हुन । हामी अझ अघि बढ्नु पर्छ, क्रान्तिले अरु प्रगति गर्नुपर्छ । नत्रभने हाम्रो अवनति हुनेछ र हामीबाट प्राप्त सफलतालाई दरिलो र विकसित पार्न सकिदैंन ।

समाजवादतर्फ अभि बढ्नका लागि, हामीले लामो र कठिन संघर्ष चलाउनु पर्छ । हाम्रो साथमा क्रान्तिकारीहरु हुनुपर्छ, किनभने क्रान्तिको विरोध गर्ने शत्रुहरु अझसम्म विद्यमान छन् ।

तीन किसिमका शत्रुहरु छन् :

पुँजीवाद र साम्राज्यवाद असाध्यै खतरनाक शत्रु हुन ।

पिछडिएका बानी र परम्पराहरु पनि ठुला शत्रु हुन । तिनीहरुले क्रान्तिको प्रगतिमा कपटी ढंगले बाधा दिन्छन् । तथापि, हामीले तिनीहरुलाई दबाउन सक्दैनौं, तर होशियारी तथा लगनका साथ लामे अवधिमा तिनीहरुलाई सच्याउन खोज्नु पर्छ ।

तेश्रो शत्रु ब्यक्तिवाद हो, निम्न-पुँजीवादी मनोवृत्ति हो, जुन हामी प्रत्येकभित्र अझसम्म लुकेर रहेको छ । असफल होस् वा सफल, यसले आफ्नो टाउको उठाउने मौका ढुकिरहेको छ । यो माथि उल्लेखित दुई खलाका शत्रुहरुको सहयोगी हो ।

तसर्थ, जस्तोसुकै परिस्थितिमा पनि सबै शत्रुहरुको विरुद्ध दृढतापुर्वक संघर्ष गर्नु, आफ्नो चनाखोपना कायम राख्नु, लड्न तयार रहनु र झुक्न तथा आफ्नो शिर निहुराउन इन्कार गर्नु क्रान्तिकारी नैतिकता हुन । यसो गरेर मात्र हामीले शत्रुलाई हराउन सक्छौं र आफ्नो क्रान्तिकारी काम पूरा गर्न सक्छौं ।

आफ्नो सही नीति र एकीकृत नेतृत्वद्वारा नै हाम्रो पार्टीले मजदुर वर्ग र सम्पूर्ण जनतालाई समाजवादतर्फ नेतृत्व गर्नसक्छ । यस्तो एकीकृत नेतृत्व यसका सबै सदस्यहरुले विचार तथा कार्यमा एकताबाट उत्पन्न हुन्छ ।

यो एकता नभएमा, हामी ‘बाजा एक तरिकाले बज्ने र बाँसुरी अर्को तरिकाले बज्ने बाद्यवादन’ जस्तो हुनेछौं । हाम्रो लागि जनताको नेतृत्व गर्नु र क्रान्ति गर्नु सम्भव हुनेछैन ।

पार्टी सदस्यहरुका कुरा र कामहरुले क्रान्तिमा ठुलो प्रभाव पार्छन, किनभने तिनीहरुबाट आमजनतामा ठूलो प्रभाव पर्छ । उदाहरणको लागि, हाम्रो पार्टी र सरकारको वर्तमान नीति कार्य-विनिमय दल र सहकारी संस्थाहरुको व्यापक र घनिष्ठ रुपमा संगठित पार्नु, कृषि सहकारितालाई अघि बढाउनु हो । तर पार्टी र श्रमिक युवा संघका कतिपय सदस्यहरु यसमा सामेल हुँदैनन् वा यसमा समोल भए पनि तिनीहरुको निर्माण र सुदृढीकरणमा सक्रिय रुपले योगदान गर्दैनन् । व्यक्तिवादले गर्दा नै ती कमरेडहरुले आफुखुसी गर्ने र पार्टी संगठन र अनशासनको विपरित जाने गरेका छन् । जानाजानी हो वा नजानेर, उनीहरुका कामहरुले पार्टीको प्रतिष्ठालाई नोक्सान पार्छन, पार्टी काममा बाधा हाल्छन् र क्रान्तिको अग्रगतिलाई रोक्छन् ।

पार्टीका सबै नीति र प्रस्तावहरुको उद्देश्य जनताको हितको सेवा गर्नु हो । त्यसैले, पार्टी सदस्यको लागि, क्रान्तिकारी नैतिकता जस्तोसुकै अप्ठ्यारोहरु भए पनि ती नीति र प्रस्तावकहरुलाई दह्रोसित कार्यान्वित गर्नुमा र जनताको लागि उदाहरण पेश गर्नुमा रहेको हुन्छ । हरेक पार्टी सदस्यले जनता र पार्टीप्रति आफ्नो जिम्मेदवारीको भाव उच्च पार्नुपर्छ । उसले व्यक्तिवादबाट आफूलाई जोगाउन पर्छ र त्यसको दृढ विरोध गर्नुपर्छ ।

हाम्रो पार्टीले मजदुर वर्ग र सम्पूर्ण श्रमजीवी जनताका साझा हितहरुको प्रतिनिधित्व गर्छ, तर कुनै समुह र व्यक्तिका निजी हितहरुको प्रतिनिधित्व गर्दैन । यो कुरो सबैलाई थाहा छ ।

मजदुर वर्गले आफूलाई मुक्त पार्न मात्र होइन, तर थिचोमिचो र शोषणबाट मानवजातिलाई मुक्त पार्न पनि संघर्ष गर्छ । त्यसैले तिनीहरुका हित र जनताका हितहरु एउटै छन् ।

पार्टी सदस्यले पार्टीको नाउँमा, मजदुर वर्ग र श्रमजीवी जनताका हितहरुको प्रतिनिधित्व गर्छ । त्यसैले, उसको स्वार्थ पार्टी र वर्गको स्वार्थभन्दा बाहिर होइन, बरु त्यसभित्र पर्दछ । पार्टी र वर्गको लागि प्राप्त हुने सफलता र विजयको अर्थ लडाकूहरुको लागि सफलता र विजय हो । पार्टी र वर्गबाट छुट्टै रहेर कुनै पनि व्यक्ति जतिसुकै प्रभावशाली भए पनि, केही चीज प्राप्त गर्न सक्दैन ।

पार्टी सदस्यको लागि, क्रान्तिकारी नैतिकता सारा परिस्थितिमा पार्टीको हितलाई सबभन्दा माथि राख्नुमा रहेको छ । पार्टीको हित र व्यक्तिको हित बाँझिन गएमा, पार्टी-हितको पक्षमा व्यक्तिको हितलाई एकदमै त्याग्नु पर्छ ।

आफूलाई व्यक्तिवादबाट मुक्त नगरेको हुनाले नै, कुनै कुनै पार्टी सदस्यहरु अझ पनि पार्टीप्रति, आफ्ना सेवाहरुको घमण्ड गर्छन र सो सेवाको लागि पार्टीको कृतज्ञताका दावी गर्छन । तिनीहरु कृपा, सम्मान, पद र विशेषाधिकार पाउन चाहन्छन् । आफ्नो इच्छा पूरा नभएमा, तिनीहरु पार्टीदेखि रिसाएर के गुनासो गर्छन भने तिनीहरुको “भविष्य” छैन र तिनीहरुलाई “बलि चढाइएको” छ । तिनीहरु पार्टीबाट विस्तार-विस्तार हटेर जान्छन्, अझ खराब त के भने, तिनीहरु यसका नीतिहरु र अनुशासनलाई भित्रैबाट ध्वस्त पार्छन ।

भूमिगत संघर्ष र प्रतिरोध-युद्धको अवधिमा धेरै कार्यकर्ता र जोधाहाहरुले वीरतापूर्वक आफ्नो जीवनको आहुति दिएका छन् । धेरै श्रम-वीर र सर्वोत्तम मजदुरहरुले उत्पादन बढाउन सकभर गरेका छन् । ती कमरेडहरुले कहिल्यै पद र सम्मान मागेका छैनन्, पार्टीबाट धन्यवादको माग गरेका छैनन् ।

*क्रमशः ……*

# भौतिकवाद र मानिस – २



कृष्णदास श्रेष्ठ

"मानवीय सारतत्व भनेको सामाजिक सम्बन्धहरुको समष्टि हो भन्ने मार्क्सवादी अवधाराणाले मानिस कुनै निराकार जीव नरहेको, बरु उक्त समष्टिको एउटा प्रतिनिधि पात्र मात्र रहेको तथ्यलाई दर्शाउछ । मार्क्सले जसलाई मानवीय सारतत्व भनेका छन्, त्यो नै छुट्टा-छुट्टै मानिसहरुमा रहेको कुरा होइन, बरु त्यसको अस्तित्व सामाजिक सम्बन्धहरुमा रहेको हुन्छ । यही सामाजिक सम्बन्धहरु हुन् जसले मानिसलाई सामाजिक बनाउँछ, अर्थात मानिसको सामाजिकीकरण गर्छ ।"

सन् १८४५-४६ मा मार्क्सद्वारा लिखित 'फ्वारबाख सम्बन्धि प्रस्थापना' को छैठौं बुँदामा मानिस के हो भन्ने सम्बन्धमा मार्क्सको सुप्रसिद्ध प्रस्थावना रहेको छ र त्यसमा सम्बन्धित सवाललाई वैज्ञानिक ढंगले बुझ्ने आधारभूत उपाय व्यक्त गरिएको छ । सो प्रस्थावनालाई मानिसको अस्तित्व र विकासबारे मार्क्सवादी धाराणा र ऐतिहासिक-भौतिकवादी दृष्टिकोणको आधारशीला मानिएको छ । मानिसलाई एउटा निराकार जीवको रुपमा, वैयक्तिक मानिसलाई प्राथमिकतामा राखेर सोच्ने (निराकार मानवतावाद) को सिद्धान्तलाई अस्वीकार र विरोध गर्दै, त्यसमा मानवीय, सारतत्वको व्याख्या सामाजिक सम्बन्धहरुको आधारमा गरिएको छ । छैठौं बुँदामा भनिएको छ, 'फ्वारबाख धार्मिक सारतत्वलाई मानवीय सारतत्वमा परिणत गर्छन्, तर मानवीय सारतत्व भनेको सामाजिक सम्बन्धहरुको समस्टि हो ।' उक्त प्रस्थापनामा मानिसको सामाजिक सारतत्व सम्बन्धि अवधाराणाको सारभूत रुपमा प्रतिपादन भयो, र त्यो सैद्धान्तिक क्षेत्रमा मार्क्सको एउटा महान योगदान थियो । त्यो सैद्धान्तिक र व्यवहारिक दृष्टिबाट सम्बन्धित विषयमा निकै महत्वपूर्ण प्रस्थापना रहेको छ । मार्क्सवादद्वारा प्रतिपादित सामाजिक सम्बन्ध विषयक अवधाराणाले मानवीय सारतत्वका परिघटनाहरुलाई वैज्ञानिक रुपले आधार र तरिका प्रदान गरेको छ । सो तरिकाको सम्बन्धमा मार्क्सले लेखेका छन् :

'पहुँचको यो तरिका आधार विनाको होइन, यसको थालनी वास्तविक आधारहरुबाट हुन्छ र यसले सो आधारलाई एक छिन पनि छाड्दैन । यसका आधार भनेका कुनै काल्पनिक अलगाव तथा नियम निष्ठता होइन । बरु निश्चित अवस्थाहरु अन्तर्गत तिनको वास्तविक अनुभावाश्रित रुपले दृष्टिगोचर विकास-प्रक्रियामा रहेका मानिसहरु हुन् ।'

ठीक त्यस्तै खालको विचार मार्क्सले आफ्नो कृति 'पुँजी' को पहिलो भागको पहिलो संस्करणको भूमिकामा व्यक्त गरेका छन् : 'तर यहाँ जुन हदसम्म व्यक्तिहरु आर्थिक प्रवर्गको व्यक्तिकरण, खास वर्ग-सम्बन्ध र वर्ग-स्वार्थहरुको मूर्तरुप हुन्, त्यस हदसम्म मात्र तिनीहरुबारे चर्चा गरिएको छ ।'

उपरोक्त भनाईमा मार्क्सले सामाजिक सम्बन्धहरुको आधारबाट मानिसको क्रियाकलाप र उसको ऐतिहासिक विकासको अनुसन्धान र व्यख्या गर्ने तरिकाको प्रयोगको आवश्यकतालाई दर्शाएका छन् । मानिस के हो भन्ने एउटा आधारभूत सवालमा यो एउटा नयाँ धारणा हो, जसअनुसार मानिसको जीवन र क्रियाकलापलाई ठीक रुपमा बुझ्नका लागि सामाजिक सम्बन्धलाई प्रस्थानविन्दु बनाएर अघि बढ्नुपर्छ, किनभने ति सम्बन्ध त्यसका वास्तविक आधार हुन् । पाँच मानवीय सारतत्व, सामाजिक सम्बन्धहरुको समस्टि हो भन्ने धाराणामा निहित मुख्य कुरो के हो भने मानवीय सारतत्व कुनै व्यक्ति विशेषमा उसको आफ्नैभित्र रहने कुरा होइन, बरु त्यो उभन्दा बाहिर सामाजिक सम्बन्धहरुको संसारमा रहने कुरा हो । त्यो कुनै प्राकृतिक मानवीय प्राणीमा प्रकृति-प्रदत्त मानिसले आफ्नो जीवन प्रक्रियाद्वारा आफूलाई सामाजिक रुपमा मानवीयकृत गर्छ ।

कुनै पनि युगका मानिसहरु निश्चित सामाजिक सम्बन्धहरु अन्तर्गत क्रियाशील रहन्छन् । मानवीय सारतत्वको आधार रहेको सामाजिक सारतत्व भन्नाले हामीले के बुझ्नुपर्छ ? यसबारे मार्क्स र एङ्गेल्स भन्छन् : इतिहासमा 'प्रत्येक युगमा एउटा भौतिक परिणाम पाइन्छ : उत्पादक तत्वहरुको कुल जोड, प्रकृतिप्रति र एक अर्कोप्रति व्यक्तिहरुका ऐतिहासिक रुपले सिर्जित सम्बन्धहरु, जुन प्रत्येक पुस्तालाई त्यसको पूर्वजहरुद्वारा हस्तान्तरित गरिन्छ, उत्पादक शक्तिहरु, पुँजी, कोष र अवस्थाहरुको राशी, जसलाई एकातिर यथार्थमा नयाँ पुस्ताले परिवर्तित गर्दछ भने अर्कोतिर जसले त्यसको जीवनावस्थाको लागि त्यसलाई निर्दिष्ट गर्दछ र त्यसलाई एक निश्चित विकास, एक विशेष चरित्र प्रदान गर्छ । .......उत्पादक शक्तिहरु, पुँजी, कोष र सामाजिक सम्बन्धका रुपहरुको कुल जोड, जसलाई प्रत्येक व्यक्ति र पुस्ताले तम्तयार रुपमा अस्तित्वमा पाएको हुन्छ, त्यो नै, जसलाई दार्शनिकहरुले 'सारतत्व' र 'मानिसको सारतत्व' का रुपमा लिएका छन्, त्यसको वास्तविक आधार हो ।'

मार्क्सको उपरोक्त भनाईका आधारमा सुलिन सेवेले सामाजिक सम्बन्धहरुको समष्टिलाई निम्न रुपमा प्रस्तुत गरेका छन् :

जसको 'अर्थ यो हो : मानिसलाई विकसित मानवतामा सारभूत रुपले मानिस बनाउने कुरा प्रत्येक अलग व्यक्तिमा रहेको कुनै प्राकृतिक कुरा होइन, बरु इतिहासको क्रममा सामाजिक जगतमा निर्मित मानवीय क्रियाकलापका उपज-उत्पादनका शक्तिहरु, सबै खालका सामाजिक सम्बन्धहरु, सांस्कृतिक विरासत हुन् । यो नै मानवीयकरणको अर्थात जनावरपनबाट मानवतामा संक्रमणको प्रमुख परिणाम हो, आफ्नो जिविकाका भौतिक साधनहरुको उत्पादन गरेर मानिसहरु पूरा गर्ने काम सकेपछि लोप हुने मानसिक कार्यमात्र गर्दैनन्, बरु उत्पादनका भौतिक साधनहरु तयार पार्दछन्-यस्ता साधनहरु जुन क्रियाकलापका बाह्य सारको रुपमा उत्पादन-क्रिया र उत्पादक स्वयम बिलाएपनि, अस्तित्वमा रहन्छन्...र त्यसैले जुन, निर्धारित व्यवहारका लागि अभिरुचीको नैतिक बपौतीको व्यक्तिभित्र रहने कुरा नभएर, पहिलेका क्रियाकलापबाट पैदा भएका वस्तु तथा सम्बन्धहरुको सामाजिक विरासतको रुपमा व्यक्तिभन्दा बाहिर रहने कुरा हुन् ।

मानवीय सारतत्व भनेको सामाजिक सम्बन्धहरुको समष्टि हो भन्ने मार्क्सवादी अवधाराणाले मानिस कुनै निराकार जीव नरहेको, बरु उक्त समष्टिको एउटा प्रतिनिधि पात्र मात्र रहेको तथ्यलाई दर्शाउछ । मार्क्सले जसलाई मानवीय सारतत्व भनेका छन्, त्यो नै छुट्टा-छुट्टै मानिसहरुमा रहेको कुरा होइन, बरु त्यसको अस्तित्व सामाजिक सम्बन्धहरुमा रहेको हुन्छ । यही सामाजिक सम्बन्धहरु हुन् जसले मानिसलाई सामाजिक बनाउँछ, अर्थात मानिसको सामाजिकीकरण गर्छ । अर्कोतिर मानिसमा सामाजिक सम्बन्धहरुले आफ्नो मूर्तरुप प्राप्त गर्छन् । आफ्नो 'जेल नोटबुक' मा ग्राम्चीले यस सम्बन्धमा चर्चा गर्दै निम्न विचार व्यक्त गरेका छन् :

'मानिसलाई सक्रिय सम्बन्धहरुको परिपाटीका रुपमा (एउटा प्रतिक्रियाको रुपमा) लिनुपर्छ, जसमा वैयक्तिकता, सायद अत्याधिक महत्वपूर्ण भएर पनि ध्यानमा राख्नुपर्ने एकमात्र तत्व चाँहि होइन । प्रत्येक वैयक्तिकतामा प्रतिबिम्बित हुने मानवता विभिन्न तत्वहरुबाट बनेको हुन्छ : १.व्यक्ति, २. अन्य मानिसहरु, .३. प्राकृतिक संसार । तर पछिल्ला दुई तत्वहरु देखिएजतिका साधारण होइनन् : यसरी मानिस आफू प्राकृतिक संसारको हिस्सा भएकाले मात्र होइन, बरु सक्रिय रुपले कार्य र प्रविधिद्वारा प्राकृतिक संसारसित सम्बन्धमा प्रवेश गरेको हुन्छ । अर्को कुरा, तर सम्बन्धहरु यान्त्रिक होइनन्, ति सक्रिय र सचेत छन्...त्यसैले के भन्न सकिन्छ भने हामीमध्ये प्रत्येक जनाले त्यति हदसम्म आफूलाई हेर्छ । आफूलाई रुपान्तरित गर्छ जति हदसम्म उसले आफू नाभि (Hub) रहेका जटिल सम्बन्धहरुलाई हेर्छ र रुपान्तरित गर्छ । .........यदि कसैको वैयक्तिकता ति सम्बन्धहरुको समष्टि हो भने उसको व्यक्तिको सिर्जना गर्नुको अर्थ ति सम्बन्धहरुबारे चेतना प्राप्त गर्नु हो र उसको आफ्नो व्यक्तित्वलाई रुपान्तरित गर्नुको अर्थ उक्त सम्बन्धहरुको समष्टिलाई रुपान्तरित गर्नु हो ।'

अगाडि उनी भन्छन्, 'सम्बन्धहरुको समष्टिलाई कुनै खास व्यवस्थाको रुपमा जान्नु मात्र पर्याप्त छैन । तिनलाई कुलगुणको रुपमा (genetically) तिनको निर्माणको गतिमा जान्नु पर्छ । किनभने प्रत्येक व्यक्ति विद्यमान संयोजन मात्र होइन, बरु उक्त सम्बन्धहरुको पनि संयोजन हो । उनी सम्पूर्ण अतीतका सारसंक्षेप हुन् ।'

कुनै पनि मानिस जन्मनेवित्तिकै ऊ सामाजिक बनेको हुँदैन । जुन सामाजिक व्यवस्था र सामाजिक वातावरणमा ऊ जन्मेको हुन्छ, ती ऊभन्दा पहिलेको पुस्ताले प्राप्त गरेका हुन् । त्यही सम्बन्ध अर्न्तगत र वातावरणमा उसको जीवन प्रक्रिया चल्छ । उसलाई पाइला पाइलामा उक्त वातावरणले प्रभाव पारिरहन्छ । सोही वातापरण अन्तर्गत उसले परिवारमा, साथीभाईहरुको सहवासमा, सडकमा, पाठशालामा शिक्षा-दिक्षा प्राप्त गर्छ । उसले बोल्ने भाषा, उसले सोच्ने ढाँचा, उसले प्राप्त गर्ने संस्कार आदि सबै पहिलेको पुस्ताले प्राप्त गरेका सामाजिक विकासका उपज हुन् । उसका सामु सामाजिक सम्बन्धहरुको एउटा महत्वपूर्ण व्यवस्था रहेको हुन्छ, जसले उसलाई पलपलमा विभिन्न रुपबाट प्रभाव पारिरहेको हुन्छ र त्यसबाट उसले निरन्तर रुपमा नयाँ नयाँ छाप तथा अनुभवहरु प्राप्त गरेको हुन्छ । यी सारा कुराको बिचमा र त्यसको प्रभाव अन्तर्गत उसको जीवन प्रक्रिया चल्छ र त्यससितको क्रिया प्रतिक्रिया, अन्तर्क्रिया तथा अन्तर्विरोधमार्फत उक्त प्रक्रिया अघि बढ्छ । यसरी ऊ सामाजिक मानिस बन्छ । उसको सामाजिकीकरण हुन्छ र उसले आफ्नो व्यक्तित्वमा सामाजिक सारतत्व प्राप्त गर्छ । उसको सामाजिक वातावरण एउटा विशाल संयन्त्र हो, जसले उसलाई सामाजिक प्राणी बनाउँछ । अनि यो सामाजिक मानिस एउटा यस्तो एकाई रहन्छ, जसमा सामाजिक सम्बन्धहरुको समष्टिले आफूलाई व्यक्त गर्छ । यस सम्बन्धमा लुसिन सेवेले निम्न विचार व्यक्त गरेका छन् :

'मानवताको विरोधाभासलाई सुत्रबद्ध रुपमा यसरी व्यक्त गर्न सकिन्छ : कस्तो लाग्छ भने प्रत्येक व्यक्तिले मोतेग्नेले भनेझैं, 'आफैंभित्र मानवीय अवस्थाको रुप बहन गरेको हुन्छ', प्रत्येक व्यक्ति सामान्य रुपमा मानवताको एउटा एक्लो दृष्टान्त हो, र तर पनि मार्क्सदेखिन् हामीलाई कुन कुरा थाहा छ भने सामान्य रुपमा मानवता, सर्वव्यापक रुपमा बुझिएको मानवता, मानवीय हुनाको तथ्य, मानवीय सारतत्व भनेको आफैंमा वैयक्तिकताको रुप, मनोवैज्ञानिक रुप होइन । त्यो त उत्पादक शक्तिहरु, सामाजिक सम्बन्धहरु, साँस्कृतिक प्राप्तिहरु आदिको ऐतिहासिक रुपले परिवर्तनीय र ठोसको जोड हो । आफ्नो सारतत्वमा मानवताको मानवीय रुप रहेको हुँदैन । तर पनि, मानवीय रुप नभएको सारतत्वमा प्रत्येक व्यक्तिले मानवीय रुपमा आफ्नो वैयक्तिकताको रुप धारण गरेको हुन्छ ।'

मानिस भनेको सामाजिक सम्बन्धहरुको समष्टि हो भन्ने मार्क्सवादी प्रस्थापनाले मानवीय वैयक्तिकता र सामाजिक सम्बन्धहरुको सहसम्बन्धको आधारभूत सवालको वैज्ञानिक समाधान निकाल्न सम्भव बनायो । सुविदित तथ्य के छ भने सामाजिक सम्बन्धहरु परिवर्तनशील छन् र तिनको परिवर्तन निरन्तर भइरहेको छ । उपरोक्त प्रस्थापनाको सार अनुसार मानिस र उसको स्वभाव पनि सामाजिक सम्बन्धहरुको परिवर्तनअनुरुप निरन्तर परिवर्तन हुन्छ र भइरहेको छ र 'सामान्य रुपमा मानिस' भन्ने रहदैन । ती सामाजिक सम्बन्धहरु मानिसहरुको सामाजिक जीवनका विभिन्न तत्वहरुमार्फत अभिव्यक्त हुने गर्छन् ।

फ्वारबाखले के भनेका छन् भने मानिस आफूले जे खान्छ, त्यही हो, अर्थात चिन्तन खानुमा रहेको छ (thinking is in eating) । उक्त भनाईको उल्लेख गरेर ग्राम्चीले इतिहासको विकासको सिलसिलामा मानिसको खानपिनमा खानाको छनौटमा सुधार हुँदै आएको तथ्यलाई औंल्याउँदै लेखेका छन् :

'अर्कोतिर मानिस आफूले जे खान्छ त्यही हो' भन्ने भनाई पनि त्यस हदसम्म साँचो छ, जति हदसम्म खानपिन समग्र रुपमा सामाजिक सम्बन्धहरुको एउटा अभिव्यक्ति रहन्छ र प्रत्येक सामाजिक समूहको आफ्नै मूल रुपको खानपिन रहन्छ । तर त्यतिकै मनासिव रुपमा के भन्न सकिन्छ भने 'मानिस भनेको उसको लवाई हो', 'मानिस भनेको उसको निवास-निर्माण हो' वा मानिस भनेको उसको आफ्नै पुनरुत्पादन गर्ने उसको विशिष्ट ढंग अर्थात उसको परिवार हो ।' किनभने खानपिन सँगसँगै निवास-निर्माण, लवाई र पुनरुत्पादन सामाजिक जीवनका तत्वहरुमा पर्छन् र ती तत्वहरुमा सामाजिक सम्बन्धहरु अत्याधिक स्पष्ट तथा आम रुपमा अभिव्यक्त हुन्छन् ।'

यसरी ठोस ऐतिहासिक सामाजिक अवस्थाहरुको समसिष्ट रहेको मानवीय सारतत्व ठोस वैयक्तिकतामार्फत सामाजिक मानिसमार्फत अभिव्यक्त हुन्छ । मार्क्सको भनाई अनुसार,

'सबभन्दा मुख्य कुरो हामीले फेरि पनि 'समाज' लाई व्यक्तिको विपरित एक अमूर्तताको रुपमा सकार्नु हुँदैन । व्यक्ति भनेको सामाजिक प्राणी हो । तसर्थ, उसको जीवनका अभिव्यक्तिहरु अरुहरुसित मिलेर खेपेका जीवनका सामुदायिक अभिव्यक्तिका रुपमा प्रत्यक्षसित नदेखिए पनि ती सामाजिक जीवनका अभिव्यक्ति र परिपुष्टि हुन्....

'त्यसैले मानिस जति रुपमा एउटा विशिष्ट व्यक्ति हुन सक्छ (र यथार्थमा उसको विशिष्टताले नै उसलाई एउटा व्यक्ति र एउटा वास्तविक वैयक्तिक सामाजिक प्राणी बनाउँछ), त्यतिकै रुपमा ऊ एउटा सम्पूर्णता-मानसिक (Ideal) सम्पूर्णता आफ्नै लागि काल्पनिक वा अनुभवजन्य समाजको मनोगत अस्तित्व हो, जसरी ऊ सामाजिक अस्तित्वको सजगता तथा वास्तविक उपभोग र जीवनका मानवीय अभिव्यक्तिको सम्पूर्णता दुवैका रुपमा वास्तविक संसारमा अस्तित्वमा रहन्छ ।'

आफ्ना विशेषतासहितको सामाकि मानिस त्यस्तो ठोस वैयक्तिकता हो, जसमा सामाजिक सम्बन्धहरुले आफ्नो अभिव्यक्ति प्राप्त गर्छन । र सामाजिक मानिसको रुपमा उसको व्यक्तित्वको सारतत्व विभिन्न क्षेत्रहरुमा उसको क्रियाकलापमा अभिव्यक्त हुन्छ । यसरी आफ्ना उद्देश्य र चाहाना पूर्तिका लागि मानिसले गर्ने क्रियाकलाप नै ठोस वैयक्तिकता र सामाजिक अवस्थाहरुको एकता र अन्तर्क्रियाको केन्द्रबिन्दु रहन्छ । उसका क्रियाकलापहरु त्यस्ता साधन हुन् जसको मद्दतबाट उसले सामाजिक अवस्थाहरुमा सुधार र परिवर्तन ल्याउँछ र त्यस अनुरुप आफूलाई पनि परिवर्तन गर्छ । त्यस सम्बन्धमा ग्राम्चीले निम्न विचार व्यक्त गरेका छन् :

'मानिसहरु आफ्नो व्यक्तित्वको सिर्जना यसरी गर्छन : १) आफ्नो जीवन्त प्रेरणा र इच्छालाई एउटा ठोस र विशिष्ट (विवेकयुक्त) दिशा प्रदान गरेर, २) उक्त इच्छालाई अनर्गल होइन कि ठोस र विशिष्ट बनाउने साधनको पहिचान गरेर, ३) आफ्ना सीमा र सामर्थ्यअनुसार र अत्याधिक फलदायी रुपमा उक्त इच्छा सिद्ध गर्नका लागि ठोस अवस्थाहरुको समष्टिलाई सुधार गर्नमा योगदान गरेर । मानिसलाई शुद्ध वैयक्तिक तथा मनोगत तत्वहरु र जुन आम तथा वस्तुगत तथा भौतिक तत्वहरुसित आफू सक्रिय सम्बन्धमा रहेको छ, ती तत्वहरुको ऐतिहासिक चाकलाको (bloc) रुपमा लिइनु पर्छ । बाह्य संसार, सम्बन्धहरुको सामान्य व्यवस्थालाई रुपान्तरित गर्नु भनेको आफैंलाई शक्तिशाली बनाउनु र आफैलाई विकसित गर्नु हो । .....वैयक्तिकतामा रहेका तत्वहरुको संयोजन 'वैयक्तिक' हो, तर प्रकृति र विभिन्न मात्रामा आफू रहेका विभिन्न सामाजिक मण्डलाहरुमा अरु मानिसहरु दुवैसितका बाहय सम्बन्धमा सुधार गर्दै बाहिरतर्फ निर्देशित क्रियाकलाप नभएमा, त्यसलाई सिद्ध गर्न र सम्पूर्ण मानवजातिलाई ओगट्ने महानतम सम्बन्धमा विकसित गर्न सकिन्न ।'

माथिको कुराबाट हामी के बुझ्न सक्छौं भने व्यक्ति सधैंभरी आफू कुनै छुट्टै व्यक्तिको रुपमा होइन, बरु एउटा सामाजिक व्यक्तिका रुपमा समाजमा क्रियाशील रहन्छ र उसको क्रियाकलापमा उसको आफ्नैपन र सामाजिक सम्बन्धहरु अभिव्यक्त हुन्छन् । कुनै व्यक्तिको कार्य एकातिर उसको आफ्नो वैयक्तिक विशेषताको अभिव्यक्ति हो भने अर्कोतिर त्यो कार्य मानवीय सारतत्वको (अर्थात सामाजिक सम्बन्धहरुको समष्टिको) एउटा पक्ष हो । यसरी सामाजिक मानिसको कार्यमा एउटा द्वैतत रहेको हुन्छ र यस द्वैततामा ठोस वैयक्तिकता र सामाजिक सम्बन्धहरुका बीच विभिन्न अन्तर्विरोधहरु रहने सम्भावना रहन्छ । मानिसको ठोस क्रियाकलाप, जसमा उसका सामर्थ्य र क्षमता खुलस्त देखा पर्छ र जुन उसको चाहाना र स्वार्थसित गाँसिएको हुन्छ, त्यो ऊ रहेको सामाजिक अवस्था र वातावरणद्वारा परिबन्धित र सीमित रहन्छ , जसले गर्दा उसको ठोस वैयक्तिकताको अभिव्यक्ति स्वरुप रहेको उसको स्वतन्त्रता समाजका ऐतिहासिक दृष्टिले सीमित अवस्थाहरुसित टकराउने स्थिति रहन्छ । यहाँ नै उपरोक्त अन्तर्विरोधको मूल कारण रहेको छ । धेरै पहिले नै अरस्तुले मानिसलाई एउटा 'सामाजिक मानिस' का रुपमा परिभाषित गरेका थिए । माथि हामीले मानिसको सम्बन्धमा जुन चर्चा गरेका छौं, त्यो सामाजिक मानिस सम्बन्धि मार्क्सवादी सिद्धान्तमा आधारित छ । मानिस एउटा सचेत, चेतनायुक्त प्राणी हो, तर उसको चेतना उसको आफ्नैभित्र रहेको चेतना होएन, कुनै 'शुद्ध' चेतना होइन । मानिसको चेतना प्राकृतिक वातावरणसित र समाजका अरु व्यक्ति तथा चीजहरुसित उसको सम्बन्धको आवश्यकताबाट उत्पन्न हुन्छ र त्यसैले त्यो एउटा सामाजिक उपज हो, अर्थात सामाजिक सत्ता त्यसको स्रोत र आधार हो । त्यसको अर्थ के भने मानिसको चेतनाको स्तर सामाजिक विकासको स्तर अनुरुप रहन्छ । मानवजातिको इतिहासको पहिलेको चरणमा (अर्थात आदिम साम्यवादी चरणमा) मानिसको चेतना तल्लो स्तरमा थिए । इतिहासको त्यस चरणमा समाजमा वर्ग- विभाजन भएको थिएन, त्यसैले कुनै वर्ग-स्वार्थ भन्ने कुरो थिएन् । त्यहाँ सामाजिक समानता थियो र साम्यवादी सि द्धान्तहरुको प्रभुत्व थियो । समानता र सामूहिकताको भावना नै आदिम मानिसहरुको जीवन पद्धतिको मूल विशेषता थियो । मानवीय मनमा उक्त जीवनावस्थाहरुको प्रतिबिम्बस्वरुप त्यसबेला मानिसहरु जनावर फरक भए पनि एक अर्कोबाट त्यति फरक थिएन । पछि, समयको क्रममा उत्पादक शक्तिहरुको विकास र श्रमको बढ्दो उत्पादकत्व, मानिसका आवश्यकताहरुको वृद्धि र तिनको संख्यात्मक वृद्धि आदि कारणहरुले गर्दा सामाजिक श्रम विभाजनको उत्पत्ति भयो, जसले तत्कालीन समाजलाई रुपान्तरित गर्नमा महत्वपूर्ण ऐतिहासिक भूमिका खेल्यो । मार्क्स भन्छन् :

'...आफ्नो वरिपरिका व्यक्तिहरुसित मिल्नुपर्ने आवश्यकता सम्बन्धि मानिसको चेतना आफू समाजमा बसिरहेको चेतनाको सुरुवात हो । यो सुरुवात त्यस चरणमा सामाजिक जीवन जनावर-जीवन जस्तै रहन्छ । यो बगाल-चेतना (herd–conscioudness) मात्र हो र त्यस विन्दुमा मानिस भेडाबाट कुन कुराले मात्र फरक रहन्छ भने मानिसको सम्बन्धमा चेतनाले सहजज्ञानको (instinct) को ठाउँ लिन्छ वा उसको सहजज्ञान एउटा सचेत सहजज्ञान रहन्छ । बढेको उत्पादकत्व, आवश्यकताहरुको वृद्धि र दुवैका लागि आधारभूत रहेको, जनसंख्याको वृद्धिमार्फत उक्त चेतनाले अरु विकास र विस्तार प्राप्त गर्छ । त्यस सँगसँगै श्रमविभाजनको विकास हुन्छ र यो विभाजन सुरुमा यौन कार्यमा श्रम विभाजन मात्र रह्यो र अनी त्यो श्रम विभाजन प्राकृतिक अनुकुल स्थिति (predisposition), आवश्यकता, संयोग, आदि कारणले गर्दा स्वतस्फूर्त रुपले वा प्राकृतिक रुपले वा 'प्राकृतिक रुपले' विकसित हुन्छ । श्रम विभाजन त्यस क्षणबाट बच्चा श्रम विभाजन बन्छ, जब भौतिक वा मानसिक श्रमका् विभाजन देखा पर्छ ।'

मार्क्सको माथिको भनाईबाट कुन तथ्य थाहा हुन्छ भने मानिस मानिसलाई जनावरबाट पूरै रुपमा छुट्याउने प्रमुख तत्व मानवीय समाजमा श्रम विभाजनको सुरुवात हो । सामाजिक श्रम विभाजन मानव समाजमा मात्र पाइन्छ, र यो जनावर जगतमा देख्न पाइदैन । यस सम्बन्धमा लुसिन सेवेले निम्न विचार व्यक्त गरेका छन् :

जुन हदसम्म मानिस समाजिकृत बन्छ, त्यति हदसम्म व्यक्ति कसरी वैयक्तिककृत बन्न सक्छ ? त्यसैले त्यो कुन ऐतिहासिक प्रक्रिया हो जसले उत्तर विपरितहरुको एकता पैदा गर्छ ? मार्क्सको वैज्ञानिक कृतिमा उक्त प्रश्नको जवाफलाई स्पष्टसित पढ्न सकिन्छ : त्यो प्रक्रिया हो, श्रम विभाजन....यसको अभावमा मानवीय व्यक्तिहरु एउटै जातिका जनावरहरु एक अर्कोबाट जति फरक रहन्छन् त्यो भन्दा बढी एक अर्कोबाट फरक रहदैनन् । आफ्ना सारा सहचर (attendant) परिणामहरुसहित मानवीय सामाजिक श्रम विभााजन मानिसमा वैयक्तिकीकरण सबभन्दा गहन तथा सामाज्य सामाजिक आधार हो र यसलाई व्यक्तिहरुको सम्बन्धमा मानवीय सारतत्वको सामाजिक बाहिरीपनको प्रारम्भिक (permordial) तथ्यको परिणामको रुपमा देख्न सकिन्छ । वास्तविक मानवीय सारतत्व, श्रम, उत्पादनका साधन, सामाजिक सम्बन्ध, साँस्कृतिक उपज, आदिको संचयद्वारा प्रकृतिका परिवर्तनको रुपमा व्यक्तिभन्दा बाहिर ऐतिहासिक रुपले संचय भइरहेको मानवीय सामाजिक विरासत यस्तो परिघटनाको रुपमा देखा पर्छ, जुन समग्र जनावर जगतमा हुँदैन ।'

........ *क्रमशः*

# साम्राज्यवादी संकट र वैज्ञानिक समाजवादको भविष्य



● इन्द्रमोहन सिग्देल ●

यो साम्राज्यवाद तथा सर्वहारा क्रान्तिको युग हो । यसलाई लेनिनको युग पनि भनिन्छ । लेनिनले साम्राज्यवाद भनेको मरणासन्न पुँजीवाद अर्थात समाजवादी क्रान्तिको पूर्वसन्ध्याको पुँजीवाद हो भन्नु भएको थियो । यतिबेला साम्राज्यवाद गम्भीर आर्थिक संकटबाट गुज्रिरहेको छ । यो संकट पुँजीवादी अर्थतन्त्रको अन्तरनिहीत अन्तरविरोधको अनिवार्य परिणाम हो । निजी स्वामित्व र सामूहिक उत्पादन पुँजीवादी उत्पादन सम्बन्धका आधारभूत विशेषताहरु हुन् । त्यसमाथि, पुँजीवादी देशमा उपभोग्य वस्तुको उत्पादन समाजको आवश्यकता र राष्ट्रिय योजनाका आधारमा गरिदैंन । पुँजीपतिले नाफालाई केन्द्रमा राखेर मालको उत्पादन गर्दछ । यसलाई उत्पादनको अराजकता भनिन्छ । यो पुँजीवादी उत्पादन पद्धतिको अर्को विशेषता हो । निजी स्वामित्व र सामूहिक उत्पादनबीचको अन्तरविरोध नै पुँजीवादी व्यवस्थाको आधारभूत अन्तरविरोध हो । यही अन्तरविरोधका कारण पुँजीवाद सधैं आर्थिक संकटमा परिरहन्छ । यतिमात्र हो कि कहिले त्यो संकट अलि सामान्य हुन्छ त कहिले अलि बढी गम्भीर । तर समग्रमा यो संकट पुँजीवादको अन्त नहुँदासम्म बर्तुलाकार ढङ्गले उत्कर्षतिर अगाडि बढिरहन्छ ।

इतिहासमा हामीले थुप्रै आर्थिक संकटहरु सुनेका र देखेका पनि छौं । ती मध्ये ५ वटा संकटहरु निकै गम्भीर र खतरनाक आर्थिक संकट मानिन्छन् । पहिलो सन् १७७२ मा बेलायतबाट सुरु भएर युरोपसम्म विस्तार भएको क्रेडिट संकट दोस्रो, सन् १९२९ देखि सन् १९३९ सम्मको विश्वव्यापी महामन्दी तेस्रो, १९७३ मा अरब राष्ट्रहरुले अमेरिका विरुद्ध पेट्रोलियम पदार्थमा लगाएको नाकाबन्दीका कारण पैदा भएको अमेरिकी आर्थिक संकट चौथो, १९९७ मा थाईल्याण्डबाट सुरु भएर एसियाई मुलुकहरुमा विस्तार भएको वित्तीय संकट र पाचौं, सन् २००८ मा अमेरिकाबाट सुरु भएर विश्वभरी विस्तार भएको पछिल्लो वित्तीय संकट । यी मध्येका प्रत्येक संकटहरु त्यसको अघिल्लो संकटभन्दा गम्भीर र डरलाग्दा रहेका छन् र ती देशलाई संकटपूर्वको स्थितिमा फर्किन दशौं वर्ष लागेको देखिन्छ । प्रत्येक आर्थिक संकटपछिका वर्षहरु विश्वभरी नै निकै ठूला-ठूला राजनीतिक उथल-पुथलका वर्ष पनि हुने गरेका छन् ।

यो पछिल्लो आर्थिक संकटको प्रभाव अहिलेसम्म सकिएको छैन । केही अर्थशास्त्रीहरुले आगामी दिनहरुमा अहिलेको भन्दा झन डरलाग्दो संकट आउने भविष्यवाणी गरेका छन् । यही सन्दर्भमा सेप्टेम्बर २२, २०१६ मा प्रकाशित बेलायती अनलाईन पत्रिका ‘एक्सप्रेस’ मा एकजना अमेरिकी लगानीकर्ता टाड रिभेललाई उद्धृत गर्दै लाना क्लिमेन्ट्सले लेखेका छन्, ‘२००८ देखि आजसम्म आउँदा अमेरिकाको निगम ऋण २ ट्रिलियन डलरबाट बढेर ६ ट्रिलियन डलर (६० खरब डलर) पुगेको छ । ...ऋणको यो फोका अब धानिन सक्दैन । ...विश्वभरी ठूलो वित्तिय दुर्घटना सन्निकट छ ।’ यो विश्लेषण सत्यको नजिक देखिन्छ । प्रत्येक आर्थिक संकटपछि राष्ट्रहरुको ऋण थपिने गरेको छ, सीमित मान्छेहरु धनी बनेका छन् र गरीबहरु झन-झन गरीब बन्दै गएका छन् । निरन्तर चल्दै आएको यो प्रक्रिया अहिले अझ द्रुत गतिमा अगाडि बढिरहेको छ ।

प्रत्येक आर्थिक संकटपछि साम्राज्यवादीहरुले पुँजीवादी अर्थनीतिमा सामान्य फेरबदल गर्ने र आर्थिक संकटलाई केही पर धकेल्ने प्रयास गर्दै आएका छन् । यस सन्दर्भमा अक्टोबर समाजवादी क्रान्ति पछिको प्रक्रियालाई अलि गहिरो गरी हेर्न जरुरी छ । एकातिर, सन् १९२९-३९को महामन्दीले पैदा गरेको विश्वव्यापी आर्थिक संकट र अर्कोतिर रुसी समाजवादी अर्थतन्त्रको विश्वभर परेको सकारात्मक प्रभावका बिचमा साम्राज्यवादीहरुले राज्य नियन्त्रित पुँजीवादी अर्थनीति अर्थात केनेसियन मोडेलको मिश्रित अर्थनीति अबलम्बन गरे । त्यो मुख्यतः युरोपियन देशहरुमा समाजवादको बढ्दो प्रभावलाई रोक्न ल्याईएको आर्थिक मोडेल थियो । सामाजिक सुरक्षा, निशुल्क स्वास्थ्य तथा शिक्षा, बेरोजगार भत्तालगायतका कतिपय जनपक्षीय काम गरे पनि त्यो पुँजीवाद नै थियो र त्यसले पुँजीवादी संकटलाई टार्न सम्भव थिएन । सन् १९७३ मा अरब राष्ट्रहरुले तेलको नाकाबन्दी लगाएपछि विश्वले अर्को आर्थिक संकट बेहोर्नु पऱ्यो । त्यहाँसम्म पुग्दा मिश्रित अर्थतन्त्रको केनेसियन मोडेल पनि पूर्णतः असफल सिद्ध भइसकेको थियो । ८० को दशकतिर आईपुग्दा र मुख्यतः शीतयुद्धको अन्तपछि फ्रिडम्यानको मोडेल अर्थात नवउदारवाद पुँजीवादी अर्थनीतिको वैचारिक आधार बन्न गयो ।

नवउदारवादले निजीकरणलाई सबै समस्याहरुको अचुक समाधान हो भन्ने मान्दछ । निजीकरणको मूल उद्देश्य भनेको कसैलाई पनि सामूहिक सौदावाजी गर्ने अधिकार दिनु हुँदैन भन्ने हो । निजीकरणले सार्वजनिक क्षेत्रका उद्योगहरुलाई निजी बैंक र लगानीकर्ता कम्पनीहरुको हातमा सुम्पिने काम गरेको छ । नवउदारवादीहरुको नीति बजारलाई स्वतन्त्र छाडिदिनु हो । यसका तीनवटा अन्तर-सम्बन्धित विशेषताहरु रहेका छन् । ती हुनः व्यापारको स्वतन्त्रता, पुँजीको स्वतन्त्रता र लगानीको स्वतन्त्रता । नवउदारवादीहरुको भाषामा यो बजार मानवीय सम्बृद्धि र खुसी प्राप्त गर्नका निम्ति सरकारी नियम, मजदुर संगठन, सामाजिक सुरक्षा, पर्यावरण सम्बन्धि कानुनलगायत कुनै पनि नैतिक बन्धनहरु नभएको स्वतन्त्र बजार हो । यसमा सरकारको निर्णायक भूमिका रहँदैन । सबै कुरालाई बजारको जिम्मामा छाडिन्छ । यसलाई अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकको सहयोगमा अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन र बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचरले ९० को दशकबाट कार्यान्वयनमा लगेका थिए । त्यसपछि, सत्ता र सरकारको भूमिका मुख्यतः बैंक तथा आर्थिक संस्थानहरुलाई विश्वभरी लगानी गर्नका लागि वातावरण बनाई दिने विचौलिया दलालहरुको भन्दा भिन्न रहेन । राजनीतिक नेताहरु मुट्ठीभर पुँजीपतिका नोकर सरह बने ।

तर, आज यहाँसम्म आईपुग्दा नवउदारवादी अर्थतन्त्र पनि पूर्णतः असफल भैसकेको छ । नवउदारवादले २००८ को वित्तीय संकट टार्न त सकेन नै बरु त्यो विगतका आर्थिक संकटहरुभन्दा अझ विकराल बनेर देखा परेको छ । यसबारे विभिन्न अर्थशास्त्रीहरुले आलोचनात्मक टिप्पणी गरेका छन् । नोबेल पुरस्कार विजेता अर्थशास्त्री, विश्व वैकका वरिष्ठ उपाध्यक्ष तथा अमेरिकी भूतपूर्व राष्ट्रपति विल क्लिन्टनका आर्थिक सल्लाहकार जोसेफ सिग्लिजले नवउदारवादको मृत्यु भैसकेको घोषणा गरेका छन् । अगस्त १९, २०१६ को अनलाईन प्रकाशन ‘विजनेस इन्साईडर’ मा सिग्लिजलाई उद्धृत गर्दै विल मार्टिनले लेखेका छन्, ‘विकासशील र विकसित दुबैथरी देशहरुमा नवउदारवाद मरिसकेको छ ।’ त्यतिमात्र होईन साम्राज्यवादीहरुको आर्थिक नीति निर्माण गर्ने संस्था अन्तर्राष्ट्रिय मुद्रा कोषका निमित्त निर्देशक जोनाथन अस्ट्री र विभागीय प्रमूख प्रकाश लौगानी नवउदारवादी आर्थिक नीतिप्रति नै आलोचक रहेका छन् । ‘ल्भयष्दिभचबष्किस इखभचकयमि’ शीर्षक दिईएको रचनामा उनीहरुले लेखेका छन्, ‘समृद्धि दिनुको साटो कतिपय नवउदारवादी नीतिले असमानतालाई बढाएको छ ।’ फ्रान्सका अर्थशास्त्री र ‘ईकोनोमिस्ट’ को शब्दमा आधुनिक मार्क्स थोमस पिकेटीले ४५२ पृष्ठ रहेको ‘२१औ शताब्दीमा पुँजी’ नामको एउटा महत्वपूर्ण पुस्तक लेखेका छन् । धनी र गरीबका बिचको खाडल कहिल्यै घटाउन नसक्ने बरु सधैं बढाई रहने हुनाले पुँजीवाद असफल भएको छ भन्ने उनको निष्कर्ष छ ।

नवउदारवादले पुँजीलाई सीमित व्यक्तिहरुको हातमा केन्द्रित गर्ने बाटो खोलेको छ । पुँजीपतिहरुले अथाह मुनाफा कमाएका छन तर त्यसको व्यवस्थापनमा सरकारको कुनै भूमिका छैन । यसको परिणाम औंलामा गन्न सकिने केही मानिसहरुको हातमा अकुत सम्पत्ति थुप्रिएको छ भने बाँकी गरिबीको दुश्चक्रमा धकेलिईरहेका छन् । त्यसमा पनि २००८ को आर्थिक संकटपछि यो प्रक्रिया दिन दुई गुणा र रात चौगुणाका दरले वृद्धि हुँदै गएको छ । आजभन्दा ४ वर्ष अगाडिसम्म विश्वका सबभन्दा धनी १ सय ८५ जना र विश्वका सबभन्दा गरिब आधा जनसंख्याको कुल सम्पत्ति बराबर छ भन्ने तथ्यांक पढ्न पाईन्थ्यो । २ वर्ष अगाडिसम्म धनीहरुको उक्त संख्या ६२ मा झऱ्यो भनियो र अहिले अनलाईनमा सबभन्दा माथिका ८ जना धनाढ्यको र यस पृथ्वीमा बसोबास गर्ने तल्लो आधा जनसंख्याको सम्पत्ति बराबर छ भन्ने लेखहरु पढ्न पाईन्छ । यस्ता तथ्यांकहरु इहाक र ँयचदभक जस्ता अन्तर्राष्ट्रिय संस्थाले चलाएका अनलाईनबाट आईरहन्छन् ।

नवउदारवाद सफल कि असफल भन्ने बहस यतिबेला केही अर्थशास्त्री र प्रगतिशील पत्रपत्रिकामा मात्र सीमित रहेको छैन । यो विषय विश्वका दुई अति महाशक्ति देशहरु अमेरिका र चीनका बिचमा एउटा गम्भीर बहसको मुद्दा बन्न गएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प भूमण्डलीकरण तथा नवउदारवादका विरुद्धमा र संरक्षणवादको पक्षमा उभिएका छन् भने चीनका राष्ट्रपति सि जिन पिङ्ग संरक्षणवादको विरुद्ध र नवउदारवाद र भूमण्डलीकरणको पक्षमा । यही जनवरी १७, २०१७ मा विश्व आर्थिक मञ्च (WEF)ले स्वीजरल्याण्डको डेभोसमा आयोजना गरेको बैठकलाई सम्बोधन गर्दै उनले भनेका छन्, ‘यो साँचो हो कि आर्थिक भूमण्डलीकरणले नयाँ समस्याहरु जन्माएको छ, तर यत्तिले मात्र आर्थिक भूमण्डलीकरणलाई पूर्णतः खारेज गर्नु पर्दछ भन्ने कुराको पुष्टि हुन सक्दैन । बरु हामीले आर्थिक भूमण्डलीकरणलाई परिस्थिति अनुकुल बनाउनु पर्दछ, यसका नकारात्मक असरलाई कम गर्नु पर्दछ र यसका उपलब्धिलाई सबै देश तथा राष्ट्रहरुसम्म पुऱ्याउनु पर्दछ ।’ यसले देखाउँछ कि चीनले भूमण्डलीकरणलाई समर्थन मात्र गरेको छैन बरु त्यसलाई विकास र विस्तार गर्न प्रतिबद्ध पनि छ । चीनको एक क्षेत्र एक सडक (One Belt One Road) भन्ने वर्तमान अभियान यही नीतिमा आधारित छ ।

कुनै बेला आर्थिक विकासको अचुक हतियार ठानिने नवउदारवाद अहिले चर्को आलोचनाको घेरामा पर्न थालेको छ । एकजना जापानी अर्थशास्त्री सतोषी फुजीले भूमण्डलीय पुँजीवाद पछि (Beyond Global Capitalism) भन्ने एउटा महत्वपूर्ण पुस्तक सम्पादन गरेका छन् । उनको भनाइमा नवउदारवादका कारण उत्पादन घटेको छ, असमानता बढेको छ र आर्थिक संकटकहरु झन छिटो पैदाहुने गरेका छन् । यी समस्याबाट पार पाउन विकसित र अल्पविकसित देशमा दुई भिन्न प्रकारका सुधार गर्नु पर्ने उनको राय छ । उनले लेखेका छन्, ‘समृद्ध देशहरुले आर्थिक प्रणालीमा सुधार गर्नु पर्दछ ...। विकासशील देशहरुलाई पुँजीवादी मुलुकहरुले पहिले गरे जस्तै अन्य देशहरुसँग वैदेशिक व्यापार गर्न र विदेशी लगानीमा आफ्नो आवश्यकता अनुरुप ससाना उद्योगहरु खोल्न पाईने गरी तिनलाई सुहाउने नीति निर्माण गर्न दिइनु पर्दछ ।’ यसरी वर्तमान साम्राज्यवादको एकाधिकारवादी हस्तक्षेपका विरुद्ध उनले विकासशील देशले आफ्नो अर्थतन्त्रको संरक्षण गर्ने गरी नीति निर्माण गर्नु पर्ने कुरा सुझाएका छन् । वस्तुतः उनको यो भनाईले एकाधिकारवादी पुँजीवादका विरुद्ध राष्ट्रिय पुँजीवादको पक्षपोषण गर्दछ । नवउदारवादको विरोध गर्ने यो कोण मूलतः सही छ ।



यतिबेला अर्को कोणबाट पनि नवउदारवादको विरोध हुन थालेको छ । रिपब्लिकन पार्टीका नेता रोनाल्ड रेगन र बेलायतको कन्जर्भेटिभ पार्टीकी नेतृ मार्गरेट थ्याचरको कार्यकालमा अगाडि बढाइएको नवउदारवादी नीतिको विरुद्धमा अहिले उही पार्टीका नेता डोनाल्ड ट्रम्प र उही पार्टीकी नेतृ टिरिजा मेले संरक्षणवादको पक्षमा वकालत गर्न थालेका छन् । विचित्र त के भएको छ भने, हिजोका भूमण्डलीकरणका पक्षधर पार्टीका नेताहरु आज संरक्षणवादको पक्षमा उभिएका छन् भने हिजोका समाजवाद र संरक्षणवादका पक्षधर पार्टीका नेताहरु आज खुलेर भूमण्डलीकरणको पक्षमा वकालत गर्दैछन् । विश्व राजनीतिक परिवेशमा आएको परिवर्तनको यो स्थितिलाई सामान्य काकतालीको अर्थमा मात्र हेर्नु हुँदैन । यसले विश्व सर्वहारा क्रान्ति र राष्ट्रिय मुक्ति आन्दोलनका सन्दर्भमा समेत गहिरो प्रभाव पार्दछ । नवउदारवादको विरोध र ‘ अमेरिकालाई फेरि महान बनाऔं’ भन्ने नाराभित्रको डोनाल्ड ट्रम्पको अन्धराष्ट्रवाद फाँसीवादको दिशामा अगाडि बढ्दैछ । उनका अहिलेसम्मका गतिविधिहरुले समेत यसलाई राम्ररी पुष्टी गरेका छन् ।

अर्कोतिर, गएको करीब दुई दशकका बिचमा विज्ञान तथा प्रविधिले गरेको विकास र क्रान्तिमा त्यसले पार्ने प्रभावलाई हामीले नजर अन्दाज गर्न हुँदैन । हिजोसम्म असम्भव मानिने कामलाई आज तेस्रो औद्योगिक क्रान्तिले सम्भव बनाई दिएको छ । कार चलाउने, विभिन्न भाषामा अनुवाद गर्ने, बैंकमा आर्थिक कारोवार गर्ने, अध्यापन गर्ने जस्ता हिजो दक्ष मानिसले गर्ने कामहरु आज मेशिनको सहयोगमा सजिलै गर्न सकिने भएका छन् । विविध कारणबस मानिसले गर्न नसक्ने अप्ठ्यारा कामहरु गर्न आज यन्त्र मानवको निर्माण भएको छ । हालसालै विश्व आर्थिक मञ्चका संस्थापक अध्यक्ष क्लाउज श्वाबले ‘चौथो औद्योगिक क्रान्ति’ नामको एउटा पुस्तक लेखेका छन् । उनको भनाईमा चौथो ओद्यौगिक क्रान्तिले भौतिक (Physical), अंकीय (Digital) र जैविक (Biological) संसारलाई संयोजन गर्ने, अर्थतन्त्र, उद्योग र समाजका सबै शाखालाई प्रभाव पार्ने र मानव हुनुको अर्थ के हुन्छ भन्ने विचारलाई समेत चुनौती दिनेगरी यसले नयाँ प्रविधिको विस्तृत क्षेत्रलाई समेट्छ । यसको दायरा कति धेरै फराकिलो हुँदैछ भन्ने कुरा यस भनाईबाट अनुमान लगाउन सकिन्छ ।

चौथो औद्योगिक क्रान्तिबारे विभिन्न विद्वानहरुले गम्भीर प्रतिक्रिया दिएका छन् । यसबारे डिसेम्बर २, २०१६ का दिन बेलायतको अनलाईन पत्रिका विजनेस ईन्साइडरमा ‘स्वचालन र कृत्रिम प्रज्ञाले मध्यमवर्गका प्रायः सबै कामहरुलाई सिध्याउँदै छः स्टेफेन हकिङ्ग’ शीर्षकमा रब प्राइसको नामबाट एउटा महत्वपूर्ण लेख प्रकाशित भएको छ । सो लेखमा हकिङ्गलाई उद्धृत गर्दै प्राईसले लेखेका छन्, ‘स्वचालनले विश्वभरी फराकिलो बन्दै गैरहेको आर्थिक असमानताको गतिलाई अरु बढाईदिने छ । ईन्टरनेट र त्यस्तै प्लेटफर्मले थोरै मान्छेलाई काममा लगाएर मानिसको एउटा सानो समूहलाई प्रचुर नाफा कमाउन सम्भव बनाईदिने छ । यो अपरिहार्य छ, यो प्रगति हो तर यो सामाजिक हिसाबले ध्वंशात्मक पनि छ ।’ उनले उक्त रचनामा स्वचालनका कारण अमेरिकाका करीब ४७ प्रतिशत, बेलायतमा ३५ प्रतिशत, चीनमा ७७ प्रतिशत कामदारहरुको जागिर खतरामा पर्दैछ भन्ने सिटी बैंकले प्रस्तुत गरेको तथ्यांकलाई उद्धृत गरेका छन् । यो मानवताका लागि निकै डरलाग्दो स्थिति हो ।

तेस्रो र चौथो औद्योगिक क्रान्ति तथा कृत्रिम प्रज्ञा (Artificial Intelligence) ले निम्त्याएका खतराहरु बारे पुँजीपतिहरु अनभिज्ञ छन् भन्ने पटक्कै होईन । ती खतराबारे उनीहरुको दृष्टिकोण र उनीहरुले दिने समाधानका उपायहरु भने निकै दयालाग्दा र हाँस्यास्पद छन् । गत फेब्रुवरी २५, २०१७ का दिन अनलाईन पत्रिका फर्च्युनमा बोस्टोन युनिभर्सिटीका अर्थशास्त्री जेम्स बेसनको नामबाट एउटा महत्वपूर्ण लेख प्रकाशित भएको थियो । त्यसमा लेखिएको छ, ‘हालैको एउटा अन्तरवार्तामा माईक्रोसफ्टका संस्थापक पुँजीपति विल गेट्सले रोबोटलाई कर लगाउने प्रस्ताव गरेका छन् । आउने २० वर्षसम्ममा ठूलो संख्याका श्रमिकहरुलाई रोबोटले विस्थापन गर्ने उनको अनुमान छ । रोबोटहरुलाई कर लगाएर स्वचालनको गतिलाई कम गर्न सकिन्छ र त्यो पैसाले विस्थापित मजदुरहरुलाई थप तालिम दिनु पर्दछ र उनीहरुलाई आर्थिक सहयोग गर्नुपर्दछ, उनको तर्क थियो ।’ कस्तो वकबास ! विश्वका सबभन्दा धनी विलगेट्सको यो भनाईले बुर्जुवाहरुको सोच्ने घेरा कति साँगुरो र दयालाग्दो हुने रहेछ भन्ने अभिव्यक्त मात्र गर्दछ ।

यहाँसम्म आईपुग्दा विज्ञान र प्रविधिले अभूतपूर्व विकास गरेको छ । यो वस्तुतः उत्पादक शक्तिको विकास हो । तर पुँजीवादी उत्पादन सम्बन्ध अन्तर्गत हुने यो विकासका कारण मजदुरहरु बेरोजगार हुने र फलतः उनीहरुको क्रयशक्ति नै घट्ने भएपछि पुँजीवादी उत्पादन कसका लागि र किन भन्ने गम्भीर प्रश्न अगाडि आएको छ । विज्ञान तथा प्रविधिको विकासलाई विश्व श्रमजीवी वर्गको हितमा प्रयोग गर्ने उचित उपाय नखोजी खुला छाडियो भने त्यसले विश्वलाई नै ध्वस्त पार्छ भनेर हकिङ्गले आवाज उठाइराखेका छन् । उनको यो भनाई सही छ । यो पुँजीवादी उत्पादन सम्बन्धले निम्त्याएको स्वभाविक संकट हो । यो संकटका कारण विश्व यतिबेला विस्फोटक अवस्थातिर अगाडि बढिरहेको छ । नवउदारवादका कारण पैदा भएको पुँजीवादको संकटलाई प्रविधिको विकासले आगोमा घिउ थप्ने काम गरेको छ ।


यतिबेला विश्वमा तीनवटा आधारभूत अन्तरविरोधहरु छन् । ती हुनः पहिलो, साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तरविरोध दोस्रो, साम्राज्यवादी शक्तिहरुका बीचको आपसी अन्तरविरोध र तेस्रो श्रम तथा पुँजीका बिचको अन्तरविरोध । यी मध्ये पहिलो अन्तरविरोध अहिलेसम्म प्रधान अन्तरविरोध नै रहेको छ । प्रविधि तथा कृत्रिम प्रज्ञाको विकासका कारण श्रम र पुँजीको अन्तर्विरोध पनि चर्किएको छ । ट्रम्पको पहिलो वैदेशिक भ्रमण, उत्तरकोरिया र अमेरिका बिचको द्वन्द्व, कतारको विषयलाई लिएर मध्यपूर्वमा विकास भएको पछिल्लो कुटनीतिक तनाव आदिका कारण यतिबेला साम्राज्यवादीहरुको बिचमा ध्रुवीकरण तीव्र भएको छ र ती ध्रुवहरुका बिचको आपसी अन्तरविरोध पनि चर्किएर गएको स्थिति छ । यो समग्र स्थितिमा विश्वका अगाडि दुईवटा सम्भावना रहेका छन् । एउटा, उत्पादक शक्तिको विकास अनुरुप उत्पादन सम्बन्धमा परिवर्तन अर्थात सर्वहारावर्गको नेतृत्वमा समाजवादी क्रान्ति अथवा अर्को, विध्वंशात्मक तेस्रो विश्वयुद्ध । तेस्रो विकल्प देखिदैन ।

यहिनेर एकपटक फर्केर कम्युनिस्ट घोषणापत्र हेरौं । त्यसमा लेखिएको छ, ‘आधुनिक उद्योगको विकासले बुर्जुवाले उत्पादन गर्ने र उत्पादनलाई कब्जा गर्ने आधारलाई नै भत्काई दिन्छ । त्यसकारण बुर्जुवाहरुले जे कुराको निर्माण गर्छन् अन्ततः ती सबै उनैका चिहान खन्ने वस्तुहरु हुन् । बुर्जुवा वर्गको अन्त र सर्वहारा वर्गको विजय त्यत्ति कै अनिवार्य छ ।’ यसरी, आजभन्दा १६९ वर्ष अगाडि १८४८ मा कम्युनिस्ट घोषणापत्रले जे उद्घोष गरेको थियो आज त्यो सत्य सावित भएको छ । नवउदारवादी आर्थिक नीति र पुँजीवादी उत्पादन सम्बन्धले गरेको प्रविधि तथा कृत्रिम प्रज्ञाको विकास आज पुँजीवादलाई मृत्युको मुखमा पुऱ्याउने कारण बनेको छ । साथै, पुँजीवादको घाँटीमा जुन मृत्युको घण्टी बजेको छ त्यो सामाजिक क्रान्तिको भविष्य उज्ज्वल छ भन्ने कुराको स्पष्ट संकेत हो । सायद यसैलाई लेनिनले साम्राज्यवाद भनेको समाजवादी क्रान्तिको पूर्वसन्ध्या हो भन्नु भएको थियो ।

तर महान् क्रान्तिकारी र सर्वहारा अन्तर्राष्ट्रियतावादी नेता चेले भने जस्तै क्रान्ति भनेको पाकेपछि आफै भुईमा खस्ने स्याउ जस्तो वस्तु होइन । यसलाई झटारो हानेर खसाल्नु पर्दछ । यो भनेको सर्वहारा वर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीको नेतृत्वमा प्रतिक्रियावादी सत्तालाई ध्वंश गरेर सर्वहारा वर्गको सत्ता स्थापना गर्नु पर्दछ भन्ने हो । यसरी मार्क्सवाद-लेनिनवाद-माओवादको मार्गनिर्देशनमा सर्वहारा क्रान्तिको तयारी गर्न सचेत ढङ्गले जुट्नु नै यतिबेला संसारभरीका सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुको प्रमुख दायित्व बनेको छ । यही दायित्व पूरा गरेर नै हामीले नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न र विश्व समाजवादी क्रान्तिको प्रक्रियालाई सहयोग पुऱ्याउन सक्दछौं ।

भाद्र १७, २०७४

# लोकसाहित्यमा प्रगतिशीलता



● मनोहर लामिछाने

पृष्ठभूमि

लोकसाहित्यमा प्रगतिशीलताबारे थाहा पाउन लोकसाहित्य र संस्कृति एवं प्रगतिशीलता र प्रगतिवादबारे परिचित हुनु आवश्यक छ।

(क) लोकसाहित्य

प्रारम्भमा मानिस घुमन्ते थियो । बिस्तारै समूहमा बस्न थालेपछि समूहको आवश्यकताअनुरूप विभिन्न स्थानमा स्थान्तरित हुँदै गर्दा प्राप्त सुख, दुःख, आँसु, हाँसो व्यक्त गर्दै जाने क्रममा लोकसाहित्यको उदय भएको हो। यसरी हेर्दा भाषा र लिपिको विकासपूर्व नै लोकसाहित्यको सिर्जना हुन पुग्यो। यस अर्थमा लोकसाहित्य जेठो साहित्य पनि हो। कसैले यसलाई जनसाहित्य माने भने कसैले गाउँले साहित्य।

मानवीय इतिहास सङ्घर्षको इतिहास पनि हो। प्रारम्भदेखि वर्तमानसम्म आइपुग्दा समाजले गौरवपूर्ण सङ्घर्षको सामना पनि गर्नुपरेको छ । मानिसले आफ्ना विविध आवश्यकता पूर्तिका लागि समाजलाई गतिशील बनाउन सङ्घर्षकै क्रममा प्रायः सुख, दुःख, हाँसो, आँसु, उत्साह, उमङ्ग, सरसल्लाह, शिक्षादीक्षा लिँदादिँदाको क्षणमा जानी नजानी सिर्जना भएको लोकसाहित्य पिँढी दरपिँढी स्थानन्तरण गर्दै जाँदा श्रुतिकै भरमा आजसम्म जीवित रहन गएको पाइन्छ।

लोकसाहित्य बसिबियाँलो दिन कटाउने एवं मनोरञ्जन तथा माया प्रेममा मात्र सीमित नभएर जीवनलाई गतिशील ऊर्जा प्रदान गर्ने माध्यमसम्म बन्न पुग्यो। यसरी जीवनजगत्लाई बुझ्ने र हेर्ने दृष्टिकोण, इतिहास, धर्म, संस्कृति मात्र होइन, राजनीतिक विषयवस्तुका विभिन्न आयामहरूमा प्रशस्तै योगदान दिएको छ । समाज विज्ञानको लामो शृङ्खलामा जसरी समाजले आफू स्वंयलाई व्यवस्थापन गर्न सङ्घर्ष, त्याग, बलिदान गर्दै आयो, त्यसरी नै समाजको प्रतिच्छायामा लोकसाहित्यले पनि सँगसँगै आफ्नो यात्रा अगाडि बढाएको पाइन्छ । जसको परिणति समाजमा विभक्त विभिन्न जातजाति समुदायको निर्माणसँगै लोकसाहित्य पनि समुदायअनुरूप निर्माण मात्र भएनन्, समुदायको पहिचान पनि बन्दै गए । यसरी विविध समुदायका आआफ्नै लोकसंस्कृति, लोकजीवनको निर्माण हुँदै गर्दा तदनुरूपका लोकसाहित्य, संस्कृति पनि सिर्जना हुँदै गए।

समाज निर्माणकै क्रममा दैवी सिद्धान्तमा आश्रित राज्य सत्ताका कारण भिन्न वर्गको उत्थान र पतनबाट कहिले बढी र कहिले अलि सुषुप्त रूपले सामाजिक अन्तरविरोधहरू देखा पर्दा त्यसकै प्रतिच्छायामा लोकसाहित्य सर्जकहरूमा पनि परेको पाइन्छ । तथापि राज्य सत्ताको स्थायित्वका लागि विभिन्न धर्मको सहाराले सत्ता टिकाउन प्रयोग भएका प्रथा, प्रचलनले सामाजिक प्रतिबिम्बको रूपमा देखिएको जडता, सङ्कीर्णता आदिले कैयौं लोकसाहित्य यथास्थितिभन्दा माथि जान नसकेको पाइन्छ। यति हुँदाहुँदै पनि शासकीय शोषणको प्रतिरोध स्वयं जनताबाट हुँदा त्यसको प्रभावले लोकसाहित्यमा प्रगतिशीलता पनि देखिन पुग्छ । अर्थात् यथास्थितिभन्दा भिन्नै सोच, दृष्टिकोण, प्रगतिशीलता बन्न पुग्छ । सोहीअनुसार कलाले पनि स्थान ओगट्तै जान्छ। यसैसँग मेल खाने कलाको सम्बन्धमा चैतन्य लेख्छन्– "जब प्रकृतिको मानवीयकरणको प्रक्रिया उच्च स्तरमा विकास हुँदै जान्छ, त्यो बेला मानिसमा सांस्कृतिक आवश्यकता परिपूर्ति गर्ने क्षमताको विकासका साथै सौन्दर्यात्मक वस्तु अर्थात् कलाको पनि विकास हुँदै जान्छ।" (चैतन्य, २०६९, ५३-५४)

वर्तमान नेपालमा प्रारम्भदेखि विभिन्न जाति, सभ्यता, राज्य प्रणालीको विकास हुँदै आउँदाका अवस्थामा सिर्जना भएका लोकसाहित्यमा तत्कालीन समाजको प्रतिच्छाया परिरह्यो । त्यसरी सिर्जित लोकसाहित्य श्रुति परम्परामा आश्रित भएले कैयौं लोप भए, कैयौं परिमार्जन हुँदै अस्तित्व बचाए । मातृसत्तादेखि गणराज्य स्थापना, धर्म र संस्कृतिको उत्थान पतन, विभिन्न रक्त मिश्रित समुदायको उत्थान एवं परिमार्जनले लोकसाहित्यिक यात्रा पनि सामाजिक परिवर्तनको गोरेटोमा हिँड्न बाध्य बन्यो। यही क्रममा वर्णवादी केन्द्रीकृत सामन्ती राज्यसत्ताको अहंकार र दबदबाबाट सिर्जित सामाजिक असमानताले बेलाबखत विद्रोहात्मक चेत पैदा गरेर लामो समयसम्म स्थापित यसको भावभूमिमा प्रत्याक्रमण गर्दा पनि उल्लेख्य हस्तक्षेप भने हुन सकेन, जुन स्वाभाविक हो। श्रुति परम्परामा आश्रित लोकसाहित्यको इतिहास खोज्दा वेद, उपनिषद्, पुराण, रामायण, महाभारतजस्ता श्रुति, स्मृति हुँदै राज्यशक्ति, परम्परागत समाजका वृत्तवरिपरि घुम्दै समाज रूपान्तरणमा समेत यसको भूमिका रहेको पाइन्छ।

लोकसाहित्यलाई परम्परागत रूपमा विभिन्न विद्वान्हरूले विभिन्न तरिकाले अर्थ्याइएको पाउँछौं । गतिशील समाजको गति, नियति, आवश्यकताभित्र लोकस्रष्टाहरू पनि समाजको वृत्त वरिपरि नै रहन पुगे। 'जस्तो समाज, त्यस्तै सिर्जना' लोकसाहित्यको उद्गम र कर्मभूमि गाउँसमाज हो । जहाँ अशिक्षा, रूढीवादी, अन्धविश्वास लगायत विविध समस्या भए पनि मन, बचन, कर्म भने पवित्र हुने विश्वास गरिन्छ। हृदय सफा हुन्छ, भावना साझा हुन्छ । ग्राम्य समाज पनि समयसँगै परिवर्तनशील हुन्छ । त्यसैले लोकसाहित्यले समाज रूपान्तरण र अपनत्वमा बढी प्रभाव पार्छ । जनताका पक्षधर भन्नेहरूले समाज रूपान्तरणमा जनजीविकाका तमाम समस्या र त्यसको निराकरणका लागि लोकसाहित्यमार्फत महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। अतः लोकसाहित्य अपठित गाउँले तथा परम्परागत सङ्कीर्णतावादीहरूको साहित्य हो भन्ने सोच रूपान्तरित गर्दै यसका कमीकमजोरी सँच्याउँदै लोकपरिवर्तनका लागि संरक्षण संवर्द्धन गर्न आवश्यक देखिन्छ । रूसी र चिनियाँ क्रान्तिमा लोकसाहित्यको भरपूर प्रयोग भएको पाइन्छ । ...... *क्रमशः*

## कविता

### चोर कविहरू



हुचरा

वेद, गीता, रामायण, हनुमान चलिसा,
महाभारत, धृतराष्टका कथा, कुरान र वाइवलहरूका
शव्दशव्द निचोरेर र निफनेर
आफू कवि, साहित्यकार, कथाकार, गजलकार र कलाकार बन्ने
महान आजका विद्वानहरू
पछाडि फर्किएर हेर त, कति कहाली लाग्दो सन्सार छ !
हिमालयको चीसो छहारीमा
नाङ्गो शरिर लिएर सिर्जना गर्ने ऋषिमुनीहरू
भगवानका अवतार नभए पनि उनीहरूका
मुक्तकण्ठले उच्चारण गरेका महाबचनहरू
काटछाँट र अर्थको अनर्थ लगाउँने आँट तिमीमा छ ?
तै पनि पण्डित भएर चोरी चकारी गरिरहेछौ
उनीहरूका कीर्ति भित्र पसेर
राम्रा कुरा चोर्ने र आफूलाई
नराम्रो लागेका कुरा केर्ने अधिकार पनि तिमीलाई छैन ।
कतिपय गल्ली, भट्टी र चिया पसलमा बसेर
कार्लमार्क्सका कीर्तिहरू, लेलिन र माओत्सेतुङ्गका गथाहरू माथि
टिकाटिप्पणी गरेको सुन्नुपर्छ,
के उनीहरूले आफ्नो नीजि जीवनमा
कति दुःख गरे, परिवारको साथ कस्तो थियो ?
पेटभरी खान र अँग ढाक्ने कपडा उनीसँग थियो थिएन ?
यो सबै उनीहरूले कसका लागि गरे ? के तिमीलाई थाहा छ ?
छैन भने कसैको आदर गर्न जान्देनौ भने
अनादर पनि गर्ने अधिकार तिमीलाई छैन ।
बरु हेर, आकाशलाई हेर, पृथ्वीलाई हेर,
जल, वायु र हावालाई हेर,
तिमीसँग तागत छ भने
यि सबैको चित्रण गर, व्याख्या गर र
गहिरिएर यि विषय भित्र प्रवेश गर
तिमी आफ्सेआफ मानिसको रुप धारण गर्छौ
तिमी अरुको पछि लाग्नु पर्दैन, तिम्रो पछाडि
अरु दौडिएर आउँने छन् ।

**नौ वामघटकको...** नेतृत्वको नेकपा (मसाल), नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा, सी.पी. मैनाली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (माले), चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चा, ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी, सीपी गजुरेल नेतृत्वको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, साध्यबहादुर भण्डारी नेतृत्वको जनमोर्चा, नेपाल र सुवासराज नेतृत्वको जनसमाजवादी पार्टी, नेपाललगायतका वाम घटकहरुले राष्ट्रियताको मुद्दामा कार्यगत एकता गर्दै आएका हुन्। यसमा क्रान्तिकारी माओवादीको नेतृत्वदायी भूमिका रहँदै आएको छ।

नौ वाम घटकले १. सन् १९५० लगायतका असमान सन्धि सम्झौताहरु खारेज गर्ने । २. माथिल्लो कर्णाली र अरुण तेस्रो सम्झौता खारेज गर्ने । ३. महाकाली सन्धि खारेज गर्ने । ४. विराटनगर स्थित भारतीय सुरक्षा क्याम्प हटाउने । ५. नेपालको भूमिमा भारतीय एयर मार्सल राख्ने भारतीय पक्षको प्रस्ताव अस्वीकार गर्ने । ६. नेपालको राष्ट्रिय हित र स्वाभिमान विपरीतको भारतीय पक्षद्वारा प्रस्तावित सुपुर्दगी सन्धि अस्वीकार गर्ने । ७. नेपाल भारतको सिमानामा अन्तर्राष्ट्रिय कानून विपरीत भारतले एकतर्फी रुपमा निर्माण गरेका सडक, बाँध आदि संरचनाका कारणले नेपालमा ठूलो भूभाग डुबानमा परेको छ। त्यसबाट बचाउनका लागि नदी, खोलाका प्राकृतिक बहावलाई खुला गराउन सीमा नजिकका उक्त संरचनाहरु हटाउने । ८. कोशी बाँध, गण्डक बाँध र महाकाली व्यारेजले गर्दा वर्षेनी नेपाल र त्यहाँका बासिन्दाहरुले ठूलो क्षति व्यहोर्नु परेको छ। त्यसको क्षतिपूर्ति माग गर्ने । ९. विगतमा भएका सन्धि सम्झौता अनुसार नेपालले प्राप्त गर्ने भूमि प्राप्त गर्न पहल गर्ने। नेपालको विभिन्न सीमा क्षेत्रमा अतिक्रमण गरिएका भूमि फिर्ता गर्ने। नेपाल भारतको सीमालाई व्यवस्थापन गर्ने। १०. नेपाल भारत बीच भएको व्यापार सम्बन्धी सहमति र पारवहनको अधिकार निर्वाध रुपमा कार्यान्वयन गर्ने । ११. सीमा क्षेत्रका जनतालाई भारतीय सुरक्षाकर्मीद्वारा भएको ज्यादती रोक्ने र पीडितलाई क्षतिपूर्ति दिने । १२. तात्कालिक प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डले भारत भ्रमणको बेलामा गरेको २५ बुँदे सहमतिमा रहेको नेपालको विदेश नीतिलाई भारतीय विदेश नीति अनुरुप बनाउने प्रावधानहरु हटाउने । १३. नेपालस्थित भारतीय दूतावासले नेपाल सरकारलाई सूचना मात्र दिएर साना विकास परियोजना सञ्चालन गर्न पाउने विगतको सम्झौताको अवधि समाप्त भएकाले त्यसलाई नवीकरण नगर्ने। १४. नेपालमा उत्पादित वस्तुहरु, यातायात र पारवहनका साधनहरुलाई भारत प्रवेशमा नेपालले प्राथमिकता पाउने व्यवस्था मिलाउने। १५. राष्ट्रिय हित विपरीत जानेगरी कुनै पनि विवादास्पद र गोप्य सहमति तथा सम्झौता नगर्ने। लगायतका मुद्दाहरु उठाउँदै आएका छन् ।

यसैबीच, नेपालका २१ जना बुद्धिजीवीहरुले पनि राष्ट्रिय स्वाधीनताको पक्षमा आवाज उठाउँदै आएका छन्। प्रम देउवाको भारत भ्रमणको पूर्वसन्ध्यामा उनीहरुले पनि ध्यानाकर्षण गराएका थिए । र, देउवाले गरेको राष्ट्रघातको विरोध एवम् भण्डाफोर गर्दै आएका छन् । हिरण्यलाल श्रेष्ठ-कुटनीतिविज्ञ, आनन्दराम पौडेल-लेखक,विश्लेषक, रतन भण्डारी, सीमा र जलश्रोतविज्ञ, ऋषिराज लुम्साली-लेखक, विश्लेषक, डा.युवराज सङ्ग्रौला, कानुनविद्, बुध्दिनारायण श्रेष्ठ-सीमाविद्, साध्यबहादुर भण्डारी -राष्ट्रवादी अभियन्ता, भरत दाहाल- विश्लेषक, राष्ट्रवादी अभियन्ता, रत्नसंसार श्रेष्ठ-जलश्रोतविद, डा.भूवप्रसाद त्रिपाठी-प्रोफेसर, पुण्य गौतम 'विश्वास'-अन्तर्राष्ट्रिय मामलाका विश्लेषक, प्रेम कैदी-वरिष्ठ पत्रकार, राष्ट्रवादी अभियन्ता, ध्रुवहरि अधिकारी-वरिष्ठ पत्रकार, कमल कोइराला-वरिष्ठ स्तम्भलेखक, डा.विष्णुराज उप्रेती-द्वन्द विशेषज्ञ, डा. विनोद न्यौपाने-राज्यसंरचनाविद, डा.राजकुमार पोखरेल-प्रोफेसर, रामप्रसाद श्रेष्ठ-कानुनविद, प्राध्यापक, डा.अतीन्द्र दाहाल-प्राध्यापक, डा.रामप्रसाद उप्रेती-चिकित्सक, प्राध्यापक, डा.नीलमकुमार शर्मा-प्रोफेसरलगायतले संयुक्त रुपमा वक्तव्य जारी गरी देउवालाई नेपालको हितप्रतिकूलको महाकाली सन्धिको जगमा नेपाललाई थप प्रतिकूल असर पार्ने पञ्चेश्वर बाँध निर्माण लगायत कुनैपनि असमान सन्धिसम्झौतामा हस्ताक्षर नगर्न दबाब दिएका थिए। नौ वामघटक र २१ जना बुद्धिजीवीहरुबीचमा पनि राष्ट्रिय स्वाधीनताको मुद्दामा कार्यगत एकता हुने स्थिति देखिएको छ।

# प्रदेश २ को चुनाव र मधेसको वास्तविकता



● हरिकृष्ण गजुरेल

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले स्थानीय तह निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीति अनुरुप पहिलो र दोश्रो चरणको निर्वाचनको उपयोग क्रान्तिकारी तरिकाले गरेको छ। जुन उपयोगले संगठन निर्माणको राम्रो आधार बनेको छ। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललाई आम जनताको विचमा स्थापित गराउने नीति अनुरुप तेश्रो चरणमा यही असोज २ गते हुन गइरहेको स्थानीय तहको चुनाव अन्तर्गत प्रदेश नम्बर २ का ८ जिल्ला सप्तरी, सिराहा, धनुषा, महत्तोरी, सर्लाही, रौतहट, बारा र पर्साका १ सय ३६ स्थानीय तहमा हुन गइरहेको निर्वाचनमा नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले क्रान्तिकारी उपयोग गर्न गइरहेको छ।

आगामी असोज २ गते हुन गइरहेको स्थानीय तह निर्वाचनलाई क्रान्तिकारी उपयोगले संगठन निर्माणको राम्रो आधार बन्ने देखिन्छ। आम जनताकै बिचमा संगठनलाई स्थापित गर्ने माध्यम बन्ने छ । तर दृढ एवं दत्तचित्त भएर मैदानमा खटिनु पर्ने आवश्यकता अपरिहार्य छ। यसमा विभिन्न तह र तप्कामा रहेका जिम्मेवार कमरेडहरुले एकरुपताका साथ मैदामा खटिनु पर्दछ । चुनावमा जसरी पनि जित्नु पर्दछ भन्ने मानसिकतालाई दिलदिमागबाट हटाई मुख्य संगठन निर्माणको आधार र संगठनलाई जनताको बिचमा स्थापित गराउनु पर्दछ भन्ने मानसिकताबाट अघि बढ्नु पर्दछ । जित नै सबै चिज हो, हारियो भने सबै ईज्जत र प्रतिष्ठा नै गुम्छ भन्ने चिन्तनलाई त्याग्नु पर्दछ । पार्टीको नीतिलाई दृढताका साथ कार्यान्वयन गर्नु पर्नेमा जोड दिनुपर्दछ। प्रदेश नं २ अन्तर्गतका जिल्लाहरुमा पुगी वस्तुगत अध्ययन गर्दा क्रमशः कतिपय जिल्लाहरुमा स्थिति सन्तोषजनक र कतिपय जिल्लाहरुमा मेहनत गर्नु पर्ने स्थिति छ। मधेशका उत्पीडित जनताहरु वास्तवमा नयाँ विकल्प, साँच्चै भन्नुपर्दा क्रान्तिकारी विकल्प खोजिरहेका छन्। क्रान्तिकारी पंक्तिको आशा, भरोसा र अपेक्षामा देखिन्छन् । काँग्रेश, एमाले, माके र मधेशवादी दलहरुलाई वास्तविक रुपमा तिरस्कार गरिरहेका छन् । तर विडम्बना सामदाम, दण्डभेदको नीति अंगालिरहेका छन् । उनीहरु जनतालाई खसी, बोका सरह किनबेच गरी चुनाव जित्ने दाउपेचमा लागिरहेका छन्। पैसाको खोलो बगाउनमा प्रतिस्पर्धा गरिरहेका छन्। त्यस्ता तमासा र ताण्डव नृत्य देख्दा कुनै जात्रा पो हो कि जस्तो लाग्छ। वास्तवमै संसदीय व्यवस्था फोहोरी रहेको कुराको पुष्टि समेत हुन्छ यो स्थितिको अवलोकन गर्दा । सप्तरी देखि पर्सा सम्मको परिस्थितको आंकलन गर्दा केही सीमित मुठ्ठीभरका मान्छेहरुले आफ्नो दलगत र निजी स्वार्थको लागि जनतलाई भुलभुलैया र गुमराहमा पार्न षड्यन्त्र गरिरहेका छन् । बाटाघाटा, खानेपानी, स्वास्थ्य समस्याको पीडाबाट जनता प्रताडित छन् । जनताको जीवनस्तर अत्यन्तै कठिन अभाव र कष्टकर छ तर नेताहरुको सयर, चुनावी प्रचार प्रसार र तामझाम देख्दा बेफ्वाँकमा ठूलो धनराशीको दुरुपयोग गरिरहेको यहाँको बस्तुगत यथार्थताले पुष्टि गर्छ। चुनाव भनेको पैसाको प्रतिस्पर्धा रहेको कुरा यहाँको परिवेशले पुष्टि गर्दछ । तर अझै दृढताका साथ खटाईलाई दह्रो बनाउन जरुरी छ। यहाँका अधिकांश स्थानीय तहमा देजमो, नेपालले मोर्चाको नीति अनुरुप संगठन निर्माणको आधार तयार, चुनावलाई क्रान्तिकारी उपयोग गरी क्रान्तिको वातावरण तयार गराउनको लागि देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका विभिन्न पंक्तिहरु अझ सशक्त, दृढ एवं गम्भीर भएर लाग्नु पर्दछ।

काँग्रेस, एमाले, माके लगायतका दलहरुले जनतालाई चिल्ला, मिठा र गुलिइा नाराहरु बाँड्नु सिवाय अरु केही गरेको देखिदैन । वस्तुगत धरातललाई नियाल्दा यहाँका जनताको स्थिति सार्‍है कष्टकर र दयनीय छ। केही समय अघिको बाढीपहिरो र डुबानले मर्माहत भएका जनताको अवस्थाप्रति कोही कसैको चासो र चिन्ता देखिदैन। जसरी पनि चुनाव जितेर आफ्नो दबदबा र रबैया कायम गर्ने मनस्थितिमा रहेका छन्।

वास्तवमा यहाँ मजदुर, किसान, उत्पीडित, उपेक्षित र गरिखाने जनता क्रान्तिकारी छन् । उनीहरु क्रान्तिकारी पंक्तिलाई माया गर्छन । क्रान्तिको पक्षमा आवाज बुलन्द गर्छन । तर उनीहरु माझ सच्चा क्रान्तिकारी पंक्तिहरु पुगेर संगठित गर्नुपर्दछ । जुन कार्यभार हाम्रो दायित्व बन्न पुगेको छ। आमजनता र क्रान्तिकारी नेतृत्व पंक्ति बिचको खाडल फराकिलो बन्दै गइरहेको अवस्था देखिन्छ। अब तेश्रो चरणमा हुन गइरहेको प्रदेश नं २ को स्थानीय तह निर्वाचन उपयोग गर्ने सवालमा हामी ती पंक्ति माझ पुगेर मोर्चाको नीति, कार्यक्रम स्पष्ट पारी उनीहरुलाई संगठित गर्नुपर्दछ।

अहिले क्रान्तिकारी पंक्तिले धैर्यताका साथ धेरै मेहनत गर्नुपर्ने अवस्थामा छ। अब नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले पहलकदमी लिनुका साथै नेतृत्वदायी भूमिका निर्वाह गर्ने आँट गर्नै पर्दछ। सच्चा देशभक्त वामपन्थी, जनगणतन्त्रवादी, आमूल परिवर्तनका पक्षपातीहरुलाई एकताबद्ध गरी क्रान्तिको मूल प्रवाहमा समाहित गराउन क्रान्तिकारीहरुको दायित्व एवं कार्यभार बन्न पुगेको छ । नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नको लागि देजमो नेपालले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ। सशस्त्र जनविद्रोह मार्फत नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने नीतिलाई दृढताकासाथ कार्यान्वयन लैजानु पर्दछ। नेपालमा क्रान्ति अपरिहार्य छ र सम्भव छ।

शुभकामना

विजया दशमी तथा शुभ–दीपावली (बलिहाङ तङनाम)को विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण हाम्रा सेवाग्राहीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गुरुङ काष्ठ कला उद्योग एण्ड बुद्ध स:मिल

धरान–१०, फोन : ०२५–५२३२९५

## मधेसमा देजमोको भण्डाफोर अभियान

**वर्गदृष्टि संवाददाता**

काठमाडौं । सिराहा जिल्लाको गोलबजार चोकमा स्थानीय निर्वाचनको प्रचार प्रसार एवं भण्डाफोर कार्यक्रम अन्तर्गत कोण सभा सम्पन्न भएको छ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल गोलबजार नगर समितिको आयोजनामा भाद्र १७ गते भएको सो कोण सभामा मोर्चाका सचिवालय सदस्य तथा केन्द्रीय कार्यालय सचिव हरिकृष्ण गजुरेलले सम्बोधन गरेका थिए।

सम्बोधनको क्रममा गजुरेलले वर्तमान संविधान जनताको पक्षमा नभई दलाल, प्रतिक्रियावादी र यथास्थितिवादी कै पक्षमा रहेकोले यस संविधानको औचित्य नभएको बताए । उनले मजदुर, किसान, महिला, मधेसी लगायत उत्पीडित जनताको अधिकार ग्यारेण्टी नभएको संविधानको पूर्ण खारेजीको माग पनि गरे।

सशस्त्र जनविद्रोहबाट नयाँ जनवादी क्रान्ति सम्पन्न भए पश्चात बन्ने संविधानले मात्र सम्पूर्ण उत्पीडित जनताहरुको हक अधिकार सुनिश्चित हुने र राष्ट्रियता, जनगणतन्त्र र जनजीविका सवालहरुको ग्यारेण्टी भई स्वाधीन तथा सम्मुन्नत मुलुक बन्ने बताए।

सभालाई नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सल्लाहकार तथा सिराहा जिल्ला इन्चार्ज सुरेन्द्र शाह, केन्द्रीय सल्लाहकार धनीराम मण्डल 'हिराबहादुर' र बर्दिवास नगरका उपउमेरका उम्मेदवार शम्भु साहले पनि सम्बोधन गरेका थिए।

यसरी नै बर्दिवास नगरपालिका १४ नं वडास्थित बर्दिवास बजारमा मोर्चाको नगर समितिको आयोजनामा चुनाव प्रचार प्रसार एवं भण्डाफोर कार्यक्रम अन्तर्गत १२ गते कोणसभा सम्पन्न भएको छ। सो कार्यक्रमलाई पनि मोर्चाका सचिवालय सदस्य तथा केन्द्रीय कार्यालय सचिव हरिकृष्ण गजुरेलले सम्बोधन गरेका थिए । यसै बीच, नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले महोत्तरी जिल्लाको बर्दिबास ४ मा कोणसभाको आयोजना गरेको छ।

आगामी असोज २ गते प्रदेश नम्बर २ का ८ जिल्लामा हुने स्थानीय तह निर्वाचनको क्रान्तिकारी उपयोगको तयारीमा रहेको देजमोले स्थानीय जनतासँग अन्तर्क्रिया तथा संविधान निर्माण र परिचालन अभियान जारी राखेको छ।

# संसदीय निर्वाचन......

वा फासिवादका विरुद्ध लोकतान्त्रिक गणतन्त्रलाई प्रगतिशील ठान्दछन् । परन्तु, उनीहरुको विचारमा जनताको जनतन्त्र, नयाँजनवाद वा समाजवादका तुलनामा बुर्जुवा लोकतन्त्र, संसदीय व्यवस्था प्रतिक्रियावादी नै हुन्छ । बुर्जुवा लोकतन्त्र वा संसदीय व्यवस्थाप्रतिको मार्क्सवादीहरुको दृष्टिकोण सही र वैज्ञानिक रहेको छ ।

बुर्जुवा लोकतान्त्रिक संसदीय व्यवस्थावारे लेनिन भन्नुहुन्छ- " ...संसदीय संवैधानिक राजतन्त्रहरुमा मात्र होइन अपितु बढी भन्दाबढी जनवादी, जनतन्त्र (लोकतान्त्रिक गणतन्त्र-ले.) हरुमा बुर्जुवा संसदीय व्यवस्थाको सच्चा सार केही वर्षहरुमा शासकवर्गको कुन सदस्यले संसदमा जनताको दमन तथा उत्पीडन गर्ने हो भनी फैसला गर्नु हो ।" (ब्ला. इ. संकलित रचना, दशखण्डो में खण्ड-७,पृ.६३, प्रगति प्रकाशन मास्को १९६४) । लेनिनको उक्त भनाइबाट के स्पष्ट हुन्छ भने लोकतान्त्रिक गणतन्त्रको सार पनि जनतामाथि उत्पीडन र दमन गर्ने नै हुन्छ ।

बुर्जुवा लोकतन्त्रवादीहरुका लागि संवैधानिक लोकतन्त्र वा लोकतान्त्रिक गणतन्त्र एक यस्तो साधन, आदर्श वा अन्तिम गन्तव्य हो जसको कुनै विकल्प नै हुन सक्दैन । ठीक यही कुरा कम्युनिस्ट आन्दोलनमा मार्क्सवादी शिविरबाट दक्षिणपंथी संशोधनवादको मार्गहुँदै प्रतिक्रियावादमा सामेल भइसकेका र हुनै लागेका तत्वहरुका सन्दर्भमा पनि सत्य हो । यसरी हेर्दा दक्षिणपंथी अवसरवादीहरुको चुनाव उपयोग सदावहार उपयोग हुन्छ र त्यसको अन्तिम परिणति प्रतिक्रियावादीकरण नै हो ।

दक्षिणपंथी अवसरवादीहरुको प्रतिक्रियावादीकरणको प्रक्रिया सदावहार वा रणनीतिक उपयोगबाट शुरु हुन्छ र त्यसले मिलेराँवाद अर्थात् मन्त्रिमण्डलवादमा गएर यथासंभव पूर्णता प्राप्तगर्दछ । फ्रान्सका मिलेराँले बुर्जुवा मन्त्रिपरिषदबाट समाजवादमा जान्न सकिन्छ भन्दथे र उनकै नामवाद मिलेराँवादका रुपमा मन्त्रिमण्डलवादको नामाङ्कन गरिएको छ । मन्त्रीमण्डलवादबारे लेनिन भन्नुहुन्छ- "ती देशहरुमा, जहाँ स्वतन्त्रता तथा जनवाद लामो समयदेखि क्रान्तिकारी मजदुर आन्दोलनका साथसाथै अस्तित्वमान् छन् , ब्रिटेन तथा फ्रान्समा पुँजीपतिहरुले यस साधनको बारंबार र धेरै सफलतापूर्वक उपयोग गरेका छन् । "समाजवादी" नेता बुर्जुवा मन्त्रिमण्डलमा प्रवेश गरेपछि पुँजीपतिहरुका लागि गोटी, कठपुतली, पर्दा, मजदुरहरुलाई धोका दिने साधन साबित भए । रुसका "जनवादी तथा जनतंत्रवादी" क्रान्तिकारीहरु र मेल्सेविकहरुले तत्काल आफूलाई बुद्धु बन्न दिए र चेर्नोव, त्सेरेली तथा तिनको मण्डलीले भागलिए सँगै "संयुक्त" मन्त्रिमण्डल ६ मई मा एक तथ्य बन्यो ।" (ब्ला. इ.लेनिन संकलित रचनाहरु, दश खडों में खण्ड- ६, पृ.४६२-३ , प्रगति प्रकाशन मास्को १९८३) । यहाँ संसदीय चुनाव उपयोगको नाममा बुर्जुवा मन्त्रिपरिषदमा पुगेका "समाजवादी" तथा "जनवादी" नेताहरुको धज्जी उडाएइको छ । नेपालमा पनि हिजो एमाले मन्त्रिमण्डलवादको भासमा फसेको थियो । आज माकेका लागि मन्त्रिमण्डलवाद अत्यन्तै प्यारो र गौरवको विषय बनेकोछ ।

"वामपंथी" अवसरवादीहरुले सदावहार बहिस्कारको कुरा गर्दछन् । लेनिनको समयमा जर्मन "वामपंथी" कम्युनिस्टहरु भन्ने गर्दथे- संसदवादी संघर्षहरुका ऐतिहासिक तथा राजनीतिक दृष्टिले कालातीत रुपहरुतर्फ फर्कन हामीले एकदमै छोडिदिनु पर्दछ । के संसदीय व्यवस्थामा भाग लिने वा उपयोग गर्ने प्रश्न ऐतिहासिक र राजनीतिक दुवै दृष्टिले कालातीत भएकै हो त ? लेनिन भन्नुहुन्छ- "ऐतिहासिक दृष्टिले कालातीत" संसदवाद- प्रचारको ख्याल गेरर यसो भन्नु सही छ । तर हरेकले के कुरा जान्दछ भने व्यवहारमा त्यसलाई पारगर्न अझै धेरै लामो समय लाग्दछ । पुँजीवादका बारेमा दशौं वर्ष पहिले पूर्ण अधिकारको साथ के घोषणा गर्न सक्तथ्यौं भने त्यो ऐतिहासिक दृष्टिले कालातीत" भएको छ, तर त्यसभन्दा धेरै लामो समयसम्म र धेरै डटेर पुँजीवादको धर्तीमा लड्ने आवश्यकता समाप्त हुँदैन । संसदवाद ऐतिहासिक दृष्टिले कालातीत भएको छ- यो कुरा विश्व इतिहासको दृष्टिले सही छ, अर्थात् बुर्जुवा संसदवादको युग समाप्त भएको छ र सर्वहारा अधिनायकत्वको युग आरम्भ भएको छ । यो कुरा निर्विवाद हो । परन्तु, विश्व इतिहासको पैमानाले दशकहरुमा हिसाब राख्तछ ; विश्व इतिहासको पैमानाले नाप्दा दश-बीस वर्षको ढिलो चाँडोले कुनै फरक पर्दैन, विश्व इतिहासको हिसावले के कुरा नगण्य हो भने त्यसको मोटो ढंगले हिसाव लगाउन सकिन्दैन । परन्तु यसैकारण व्यावहारिक राजनीतिकको प्रश्नमा विश्व इतिहासको पैमानाको हवाला दिनु एउटा धेरै ठूलो सैद्धान्तिक गल्ती हो ।" (ब्ला.इ. लेनिन संकलित रचनाए, दश खण्डों में खण्ड-९ पृ. २९३ प्रगति प्रकाशन १९८५) । उक्त भनाइबाट के कुरा स्पष्ट हुन्छ भने संसदवाद ऐतिहासिक दृष्टिले कालातीत भए पनि व्यावहारिक राजनीतिका दृष्टिले अझै भएको छैन ।

संसदीय निर्वाचनको उपयोगका सन्दर्भमा मार्क्स-एङ्गेल्सले पनि आवश्यक प्रकाश पार्नु भएको थियो । मार्क्सले संसदीय निर्वाचनको उपयोगका सन्दर्भमा आवश्यक परेमा सुंगुरको खोरभित्र पनि पस्नु पर्छ भन्नु भएको थियो । लेनिनले संसदीय निर्वाचनको उपयोग र बहिष्कारबारे विशद रुपमा उल्लेख गर्नु भएको कुरा स्पष्ट नै छ । लेनिनले रुसमा बुलिगिन दुमा र पहिलो राजकीय दुमाको बहिष्कारले निकै क्रान्तिकारी भूमिका खेलेको कुरा बताउनु भएको थियो । साथै, वहाँले क्रान्तिकारी संघर्ष पश्चात् पैदा भएको प्रतिक्रान्तिको कठोर अवधिमा परिस्थिति फेरिए अनुरुप कार्यनीति पनि फेर्नु पर्ने कुरा दर्शाउँदै दुमाको निर्वाचन उपयोग गर्नु पर्ने कुरामा जोड दिनु भयो ।

संसदीय निर्वाचनको कुन बेला उपयोग र कुन बेला बहिष्कार गर्न ठीक हुन्छ त ? यस प्रश्नको जबाफमा लेनिन भन्नु हुन्छ- " बहिष्कारलाई लागु गर्नका लागि हामीले परिस्थितिको अध्ययन गर्नु पर्दछ । हामीले ...कुन विचार गर्नु पर्दछ भने बहिष्कार विल्कुलै उचित र यस्तो समयमा कहिले कहीं यस्तो आवश्यक तरिका हो, जवकि क्रान्ति उभारमा होओस् ।" (लेनिन : मजदुर आन्दोलन में जडसूत्रवाद और संकीर्णतावादका विरोध, प्रगति प्रकाशन १९८६, सोभियत संघ में मुद्रित) । यहाँ लेनिनले चुनाव उपयोग र बहिष्कारका लागि एउटा प्रमुख कसौटीको उल्लेख गर्नु भएको छ, त्यो कसौटी हो - क्रान्तिको उभारको कसौटी । अर्थात् क्रान्तिको उभारको बेला बहिष्कार र उतारको वेला संसदीय निर्वाचनको उपयोगको कसौटी । त्यो कसौटी सही परिस्थितिको ठोस विश्लेषणमा आधारित कसौटी थियो ।

हो, क्रान्तिकारी कम्युनिस्टहरुले ठोस परिस्थितिको ठोस विश्लेषण गरी संसदीय निर्वाचनको उपयोग वा बहिस्कारको प्रश्नबारे सही नीति लिनु पर्दछ । त्यस प्रकारको नीति निर्धारणका लागि क्रान्तिको उतार र उभारको प्रश्नले एउटा महत्वपूर्ण कसौटीको काम गर्दछ । तर त्यही नै सदाका लागि अन्तिम कसौटी भने होइन ।

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा संसदीय निर्वाचनको उपयोग र बहिष्कारका प्रशस्तै उदाहरणहरु छन् । हामीले पंचायती काल, २०४७ साल पछिको बहुदलीय व्यवस्थाको पुन : स्थापनाकाल र जनयुद्ध पश्चात् संविधानसभा कालमा संसदीय निर्वाचनको उपयोग र बहिष्कार दुवै गरेका छौ । यी सवै कालका लागि निर्वाचन उपयोग र बहिष्कारको एउटा महत्वपूर्ण कसौटीका रुपमा क्रान्तिको उतार र उभारले निश्चय पनि काम गरेको छ । परन्तु त्यो नै समग्र र सदावहार कसौटी भने होइन । चुनाव उपयोग वा बहिष्कारको कसौटीका अन्य विविध रुप हुने गर्दछन् । कतिपय अवसरमा राज्यसत्ता र क्रान्तिकारीहरुका बिचमा गरिने संझौताहरुको स्थितिमा पनि संसदीय निर्वाचनको उपयोग वा बहिष्कार गरिएका उदाहरणहरु पाइन्छन् ।


प्रायश : नेपाली कम्युनिस्ट आन्दोलनमा संसदीय निर्वाचन उपयोग गर्नुलाई अवसरवादी र बहिष्कार गर्नुलाई क्रान्तिकारी अर्थमा ग्रहण गरिने परंपरा पनि छ । यो गलत हो । संसदीय निर्वाचनको चाहे उपयोग होस् वा बहिष्कार होस, दुबै सन्दर्भमा क्रान्तिकारी, अवसरवादी र प्रतिक्रिया दृष्टिकोण रहिआएका पाइन्छन् । यसबारे हामीले चर्चा गर्दै आएका छौ र अझै अध्ययन तथा संश्लेषणको आवश्यकता छ ।

नेपाली माओवादी आन्दोलनमा दक्षिणपंथी अवसरवाद प्रभावी रहेको, क्रान्तिकारीहरुद्वारा त्यस प्रकारको अवसरवादका विरुद्ध उपयुक्त समयमा संघर्ष सञ्चालन गर्न नसकेको र क्रान्तिले गंभीर धक्का खाएको स्थितिमा संविधानसभा निर्वाचन गरियो । हामीले पहिलो संविधान सभाको उपयोग र दोस्रो संविधान सभाको बहिष्कार गऱ्यौं । आखिर संविधान सभा क्रान्तिकारीहरुको हातबाट खोसियो । पुन : संसदवादी संविधान बन्यो । गणतन्त्र लगायतका कतिपय विषय मात्रा र अंशमा सकारात्मक रहे पनि सारमा संविधान पश्चगामी नै बनाइयो र हामीले त्यसलाई अस्वीकार गऱ्यौं । नेपालमा अव अर्को प्रतिक्रियाकाल शुरु भएको छ र त्यसै अवस्थामा तीन चरणमा स्थानीय निर्वाचन हुँदै गइरहेको छ । यस निर्वाचनमा पार्टीले देशभक्त जनगणतांत्रिक मोर्चाका उमेदवार हरुलाई समर्थन गर्ने नीति लिएको छ ।

निर्वाचनको प्रक्रियामा सरकार अधिनायकवादी बनेर पेश भयो । यद्यपि संविधानका निर्माताहरुले लोकतान्त्रिक गणतन्त्रमा आधारित संविधानलाई विश्वको उत्कृष्ट संविधान बताए र यस प्रकारको संविधान बनेको परिघटनालाई युगान्तकारी तथा ऐतिहासिक पनि भन्न पुगे । परन्तु, यस्तो युगान्तकारी तथा ऐतिहासिक संविधानले नयाँ पार्टी दर्ता गर्न र ती पार्टीलाई चुनाव चिन्ह दिन प्रतिबन्ध लगायो । साथै, थ्रेसहोल्डको व्यवस्था गरी निर्लज्ज अधिनायकवादको अभ्यास गर्न पुग्यो । यसरी के स्पष्ट हुन गयो भने यस संविधानमा उल्लेखित संसदीय लोकतन्त्र र बहुलवाद हात्तीका देखाउने दाँत सिवाय अरु केही होइनन् ।

त्यसैगरी अहिलेको स्थानीय निवार्चनमा देखा परेका दुई प्रकारका परिघटना विशेष उल्लेखनीय रहेका छन् । पहिलो, जसरी पनि चुनाव जित्ने उद्देश्यमा केन्द्रित रही सरकार तथा प्रतिपक्षमा रहेका कथित ठुला भनिने दलहरुले आपसी तालमेलका लागि निकै मरिहत्ते गरे । यो ठुलै पार्टी बनिरहनका लागि गरिएको कसरत थियो । यदि ठुलै बनिरहनु छ भने बेग्ला-बेग्लै पार्टी र चुनाव चिन्ह किन चाहिए ? पार्टी नै एउटै बनाए काम सकियो । संसदीय व्यवस्थाको प्रतिपक्षको मान्यता पनि खारेज गरे भइहाल्यो । सारमा भन्नुपर्दा पहिलो कुरा त यो संसदीय व्यवस्था र त्यसका पक्षधर रजनीतिक दलहरुको असफलता र पतनको द्योतक हो । दोस्रो, चुनाव उपयोगका सन्दर्भमा कतिपय पार्टीका कतिपय उमेद्वार हरुमा पार्टीगत रुपमा एउटा चुनाव चिन्ह प्राप्त नभएको स्थितिमा कतिपय "ठूला" दलहरुको चुनाव चिन्ह लिएर चुनावमा उठ्ने र चुनावमा जसरी पनि जित्ने प्रवृत्ति देखा पऱ्यो । यो संसदवाद र दक्षिणपंथी संशोधनवादको दुष्प्रभावको परिणति हो ।

जेहोस्, सामान्यतः संसदीय निर्वाचन विशेषतः अहिलेको स्थिनिय निर्वाचनले उपयोग र बहिष्कार गर्नेलाई मात्र होइन संसदवादलाई नै चरम लक्ष्यका रुपमा लिने सत्ताधारी र प्रतिपक्षहरुलाई पनि उल्टो र सुल्टो दुवै रुपमा निकै गंभीर र उपयोगी पाठहरु सिकाउने गर्दछ र सिकायो पनि । दुई नम्बर प्रदेशका अनुभवहरुबाट सिक्नुपर्ने कुरा बाँकी नै छन् । मार्क्सवादीहरु क्रान्तिको लामो प्रक्रियामा सिक्तै र काम गर्दै अगाडि बढ्न चाहन्छन् । अहिलेको स्थानीय निर्वाचनमा हामीले पनि सकारात्मक र नकारात्मक दुबै रुपमा धेरै कुरा सिक्ने अवसर प्राप्त गऱ्यौं ।



## दैनिकी दुर्वाच्य...

रामचन्द्र हुमागाई



# नेपालमा खेताला लगानीकर्ता

भदौ १२ गते । प्रधानमन्त्री शेरबहादुर देउवा भारतको राजधानी नयाँदिल्लीमा चौथो पटक प्रधानमन्त्री भएको सन्देश दिंदै लम्पसार परेर हिजो स्वदेश त फर्किए तर मुखले 'उपलब्धिपूर्ण भएको भने पनि कताकता अन्तरमनमा उनी आफैं सन्तुष्ट नभएको उनैको अनुहारबाटै प्रष्ट भएको देखापऱ्यो । आफ्नै सहयात्री दल नेकपा भनिने माकेले पनि विरोध गरिदिंदा उनले चित्त नदुखाउँने कुरै भएन । तर, नाक घिरौंला जत्रो पार्न मुखमा जे आयो त्यै बोलिदिने सूचीमा दर्ज भएका देउवालाई कताकता ग्लानी हुनु त स्वभानिकै थियो । उनको मनमा पक्कै लागेको हुनुपर्छ साथी बिमलेन्द्र निधिहरूले जत्तिसुकै बल प्रयोग गरेर हुटिट्याउले सगर थाम्न खोजे पनि देउवाको मनखिन्न भएकै हुनुपर्छ, नत्र किन बर्रवराउँथे ।

भदौ १३ गते । नेपाली जनतालाई स्थानीय निकायको निर्वाचनपछि आमूल परिवर्त हुन्छ भन्ने लागेको थियो । प्रान्तिय र नयाँ सविधान अनुसार हुने भनिएको संसद्को निर्वाचन पनि भएपछि देशले स्वतन्त्रतामा फड्को मार्छ र विकासका सबैखाले भण्डारहरू खुल्छन् भनेर नै संसदवादी दलहरूको पछिलागेर मरिहत्ते गरेर निर्वाचन आयोगको मद्दाता सूचीमा आफ्नो नाम छुटेकोमा विहान पाँचबजे देखि लाइन लागेर नामावली समावेश गराएकोसम्म देख्न पाइयो तर स्थानीय तहको निर्वाचन सकिएको ३ महिना वितिसक्ता पनि नेपालको अवस्था पुरानै हालतमा गुज्रिरहेको छ । सबैभन्दा पुरानो महानगरपालिका भनिएको काठमाडौंमा दिउँसोको त कुरै नगरौं, साँझबिहान सडकमा हिंड्दा पनि एउटा गाडि कुद्यो भने लाखौंको सख्यामा कणहरू वर्सिएर पैदल हिड्ने मानिसको टाउकोमा असिना वर्सिए झैं बर्सिन्छन् र यात्री कुरुप नै हुन्छ । आश्चर्य लाग्छ, सँसारमा काठमाडौं महानगरपालिका मात्रै होइन, लाखौं सहरहरू छन्, ती सहरहरू मध्ये १५/२० वटा सहरमा यो पँतिकार पनि घुमेको छ । तर, किन यो काठमाडौं सहरले मात्रै यस्तो अवस्थाबाट मुक्ति पाउँन सकेको छैन ? सफाई गर्ने कर्मचारी नभएर भन्ने हो भने प्रति महिना लाखौं लाख सफाई खर्च भएको देखिन्छ । चुनावी नारा सुन्ने हो भने चुनाव जितेको भोलिपल्टै देखि सहर सफा भएको देख्न पाइन्छ, भनिएका नाराहरू कतैकतै देखिदै छन् । आखिर के भएको हो ? सहरवासीका समश्या कसले पो हो बुझिदिने ।

भदौ १४ गते । समाचार पनि अनौठा अनौठा आउँन थालेका छन् । हिजो आएको आर्थिक समाचारमा भनिएको छ, 'राष्ट्रिय वाणिज्य बैक र एन.आइ.डि. सि.बैंक गाभिने र माघ देखि संयुक्त कारोवार गरिने' । यो समाचार पढेर अरुलाई कस्तो लाग्यो कुन्नी मलाई त नौलो लाग्यो । यि दुबै बैक नेपाल सरकारको पूर्ण स्वामित्वमा संचलित बैंक हुन । एन. आई.डि.सि.त झन् अर्बौं रुपैयाँ डुवाएर बैंकमा परिणत भएको संस्था हो । यस्ता संस्थाबाट सरकारले लाभ लिनु भनेको वालुवामा खेती गरेर आम्दानी बढाउँनु सरह हो । बहुदलीय व्यवस्था आइसकेपछि आर्थिक कारोवार गर्ने संस्था र एन. जि. ओ र आइ. एन. जि.ओ. का पसल हेर्ने हो भने हरेक सहरका घरहरूमा ९०% साइनवोर्डहरू यिनैका छन् र ती सबै पुराना र नयाँ सामन्तीहरूले सँचालन गरेका छन्, । किसान, मजदूर र तल्लो वर्गका नागरिक यिनीहरूकै शोषणको तातो कराईमा तड्पीरहेका छन् । यिनीहरूलाई राजनीतिक धापले सँरक्षण गरेको छ । सही अर्थमा भन्ने हो भने सहकारी योजना भनेको सबै भन्दा निम्न वर्गका गरीबहरूको उत्थानका लागि तयार गरिएको सोच हो र संचालन पनि उनीहरूले नै गर्नुपर्ने हो तर बैकहरू सरकारी देखि नीजिक्षेत्रमा खुलेका सबै शोषणका लागि खुलेका छन्, जसको उधाहरण केही दिन अगाडी सार्वजनिक भएका बैंकहरूको नाफा प्रकरणबाटै प्रष्ट हुन्छ र नहिच्किचाई भन्दा हुन्छ, 'यि सबै खाले आर्थिक कारोवार गर्ने सँस्थाहरू पुराना व्याजमाराहरूका प्रतिनिधि पात्र हुन् जनताले एउटा वर्गको उथ्थानपछि मात्रै चालपाउँछ' । समयमै सोच्ने बाँनी हामीलाई परेको छैन ।

भदौ १५ गते । हिजो विहान बानेश्वरको कफी गफमा एकजना प्रहरीको उपल्लो ओहोदामा पुगेर अवकाश पाएका महानुभावले प्वाक्क भने, 'नेपालमा खेताला लगानी कर्ताको सँख्यामा निकै बृद्धि भएको छ' । म झसँङ भएँ, 'यि कस्ता खेताला लगानी कर्ता' । उनी भन्दै थिए, 'मोहन कृष्ण श्रेष्ठ (जो युद्ध ताका बिहान मर्निङवाकमा श्रीमान, श्रीमती सहित मारिए') को पैसा फलाना मार्फत लगानी भएको थियो, उनी मारिएपछि उसैको भयो । भु.प. शैनिक कमाण्डर गुरूङ सा'पको पैसा भाट्भटेनी बिशाल बजारले लगानी गरिरहेको छ, उनीहरू सम्धी–सम्धी हुन । पुष्प कमल दाहालको पैसा पराजुली (सुमार्गीले) परिचालन गरिरहेका छन्, त्यसको रेखदेख प्रकाश दाहालले गरिरहेका छन् । साथै हिजो आज निकै चुरीफुरीका साथ बजारका आएका केही पत्रिकाहरूले काँग्रस, एमाले र माओवादी केन्द्रको पैसा लगानी गरिरहेका छन् । अझै अदृश्य रुपमा आएको भारतीय पैसा नेपालमा लामै समय देखि बसोवास गर्दै आएका मारवाडीहरूले लगानी गरिरहेका छन् ।' उनको कुरा सुनेर म झसँङ भएँ, 'नेपाली जनताले लडेर ल्याएको गणतन्त्र कसका लागि रहेछ ?'

भदौ १६ गते । स्याललाई काल आयोभने सहर पस्छ रे । राजनीतिक पार्टीलाई काल आयोभने सरकारमा पस्छ रे । यस्तै–यस्तै कुराको खुलासा गरिरहन्थे लौह पुरुष गणेशमान सिंह । आखिर मृत्युवरण गर्दा आफैं जन्मदाता रहेको पार्टी नेपाली काँग्रेसबाट पनि विरक्तिएर साधारण नागरिक कै मृत्यु मनपराए उनले तर उनलाई त्यो अवस्थामा पुऱ्याउँनेहरूलाई लाजसम्म पनि लागेन । राजनीतिमा यस्तै–यस्तै हुनेरहेछ । हिजोआज त्यै काँग्रेसमा फेरि काल पसेको छ र गुटैगुटको एउटा झुण्ड बन्न पुगेको छ । हामीलाई लुतो न कनाई । तर, भ्रष्टाचारीले पनि आगामी निर्वाचनमा भागलिन पाउँनुपर्छ भन्दै निर्वाचन नियमावली नै पास हुन नदिनु भनेको राष्ट्रिय सरोकारको विषय हो । काँग्रेसका भ्रष्टहरूले यो कुरा नबुझ्दा आफैंलाई घाटा पर्ने त होइन ?

भदौ १७ गते । आज म पनि अरूलें झैं ट्वाल्ल परेर, 'स्थानीय तहको निर्वाचन सकियो, अब संघिय र केन्द्रको निर्वाचन पनि हुने पक्का भयो । त्यसैले देशले नयाँदिशा लिने भयो । आफूले नेपालको विकास निर्माण देख्न नपाए पनि आगामी पुस्ताले राम्रो अनुभव गर्ने भए' भनेर मख्ख परेर घोरिइरहेको थिएँ एकाएक अर्को दिमालेले गालामा च्वाट्ट चिमट्यो, 'ए मुर्ख ! खोइ स्थानीय तहको निर्वाचनले मान्यता पाएको ? खोई नियमावली पास भएका, अहिलेसम्म स्थानीय तहले बसेर काम गर्ने कार्यालय पाएका छैनन्, तलवभत्तामा मात्र रमाइरहेकाछन्, सँघियताको निर्वाचनपछि निर्वाचित पदाधिकारी कहाँ बसेर काम गर्छन् ? खोई संघियताको राजधानी तोकिएको ? एउटा सामाजिक काम गर्ने सस्थाको कार्यालय एक ठाउँबाट अर्को ठाउँमा सार्दा त रक्तपात हुने ठाउँमा राजधानी जस्तो महत्वपूर्ण स्थान तोकिंदा के नेपाली चुपचाप सहेर वस्लान् ? पूर्व भ्रष्टाचारीलाई निर्वाचनमा भाग लिन पाउँने कि नपाउँने भन्ने विषयमा सँसदमा भएको खिचडी पक्वानले अहिलेसम्म निर्वाचन कानुन बन्न सकेको छैन । त्यति सजिलो छ ? देशले स्थायित्व पाउँन ? अर्को २० वर्षपछि त्यो पनि नेताका नयाँपुस्तामा विवेक पलायो भने केही होला अन्यथा यो देशको उन्नतीको आसै नगर' पो भन्छ वा !

भदौ १८ गते । समाचार भन्दा समाचारपत्र धेरै भएको देशमा आज खास समाचार आएनन् । राजनीतिक कुकृत्यका मात्रै समाचार आए र आश्विन २ गते प्रदेश नं. २ मा हुन लागेको निर्वाचनमा झण्डै पाँचवटा राजनीतिक दलले 'आफ्नो पार्टी १ नम्वरमा आउँने' अड्कलवाजी गरिरहेका वेला मेरो दिमाग चाँही 'नेपालमा किन वेरोजगारी समश्या बढीरहेको छ' भन्ने तर्फ मोडियो । निकैवेर घेत्लिएपछि निष्कर्ष निस्कियो, 'नेपालको सरकारमा जो आए पनि सरकारी बजेट मन्त्री र मन्त्रीहरूलाई नपुग्ने, सरकारी निवासमा नअटाएर बाहिर डेरालिंदा पनि महिनाकै २ लाख घरभाडा सरकारले तिर्नुपर्ने, सामाजिक सुरक्षाको नाममा आधा भन्दा बढी वजेट खर्च गरिने, उद्योग धन्दामा लगानी गर्न सरकार कहिल्यै तयार नहुने, विदेशीले बनाईदिएका उद्योगहरू पनि ठुला पार्टीका ठुलै नेताले कौडीको भाउमा विक्रीगरिदिने, कृषिमा लगानी गर्न र बाबुको किरीया गरेको उस्तै मान्ने, यो वर्षको वाढीपहिरोमा मात्रै नौ अर्बको क्षति भएको अनुमान, कृषिको बजेत पनि जम्मा नौ अर्ब रहेको, यस्ता अनेक उत्पादनशिल योजनामा सरकार मौन बस्ने र मेनपावर कम्पनीका मालिक नेता वन्ने परम्परा पो देश भित्र र बाहिर मडारिइरहेको रहेछ त ! अनि किन वेरोजगार समश्याले देशलाई गाँज्दैन ?


शुभकामना

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम)को विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण हाम्रा शिक्षक, कर्मचारी, अभिभावक तथा विध्यार्थी वर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

यू.एन. कलेज परिवार

धरान-१६, अन्नपूर्ण लाइन, सुनसरी, फोन नं : ०२५-५२४१०४/८७७

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क

कृष्ण सुवेदी - ९८५१०१८९१२

राम के.सी. - ९८५१०५४२६४

होम छन्त्याल - ९८४१९०६५७२

गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ

बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-४२७०७०४, ४२७६३८१

तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर

काठमाडौं - ९८६६८३३३९९


खलंगा - ९८५१२४९९४८

किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

# आलोपालो

## सिंहदरबारमा संसदीय 'भाँड कुकायो'



● कुमार शाह

नेपालको पूर्वी पहाडमा 'भाँड कुकायो' भन्ने एउटा ठाउँ छ। भाँड कुकायोको अर्थ भाँड रोयो/करायो भन्ने हो । स्थानीय जनताको भनाइअनुसार भाँड समुदायका मानिसहरु मुग्लानतिर जान हिँडदै गर्दा एक ठाउँमा बास बस्न आइपुगेछन् । अर्को दिन बिहानै हिँड्न थाल्दा 'लौ गन्ती गरौं, हामी सबै छौं कि छैनौ ?' भनी आफूहरु माझ गन्ती गर्न सुरु गरेछन् । मुखियाले गन्ती गर्न सुरु गरेछ- 'एक, दुई, तीन, चार, पाँच, छ, खोई, खोई एकजना छैन त ? हामी सात जना पो हो त ।' फेरि अर्कोले गन्न सुरु गरेछ- 'एक, दुई, तीन, चार, पाँच, छ ... लौ मान्यो, को छुटेछ ?' हरेकले पालैपालो गन्दा पनि छजना भन्दाबढि कसैले भेटेन । को छुट्यो, को छुट्यो भन्दै खैलाबैला मच्चिएछ । उनीहरु एकले अर्कालाई अङ्गालो मारेर रुन थालेछन् । त्यहाँ भाँडहरुको दिनभर रुवाबासी चलेछ । कुरा के रहेछ भने उनीहरु सबैले अरुलाई गन्दै गर्दा आफूलाई गन्न बिर्सदा रहेछन् । त्यस ठाउँलाई आज पनि 'भाँड कुकायो' भनेर चिनिन्छ ।

यो त भयो पहिलेका एउटा समुदाय विशेषका निर्दोष भाँडहरुको कुरा । तर हालको यथार्थमा संसदीय राजनीति विशेषका कुटिल भाँडहरु सिंहदरवारमा कुकाइरहेका छन् । आश्चर्यको कुरा त के भएको छ भने कम्युनिष्ट दर्शनका अग्रज कार्ल मार्क्सले आजभन्दा अढाई शय वर्षअघि भनेका कुरा फेरि दृष्टान्तका रुपमा सतहमा देखा परेको छ । त्यो हो, पहिले गम्भीर दुखान्त (ट्रेजेडी) का रुपमा घटेको घटना अर्को पटक घट्दा हास्य (फार्स) का रुपमा अभिव्यक्त हुन्छ । ठीक आज सिंहदरवारमा यो हास्य पर्दाफास हुन पुगेको छ । त्यहाँ संसदीय भाँडहरु कुकाइहेका छन् । उनीहरु कुकाउनुको एक मात्र कारण हो ती सबै भ्रष्ट संसदीय भाँडहरुको निधारबाट 'भ्रष्टाचारी' को लेबल संसदको 'सर्वोच्चता' प्रयोग गरेर उप्काई फ्याँकियोस् । जेजसो गरेर भएपनि आफू चोखो भइयोस् ।

निर्वाचन आयोग, अदालत वा अरु कसैले पनि उनीहरुलाई उनीहरुकै पेवा संसदीय चुनावमा उम्मेदवार हुन र जेजसरी पनि जित हात पार्नबाट रोक्न नसकोस् । संसदीय भाँडहरुको यो कुकाइ 'संसदको सर्वोच्चता' अन्तर्गत विधायिकाको 'असल मनसाय' सहित संसदीय भ्रष्टहरुले 'उन्मुक्ति'को अहङ्कार डकार्दै चुनाव लड्ने विधेयक पारित गर्नु/गराउनुमा संकेन्द्रित रहेको छ ।

संसदीय भाँडहरुका लागि सात तले गहृगौंडाहरु पन्छिइसकेका छन् । एकतली वाचा, भ्रष्टहरुलाई सखापै पार्न दशवर्षसम्म 'वनबास' गएर फर्केको भष्मासुर संसदीय महाभाँड बनेर पुर्ख्यौली संसदीय भाँडको बुई चढेको छ । दुईतली वाचा, आजै संसदीय व्यवस्थाको विरुद्धमा कुनै क्रान्ति अघि बढिहाल्ला भन्ने संभावना र डर पनि देखिएको छैन । तीनतली वाचा, सर्पको खुट्टा सर्पैले देख्ने लोकमानलाई तह लागाइएको छ । चारतली वाचा, भ्रष्टाचारसँग सम्झौता नगर्ने प्रधानन्यायाधीश सुशीला कार्कीलाई 'महाअभियोग' लगाएर तर्साई एउटा हाउँको नजीर बसालिएको छ । पाँचतली वाचा, 'इण्डिया से दासमालिक के सम्बन्ध बरकरार रखो, नेपाल मे अपना मर्जी से जो भी करो' भनी उपरवालाको आशीर्वादसहित हात टाउकोमाथि परेको छ । छतली वाचा, यी सबै कुरालाई कानूनी आवरण दिन स्थानीय, प्रादेशिक र सङ्घीय पुनर्संरचनाको नाटक मञ्चन गरेपछि त संसदीय भाँडहरुको एकेक स्वार्थ सम्बोधन र हितरक्षाका खातिर आफूखुशी कानूनको निर्माण गर्ने मौका आइलागेको छ । सातलतली वाचा, मै हुँ स्थायी सरकार भन्ने कर्मचारी तन्त्रलाई केन्द्र, प्रदेश र स्थानीयतहतिर लखेट्दै मुखमा तातो आलु राखिदिएको छ । यति गर्दा पनि कसैले विरोध नै गर्न खोजेमा छदैंछ संसदको 'सर्वोच्चता' वा जनवरोधी सामन्तीदलाल पुँजीवादी अधिनायकत्व !

सातलतली वाचा नै पुऱ्याएपछि अब भने भैं कसो नहोला ? भ्रष्ट संसदीय भाँडहरु आफूलाई नछुटाउने पक्षमा छन् । किनकि आफै धामी आफै बोक्सोको नेपाली परम्परा गहिरो गरी बसेको छ। एक नम्बरका भ्रष्ट संसदीय वृत्तका अगुवाहरुका लागि मौका छ आफ्नै हातमा डाडुपन्ने, न'खा भनी कसले भन्ने ? । किनकि, त्यहाँ कूल, मूल र हूल नै भ्रष्ट छ ।

पार्टीका कार्यकर्ता वा समर्थक/शुभचिन्तक जनताले पनि विरोध गर्ने किन ? यति राम्रो व्यवस्थाको केन्द्र 'संसदीय भाँड कुकाउने थलो' अर्थात् सिंहदरवार जनताको घरदैलोमा पुऱ्याइएको भनिएको छ । घोषणापत्रको कभर लेटर त स्मरणीय नै छ ... गाउँनगरमा सिंहदरवार !!' हिजो २२ वर्ष पहिले २०५२ सालमा त्यही संसदीय सिंहदरवारका विरुद्ध युद्ध लड्यो । आज काङ्ग्रेस एमालेको कोखैमा बसेर जुठोपुरो खान पाएपछि दलालहरु कुकाउने सिंहदरवार उसका लागि गाउँगाउँमा पुऱ्याउनुपर्ने आदर्श बन्न पुग्यो । कति मजाको 'द' लाल आदर्श !!

नेपालका संसदीय भाँडहरु पुस्ताका हिसाबले लगभग सबै नै बाजे पुस्ताका छन् । यिनीहरुको उमेर ५० वर्षभन्दा माथि नै छ । करिब ८० प्रतिशतले साठी वर्ष पार गरिसकेका छन् । ६० वर्ष नाघेका असी प्रतिशत वा निकै बाक्लो सङ्ख्यामा रहेका यी संसदीय भाँडहरुले नेपालीको सरदर आयु साठी वर्ष भन्ने पनि सुनेको हुनुपर्छ । त्यसैले यिनीहरुले औंला भाँचेर वर्षको गणना गर्दैछन् 'यसपालाको प्रादेशिक र सङ्घीय चुनावमा उम्मेदवारी दिएर विजय हुन पाइएन भने पाँचवर्ष पछिको अर्को अवधिमा त मसानघाट ।' त्यसैले पनि यस्तो अभिशापपूर्ण विधेयक संसदबाट पारित नहोला भन्ने आशङ्का न्यून छ ।

नेपालको आन्तरिक राजनीतिक उथलपुथलको आश्चर्यजनक इतिहास पनि संसदीय भाँडहरुलाई हेक्का मात्र होइन, प्रत्यक्षतः अनुभूति पनि छ । २०१५ सालमा एकमना काङ्ग्रेसी सरकार बन्छ, २०१७ सालमा राजाद्वारा 'कु' भई पञ्चायती व्यवस्था आउँछ । २०२८ र ०३६ सालमा विद्रोह जन्मन्छ, सुधारिएको पञ्चायत आउँछ । २०४६ सालमा संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्था पुनर्स्थापना हुन्छ, २०५२ सालमा जनयुद्ध सुरु हुन्छ । अब यही हिसाब गरौं शासन व्यवस्था फेरिएको भनिएको सरदर पाँच वर्ष पनि नबित्दै सामाजिक परिवर्तनका लागि सशस्त्र गतिविधि सुरु हुन्छ किन ? भाँडहरुकै कारणले त होइन ?

थप कुरा, नेपालमा एक आश्चर्यको संयोग सुरु भएको छ । शायद यो व्यवस्थाको पनि दिन गन्ती सुरु हुँदै छ होला । जनताद्वारा अस्वीकृत राजा ज्ञानेन्द्रले 'अक्षम' भनी जेल हालेका तात्कालीन र हालका पनि प्रधानमन्त्री शेरबहादुर देउवा र जनवादी क्रान्तिलाई विसर्जन गरी जनतामाझ 'लालगद्दार' का रुपमा असफलताको पगरी गुथेका प्रचण्डको विचित्रको गठजोड बनेको छ । यसलाई फेरि नयाँ क्रान्तिको सुरुआतको सबैभन्दा उत्तम आधार निर्माण हुँदै गएको सङ्केतका रुपमा पनि लिन थालिएको छ ।

अर्को कुरा, अब संसदीय पार्टीहरुमा नेतृत्व गर्ने प्रायः भ्रष्टहरु बाहेक कोही पनि छैनन् । भ्रष्टहरुले संसदीय सर्वोच्चताको हतियार प्रयोग गरी उन्मुक्त भएर संसदीय चुनाव लड्न पाउनु पर्छ भनी विधेयक पारित गर्नसम्म हैसियत पुग्ने भएपछि संसदीय व्यवस्थाको उपादेयता त अब रहन गएन । स्मरण रहोस्, अन्तिम अवस्थामा नेपालमा राजतन्त्रको घोषित रुपमा 'अन्त्य' वा 'समाप्ती' गरिएन । जनयुद्धले यसका जराहरु उखेलिदिए पछि केन्द्रमा र अन्त्यमा स्वतः समाप्त भएर गयो । त्यसै गरी यो संसदीय व्यवस्था पनि जाँदै छ । पुनर्संरचनाको डङ्का पिटेर मात्र के गर्नु ? जनतामा निराशा भन्दा अरु केही छैन ।

तेस्रो स्मरणीय कुरा, २०५२ सालमा सुरु गरिएको जनयुद्ध राजतन्त्रका विरुद्ध मात्र परिलक्षित थियो भनेर भ्रममा नपरौं । यो युद्ध प्रत्यक्षतः संसदीय व्यवस्थाकै विरुद्धमा परिलक्षित थियो । जनयुद्ध सुरु गर्दाको पहिलो पोष्टरको मूल नारा नै संसदीय व्यवस्थाको अन्त्य गर्नु थियोः 'संसदीय व्यवस्थाको भ्रममा नपरौं, नयाँ जनवादी क्रान्तिको तयारी गरौं !' के जनयुद्धले राजतन्त्र बिनाजराको बनाएर बङ्लङ्ग पल्टाउने र संसदीय व्यवस्थाको चाहिं जरोबेलो खल्याङ्बल्याङ् नपारेर बचाइ राख्ने भएको होला त ? एक सेकेण्ड आँखा चिम्लेर सोचे मात्र पनि प्रशस्त पुग्छ ।

अन्त्यमा, जनताका माझमा बग्रेल्ती उठेका प्रश्नहरु : काङ्ग्रेसमाके गठजोड किन ?, दिल्लीको टाङमुनि लम्पसार किन ?, सुशीला कार्कीविरुद्ध महाअभियोग किन ?, लोकमानविरुद्ध संसदीय पार्टीहरुको गठजोड किन ?, एक मधेश प्रदेशको नाटक किन ?, दुई नम्बर प्रदेशको चुनाव सार्दै लगेको किन ? संविधान संशोधनको प्रक्रिया जारी छ भनेको किन ? आदि कुराको खास गुदी त मात्र संसदीय भाँड कुकाउने अर्थात्, भ्रष्टहरुलाई राजनीतिक उन्मुक्ति दिने चालबाजी रहेको खुलस्त हुन पुगेको छ । कार्ल मार्क्स भन्छन् : पुँजीवाद (नेपालको सन्दर्भमा दलाल पुँजीवाद) आफैले आफ्नो चिहान खन्ने वर्ग जन्माउँछ ।

## विचारधारात्मक संघर्षले ......

विपरित क्रियाकलाप अपनाउने र पार्टीलाई चोइट्याउनेसम्मका काम त गरी नै सके । यसो भनेर हामीले मनोगतवाद, उदारवाद र संकीर्णवाद विरुद्ध नजुधेका होइनौं तिनको विरुद्ध जुद्धै तिनलाई परास्त गर्दै यहाँसम्म आइपुगेका हौं र फेरिपनि यहाँ त्यो वितेका दुःखद घटनाको पीडा भन्दा यतिखेर 'मरेको मानिसको पिर भन्दा काल पल्केला' भन्ने चिन्ता हो अर्थात मनोगतवाद र संकीर्णतावादले एकपटक परास्त भएपछि फेरि पनि टाउको उठाउँछन् र तिनलाई फेरि पनि परास्त गर्नु पर्ने हुन्छ । निकतम भविष्यमा हुनगइरहेको हाम्रो पार्टीको राष्ट्रिय सम्मेलनले विचारधारा र कार्यशैली सम्बन्धी हाम्रो पार्टीका राम्रा परम्पराहरुलाई अघि बढाउनु पर्दछ। यसले मनोगतवाद रसंकीर्णतावाद विरुद्ध प्रभावकारी ढङ्गले जुध्नु पर्दछ र साथै नोकरशाहीको पनि विरोध गर्नुपर्छ ।

यहाँनिर कुरोको चुरो के हो भने हाम्रो पार्टीको संगठनात्मक संरचनालाई वर्गीय दृष्टिकोणले हेऱ्यौं भने हाम्रो पार्टीमा मुख्यतः मजदुरहरु र गरीब किसानहरु भन्दा सम्पन्न किसानहरु, मध्यमवर्ग र निम्न पूँजीपतिहरुको निकै ठूलो भाग रहिआएको प्रतित हुन्छ । हामी सबैको आँखा अगाडि खुलस्त रहेको कुरा के हो भने यिनीहरु सबै प्रायः सधैं नै ढुलमुलाउँछन् र उनीहरु उत्साहित भएको बेलामा उन्मादको अवस्थामा पुग्छन् अनि निराश भएको बेलामा चाँहि हतोत्साहका साथ मुन्टो लुकाउँछन्, यस प्रकार दृढ भएर क्रान्तिको पक्षमा खडा हुँदैन । धेरै जसो समय उनीहरु भन्नाले सम्पन्न मध्यम किसान उनीहरुको आँखा आफ्नो स्वामित्वमा रहेको सम्पतिको अनमोल टुक्रामा गाडिरहन्छ, जुन सम्पतिको रुपमा थोरबहुत जग्गा र कृषिजन्य औजार र चौपायहरु बाहेक केहि पनि हुँदैन । मध्यम र निम्न पुँजीपतिहरुको सहर बजारमा सानुतिनु एकाध घर घडेरी र सानुतिनु नोकरी र सानुतिनु बन्दव्यापारसँगै केही नगद-जाकड सिवाय अरु हुँदैन र नाफा नोक्सानको भावनाको वशमा पर्ने हुनाले यी मानिसहरु आफ्नो स्वामित्वमा रहेका यी चीजहरु गुम्लान कि भनेर असाध्य पिरोलिन्छन् । यिनीहरुको दाँजोमा गरीब किसानहरु फरक छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टीको सांगठनिक संरचना वर्गीय बनोटको दृष्टिबाट हाम्रो पार्टीमा मुख्यतः मजदुरहरु र गरीब किसानहरु अर्थात सर्वहारावर्ग र अर्धसर्वहारावर्गको बाहुल्यता रहेको हुनुपर्थ्यो । अर्धसर्वहारा वर्ग पनि निम्न पुँजीपति वर्ग नै हो तापनि यस वर्गका मानिसहरु मध्यम किसान समुदायका मानिसहरु भन्दा निकै नै बढी स्थिर हुन्छ । यसो भनेर मध्यम वर्ग र सम्पन्न मध्यम किसानहरुलाई अवमूल्यन गरी पार्टीबाट निरुत्साहित पारेर पठाउनु पर्छ भन्ने होइन । यस मामलामा मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोण अनुरुप सापेक्षित ढङ्गले क्रान्तिकारी कार्यादिशा निर्माणका साथ सिंगो पार्टी पंक्तिलाई एकताबद्ध पारेर नयाँ जनवादी क्रान्तिको पहलकदमी लिने भन्ने नै हो ।

क्रान्तिकारीहरुले अत्यन्तै महत्वका साथ बुझ्नुपर्ने कुरो भनेको अर्ध-सामन्ती तथा अर्द्ध-नवऔपनिवेशिक राज्यव्यवस्था कायम रहेको देशहरुमा नयाँ जनवादी क्रान्ति एक अनिवार्य सर्त हो र नयाँ जनवादी क्रान्ति भन्नु नै साम्राज्यवाद, विस्तारवाद तथा सामन्तवाद विरोधी पूँजीवादी-जनवादी क्रान्ति हो । सबैलाई थाहा भएको कुरा के हो भने साम्राज्यवाद, विस्तारवाद तथा सामन्तवाद विरोधी पुँजीवादी-जनवादी क्रान्तिको निमित्त अत्यावश्यक मजदुर-किसान, देशभक्त वामपन्थी तथा श्रमजीवी आम जनसमुदाय एकतावद्ध हुनु जरुरी छ । यो एक त्यस्तो क्रान्ति हो जसले जमिन्दारहरुबाट जमीन खोसेर भूमिहीन किसानहरुलाई बाँडिदिन्छ, जसले गर्दा उनीहरुलाई सामन्ती स्वामित्वबाट उन्मुलन गरी देशमा जनवादी (जनगणतन्त्रीय) राज्यव्यवस्था कायम गर्नुका साथसाथै समाजवादतिर लम्कने बाटो खन्न सुरु गर्नुपनि हो र यसो गर्नु आवश्यक पनि छ । अन्यथा जनवादी व्यवस्था विरोधी तत्वहरुले जनवादी राज्यव्यस्था भित्रैबाट टाउको उठाई विकृति र विसंगतिको भङ्गालो सृजना गर्ने प्रवल सम्भावना रहन जान्छ ।

विगतकालका सबै अनुभवले एउटा कुरा औंल्याएका छन्, त्यो के हो भने विचारधारात्मक संघर्षले निशानामा तारो हान्नै पर्छ । अर्थात विचार हरुको टक्कर हुनैपर्छ । पौराणिक लडाइमा जस्तै एक-आपसमा वैचारिक तरवारले घोचाघोच गर्नैपर्छ विचारको टक्कर भनेको यही हो । विचारहरुको टक्कर बिना हामी हाम्रा विचारमा स्पष्टता र समग्रता प्राप्त गर्न सक्दैनौं, र यो कुरा राम्रो होइन । अहिले नजिकिँदै गरेको यस राष्ट्रिय सम्मेलनमा विचारको टक्कर चलाई हामीले आफ्नो सोचाईमा स्पष्टता र समग्रता प्राप्त गर्न सक्नु नै पर्छ । यस पद्धतिको पहिलो फाइदा के हो भने यसले अधिकाँश कमरेडहरुलाई विभिन्न शंका उपशंका (प्रश्नहरु) को सम्बन्धमा स्पष्टता प्राप्त गर्न सघाउ पुऱ्याउँछ, अनि दोश्रो कुरा, गल्ती गरेका कामरेडहरुलाई गल्ती सच्याउन यसले सघाउ पुऱ्याउँछ ।

मलाई लाग्छ क्रान्ति सम्पन्न गर्न, कम्युनिस्ट र गैरकम्युनिस्टहरुको एकता नितान्त आवश्यक कुरा हो । मात्र क्रान्तिकारी कम्युनिस्टहरुको हातबाट क्रान्ति सम्पन्न हुन सक्छ भन्ने धारणा कसैले पालेर बसेको छ र हो भने यो धारणा क्रान्तिकारी कम्युनिस्टहरुको निमित्त सबभन्दा ठूलो र खतरनाक गल्ती हो । यसको उल्टो, जुनसुकै प्रकारको गम्भीर क्रान्तिकारी कार्यको सफलताको लागि क्रान्तिकारीहरुले वास्तवमा नै सजीव र प्रगतिशील वर्गको अग्रदलको भूमिका मात्रै खेल्न सक्छन् भन्ने कुरा बुझ्नु र यस कुरालाई जीवनमा लागु गर्नु आवश्यक छ । अग्रदलले त्यसबेला मात्र अग्रदलको भूमिका निभाउन सक्तछ, जब उ आफूले नेतृत्व गरेको जनसमुदायबाट नअलग्गिकन अगाडि बढ्न सक्छ र वास्तवमा नै जनसमुदायलाई अगाडि बढाउने क्षमता राख्दछ । विभिन्न कार्यक्षेत्रहरुमा गैरकम्युनिस्टहरुसँग मेलमिलाप नगर्ने हो भने कुनै पनि प्रकारको जनगणतन्त्रीय निर्माणबारे कुरै नगरे हुन्छ । सच्चा क्रान्तिकारी कम्युनिस्टहरुले यो अत्यन्तै गहनतम् महत्वको विषयलाई बिना संकोच कडाइका साथ आत्मासात् गरी व्यवहारतः नयाँ जनवादी क्रान्तिलाई उत्कर्षमा पुऱ्याई देशको आवश्यकता र जनताको चाहना अनुरुप संघात्मक जनगणतन्त्रीय, राज्यव्यवस्था कायम गर्नु नै आजको राष्ट्रिय आवश्यकता हो ।

०७४/०५/०४ ताहाचल, काठमाडौं

## अणुबम भन्दा शक्तिशाली......

गुणा शक्तिशाली हाइड्रोजन बम परीक्षण गरिएको छ ।' अन्तर्राष्ट्रिय विश्लेशकहरुले उत्तर कोरियाको पछिल्लो भनाईलाई सतर्कतापूर्वक लिनुपर्ने बताएका छन् । यद्यपि उत्तर कोरियाले पछिल्ला दिनमा आफ्नो परमाणु क्षमता तिव्र रुपमा विकास गर्दै लगेको छ ।

उसले गत वर्ष चौथो र पाँचौं परमाणु बमको परीक्षण गरेको थियो । संयुक्त राष्ट्रसंघको आर्थिक प्रतिबन्ध तथा अन्तर्राष्ट्रिय दबाब हुँदाहुँदै पनि उसले परमाणु अस्त्र तथा अमेरिकी मूल भूमिसम्म प्रहार गर्न सक्ने क्षेप्यास्त्रको परीक्षण गर्दै आएको छ ।

आइतबारको परीक्षणका कारण उत्पन्न भएको कृत्रिम भूकम्पको शक्ति उसले यसअघि पाँचौं परीक्षण गर्दाको समयको भन्दा ९.८ गुणा बढी भएको बताइएको छ । दक्षिण कोरिया र अमेरिकाले केही समयअघि मात्रै दक्षिण कोरियामा संयुक्त सैन्य अभ्यास गरेपछि मात्रै उत्तर कोरियाले लगातार आणविक परीक्षण जारी राखेको हो ।

गत अगस्टमा मात्रै उत्तरले प्रशान्त महासागर क्षेत्रमा रहेको अमेरिकी द्वीप गुआममाथि हमला गर्ने चेतावनी दिएको थियो । सोही कारण अमेरिका र उत्तर कोरियाबीच तनाव बढिरहेका बेला उसले अमेरिकी गतिविधिलाई हेरेर मात्रै थप निर्णय गर्ने बताएको थियो ।

उत्तर कोरियाले आइतबार गरेको शक्तिशाली परमाणु बमको परीक्षणपछि अन्तर्राष्ट्रिय क्षेत्रमा समेत तरंग उत्पन्न भएको छ । उत्तर कोरियालाई आफ्नो परमाणु कार्यक्रमबाट विमुख गराउँनका लागि राष्ट्रसंघ सुरक्षा परिषद र अमेरिकाले प्रतिबन्ध लगाउँदै आएका छन् । प्रतिबन्धका बाबजुद उत्तर कोरियाले आफ्नो परमाणु कार्यक्रमलाई निरन्तरता दिएको छ ।

आइतबारको परीक्षणपछि जापानले चीनमा रहेको उत्तर कोरियाको दूतावासमा विरोधपत्र पनि दर्ता गराएको छ । सो विरोधपत्रमा क्षेप्यास्त्र परीक्षणको त्रास र यसबाट उत्पन्न परिस्थिति कुनै पनि हालतमा क्षम्य नहुने जिकीर गरिएको छ ।

उत्तर कोरियाले अघिल्लो साता पनि जापानको समुद्रमा पर्नेगरी एक मिसाइल प्रहार गरेको थियो । जसका कारण जापानले गम्भीर रुपमा अन्तर्राष्ट्रिय कानूनको उल्लंघन भएको भन्दै उत्तर कोरियामाथि कडाभन्दा कडा कारबाही गर्न माग गरेको थियो ।


हार्दिक शुभकामना

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम)को विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण हाम्रा शिक्षक, कर्मचारी, अभिभावक तथा विध्यार्थी वर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. डिल्लीप्रसाद मेयाङ्बो (९८४२०३५३२१)
प्रो. लोकेन्द्र न्यौपाने (९८४२०५४३७९)

घोपा औषधी पसल

धरान-१८, क्याम्प गेट अगाडि, सुनसरी
(२४ सैं घण्टा खुल्ला रहने र सुपथ मूल्यमा विक्रि-वितरण गरिने)







**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।